# शैक्षिक प्रोफाइल
# Educational Profile
## २०७९



सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल



बढुवा भएका शिक्षकहरुलाई सम्मान कार्यक्रम




ERO का उपसचिव नारायण झाद्वारा विद्यालयको अनुगमन




शिक्षा विकास तथा समन्वय इकाई, सामाजिक विकास कार्यालयद्वारा SEE अनुगमन



प्रमुख जिल्ला अधिकारी सिता परियारज्यूद्वारा SEE परीक्षा सम्बन्धी छलफल



गाउँ शिक्षा समितिद्वारा विद्यालयको अनुगमन



राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा छनौट भई सम्पन्न भएको जनज्योति आ.वि. भवन



श्री बाल विकास आ.वि.मा विद्यार्थीहरु दिवा खाजा खाँदै



प्रारम्भिक बालविकास केन्द्र र सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताहरुको क्षमता विकास सम्बन्धी अभिमुखिकरण कार्यक्रममा सहभागिहरु

# शैक्षिक प्रोफाइल
# Educational Profile
## २०७९

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
**शिक्षा, युवा तथा खेलकुद शाखा**
सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल

## प्रकाशन समिति


**प्रकाशन** : प्रथम पटक २०७९

**प्रमुख सल्लाहकार** : विजय भण्डारी (अध्यक्ष)
**सल्लाहकार** : सुशीला रोकाया (उपाध्यक्ष)
: उजिर रोकाया (प्र.प्र. अधिकृत )

**सम्पादन समिति**
संयोजक : वर्ष बहादुर फडेरा (शिक्षा अधिकृत)
सदस्य : राजन रावत (शिक्षा समिति सदस्य)
: विशाल बोहरा (लेखा अधिकृत)
: कृष्णप्रसाद आचार्य (भाषाविज्ञ)
: काली बहादुर शाही (प्रधानाध्यापक)
: मेज बहादुर बुढा (प्रधानाध्यपक)

**प्रकाशक** : सिमकोट गाउँपालिका
**शिक्षा, युवा तथा खेलकुद शाखा**
सिमकोट, हुम्ला
**फोन नं.** : ०८७-६८००९४
**इमेल** : educationsimkot@gmail.com
**वेवसाइट** : www.simkotmun.gov.np


**सर्वाधिकार** : प्रकाशकमा


मुद्रण : **भवानी छापाखाना** (डिजिटल कलर प्रिन्टर्स)
वीरेन्द्रनगर, सुर्खेत (फोन नं. ०८३-५२१६१५)
E-mail: pressbhawani@gmail.com

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

# शिक्षा, युवा तथा खेलकुद शाखा

सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल

## शुभकामना

शिक्षा, युवा तथा खेलकुद शाखाले विद्यालय शिक्षक, विद्यार्थी तथा सम्बद्ध सरोकारवालाहरुका लागि अति उपयोगि शैक्षिक सूचना तथा जानकारीहरुका साथै महत्त्वपूर्ण शैक्षिक दस्तावेजहरु संग्लन राखेर शैक्षिक फाइल- २०७९ प्रकाशन गर्न लागेको थाहा पाउँदा खुसी लागेको छ। यसमा समाविष्ट गरिएको शैक्षिक सूचना र जानकारीहरुले सिमकोटको शैक्षिक अवस्थाको चित्रण गर्ने प्रयत्न गरेको देखिन्छ। यसबाट पालिकाको वर्तमान शैक्षिक अवस्था र भावी गन्तव्यको बारेमा समेत सरोकारवालाहरुलाई अवगत गराउन सहयोग पुग्ने देखिन्छ। पालिकाको शैक्षिक सुधार र उन्नयनका लागि गाउँ कार्यपालिका तथा गाउँ शिक्षा समितिले तर्जुमा गरेको शैक्षिक नीति विभिन्न कार्यविधि तथा निर्देशिकाहरुको प्रभावकारी कार्यान्वयनका लागि तत् तत् दस्तावेजहरुको सरोकारवालाहरुसम्म सम्प्रेषण गर्न वाञ्छनीय रहेको सन्दर्भमा यस **शैक्षिक प्रोफाइल** मार्फत उक्त अभिभारा पुरा गर्ने प्रयत्न गरिएको छ।
अन्तमा निकै मिहिनेतिका साथ तयार गरिएको यस शैक्षिक प्रोफाइलले शिक्षाका सरोकारवालाहरुका लागि आवश्यक सूचना र जानकारीहरु प्रवाह गरिने विश्वास लिएको छु। साथै यस प्रकाशनको लागि आवश्यक प्रयन्त गर्ने सम्पूर्ण लेखक तथा कर्मचारीहरुलाई धन्यवाद दिदै **शैक्षिक प्रोफाइल-२०७९** को प्रकाशकीय स्तरीयता र निरन्तरताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

.................
**विजय भण्डारी**
अध्यक्ष
सिमकोट गाउँपालिका, हुम्ला

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

# शिक्षा, युवा तथा खेलकुद शाखा

सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल

## शुभकामना

शिक्षा, युवा तथा खेलकुद शाखाले विद्यालय, शिक्षक विद्यार्थी तथा सम्बद्ध सरोकारवालाहरुका लागि उपयोगी शैक्षिक सूचना तथा जानकारीहरुका साथै महत्त्वपूर्ण शैक्षिक दस्तावेजहरु संलग्न गरेर **शैक्षिक प्रोफाइल -२०७९** प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुसी लागेको छ।

पहिलो पटक प्रकाशन गर्न थालिएको यस सिमकोट गाउँपालिकाको शैक्षिक प्रोफाइल प्रकाशनको निरन्तरता दिदै प्रकाशन गर्ने तयारीको प्रशंसा गर्दछु। यसबाट पालिकाको शैक्षिक सोच, गतिविधि र कार्यक्रमहरुलाई सरोकारवालाको तहसम्म सम्प्रेषण गर्न सहयोग पुग्न जाने देखिन्छ। जुन कार्यले शैक्षिक नीति र विधिको कार्यान्वयनमा सघाउ पुग्ने विश्वास गर्न सकिन्छ। महत्त्वपूर्ण शैक्षिक जानकारीको संगालोको रुपमा रहेको **शैक्षिक प्रोफाइल-२०७९** को प्रकाशनले शैक्षिक कार्यक्रमको प्रभावकारी अभिवृद्धि गर्न सघाउने अपेक्षा गर्दै यस प्रकाशनको तयारीमा संलग्न सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुप्रति कृतज्ञता अर्पण गर्दै प्रकाशनको गुणस्तरीयता र निरन्तरताको कामना गर्दछु।

..................

**सुशिला रोकाया**
उपाध्यक्ष
सिमकोट गाउँपालिका, हुम्ला

# सम्पादकीय

नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहको कार्यसूचीमा समावेश गरे पश्चात स्थनीय तहको शैक्षिक दायित्वमा अभिवृद्धि हुन गएको छ । यस अनुरुप विगतमा पूर्व प्राथमिक तहको शिक्षाको अनुमति सम्मको मात्र व्यवस्था गरिरहेको तत्कालीन स्थानीय विकासहरु परिवर्तित सन्दर्भमा स्थानीय तहको रुपमा माध्यमिक तहसम्मको कानून निर्माण देखि सोको कार्यान्वयन र विद्यालय तहको शिक्षाको व्यवस्थापन गर्न लागि परेको छन् । स्थानीय तहमा शैक्षिक प्रशासनमा संस्थागत, संरचनागत र जनसंख्यागत पूर्वाधारको कमीका कारण आम सर्वसाधरणको अपेक्षा मुताविक शैक्षिक सेवालाई प्रभावकारी रुपमा प्रवाह गर्न केही प्राविधिक र केही प्रशासनिक कठिनाइ सिर्जना हुन गएको देखिन्छ ।

स्थानीय तहलाई सुम्पिएको शैक्षिक कार्यभार बहन गर्न अधिकार तथा कार्य सुम्पने तर स्रोत साधन र संस्थागत क्षमताको विकास तर्फ ध्यान नदिने पुरानै रोगको पुनरावृत्ति फेरि पनि हुन गएको देखिन्छ । शिक्षक दरबन्दी मिलान र समायोजनका कार्यहरु द्रुत रुपमा हुनु पर्नेमा सो तर्फ अपेक्षित ध्यान आकर्षण हुन सकेको देखिदैन । जसले गर्दा शैक्षिक स्रोत साधनगत रुपमा देखिएको असन्तुलन उन्मूलन हुन सकेको छैन् । यद्यपी विविध चुनौति र कठिनाइका बाबजुद स्थानीय तहका शिक्षा शाखाहरु विद्यालयको व्यवस्थापनमा प्रयत्नशील देखिएका छन् । स्थानीय तहमा शैक्षिक सूचना प्रणाली व्यवस्थापन गर्ने देखि लिएर शिक्षक, विद्यार्थीको अभिलेख व्यवस्थापन परीक्षा र मुल्याङ्कनको व्यवस्थापन लगायतका क्षेत्रमा विभिन्न असल अभ्यास गरिरहेका छन् । साथै सम्पादित गतिविधि र प्राप्त नतिजाहरुलाई अभिलेखिकरण गर्न तथा शैक्षिक सूचना, जानकारी नतिजा आदिको एकीकृत रुपमा प्रकाशन तथा प्रसारण मार्फत सरोकारवाला प्रतिको शैक्षिक दायित्व निर्वाह गर्न शैक्षिक प्रकाशनहरु गर्ने कार्य समेत संस्थागत भएका छन् । यी कार्यहरु सिर्जना र अन्वेषणका आधार भुमिका रुपमा रहेका हुन्छन् । जसले शैक्षिक सुधार र विकासको विगतको समिक्षा गराइ पार सिक्न वर्तमानको शैक्षिक विरासतलाई झन उँचो बनाउन र शैक्षिक सुधार र उन्नयनको भविष्यलाई चम्किलो बनाउन यथेष्ट योगदान पुर्‍याउने देखिन्छ ।

निकर्षमा भन्नु पर्दा अब प्रत्येकले शैक्षिक सुधार र अन्वेषणको यात्रामा अनवरत रुपमा लागि पर्नु पर्दछ । यस यात्राको गन्तव्य नै नेपालको उत्कृष्ट शैक्षिक गन्तव्यका रुपमा सिमकोटको शैक्षिक विकास गर्नु हुनेछ । यसका लागि हरेक शिक्षकलाई सक्षम, समर्पित र अभिप्रेरित रुपमा शिक्षण कार्य सम्पादन गर्न प्रतिबद्ध रहदै उच्च शैक्षिक जवाफदेहिता बहन गर्न आव्हान गर्दछौं ।

**सम्पादक मण्डल**

# विषय सूचि


| क्र. सं. | विवरण | पेज नं. |
|---|---|---|
| १. | परिचय | १ |
| २. | विद्यालयीय शिक्षामा नैतिक शिक्षा | ७ |
| ३. | शिक्षक दरबन्दी मिलानको आवश्यकता र प्रभावकारीता | १४ |
| ४. | विद्यालयमा मनोसामाजिक परामर्शदाताको आवश्यकता | २२ |
| ५. | सिमकोट गाउँपालिकाको नेतृत्व र आगामि कार्यभार | २८ |
| ६. | निरन्तर मूल्याङ्कन पद्धती के ? किन ? कसरी ? | ३० |
| ७. | विद्यालयहरु र प्रधानाध्यापकहरुको विवरण | ३५ |
| ८. | प्रारम्भिक बाल विकासमा कार्यरत सहजकर्ताहरुको विवरण | ३६ |
| ९. | स्थायी, अस्थायी राहत शिक्षक विवरण | ३८ |
| १०. | विद्यालयमा कार्यरत विद्यालय कर्मचारी विवरण | ४२ |
| ११. | गाउँपालिका अनुदान कार्यरत शिक्षक विवरण | ४३ |
| १२. | विद्यालयहरुमा कार्यरत कार्यालय सहयोगी विवरण | ४४ |
| १३. | सामुदायिक सिकाइ केन्द्रहरुको विवरण | ४५ |
| १४. | सिमकोट गाउँपालिकाको शैक्षिक अवस्था | ४६ |
| १५. | सिमकोट गाउँपालिकाको शैक्षिक गन्तव्य | ४७ |
| १६. | गाउँ शिक्षा समितिको नामावली | ५१ |
| १७. | सामुदायिक विद्यालयहरुको विद्यार्थी विवरण | ५२ |
| १८. | सामुदायिक तथा संस्थागत विद्यार्थी विवरण | ५३ |
| १९. | सामुदायिक तथा संस्थागत विद्यालयका अपाङ्ग विद्यार्थी विवरण | ५५ |
| २०. | दलित विद्यार्थी विवरण | ५७ |
| २१. | जनजाती विद्यार्थी विवरण | ५९ |
| २२. | ब्राह्मण क्षेत्री विद्यार्थी विवरण | ६१ |
| २३. | अन्य विद्यार्थी विवरण | ६३ |

# परिचय

सिमकोट गाउँपालिका नेपालको कर्णाली प्रदेश अन्तर्गत हुम्ला जिल्लामा पर्दछ। यस गाँउपालिकाको स्थापना नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार तत्कालिन माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका ठेहे, बरगाउँ, सिमकोट, डाँडाफया र स्याडा गा.वि.स गरी ५ वटा गा.वि.स.समावेश गरी भएको हो। सिमकोट गाउँपालिकामा हाल ८ वटा वडाहरु कायम गरिएको छ। भौगोलिक रुपमा २९°५४" २ सेकेण्ड उत्तरी अक्षांश देखि ३०°२५" उत्तरसम्म र ८१°३८" पूर्वी देशान्तर देखि ८२°८" १० सेकेण्ड पूर्वी देशान्तरसम्म फैलिएको यो गाउँपालिका समुद्री सतह देखि ३५०० मीटर उचाईसम्म अवस्थित रहेको छ। यहाँको हावा पानी ठण्डा प्रकृतिको छ। यहाँको अधिकतम तापक्रम २९° सेल्सीयस, न्यूनतम तापक्रम माईनस २०° सेल्सीयस र औषत वर्षा ५५ मि.लि. रहेको छ। यो गाउँपालिका हुम्ला जिल्लाको सदरमुकाम सिमकोटमा अवस्थित छ। यस गाउँपालिकाको पूर्वमा तिब्बत, पश्चिममा बझाङ्ग जिल्ला, उतरमा नाम्खा र दक्षिणमा खार्पूनाथ गाउँपालिका पर्दछन्। सुन्दर प्राकृतिक बनोट, जैविक विविधताले भरिपूर्ण र विविधतापूर्ण जातिय पहिचान रहेको यस गाउँपालिकाको क्षेत्रफल ७८५.८९ वर्ग कि.मी र हुम्ला जिल्लाको कुल क्षेत्रफल मध्ये १५ प्रतिशत क्षेत्रफल यस गाउँपालिकाले ओगेटेको छ। उच्च पहाडी तथा हिमाली जिल्ला अन्तरगत रहेको यस क्षेत्रमा धरातलिय स्वरुपका हिसाबले उच्च पहाडी उपत्यकाभित्रको समथर क्षेत्र रहेका छन्। तथापि, होँचा तथा अग्ला पहाडी एवम् हिमाली श्रृंखलाको काखमा रहेको समथर भूबनोटका कारण यस गाउँपालिकामा विविधतायुक्त धरातलिय अवस्थिति रहेको छ।

गाउँपालिकाको केन्द्र साविकको सिमकोट गाविस अन्तर्गत सिमकोट बजारमा रहेको छ। पूर्ववत् रुपमा नेपालको मध्यपश्चिम विकास क्षेत्रमा पर्ने कर्णाली अञ्चलमा रहेको यो गाउँपालिका जिल्लाभित्रको प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि जिल्लामा एउटा निर्वाचन क्षेत्र रहेको छ। हालको वडामा समावेश साविक गाविस तथा गाउँपालिका र वडागत क्षेत्रफललाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका १ गाउँपालिका गठन**

| वडा नं. | समावेस साविका गाविस | क्षेत्रफल (वर्ग किमिमा) | प्रतिशत |
|---|---|---|---|
| १ | ठेहे (६-९) | ५७२.०१ | ७२.७३ |
| २ | ठेहे (१-५) | २.७२ | ०.३५ |
| ३ | बरगाउँ (१-९) | ४६.३५ | ५.८९ |
| ४ | सिमकोट (७-९) | २४.२५ | ३.०८ |
| ५ | सिमकोट (३-६) | ६.८५ | ०.८७ |
| ६ | सिमकोट (१-२) | ३.९९ | ०.५१ |
| ७ | डाँडाफया (१-९) | ३९.६५ | ५.०४ |
| ८ | स्याँडा (१-९) | ९०.७ | ११.५३ |
| जम्मा | | ७८६.५२ | १०० |

श्रोतः सिमकोट गाउँपालिकाको Website

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार सिमकोट गाउँपालिकामा कुल घरपरिवार संख्या ३००७ र जनसंख्या १२१३० छ जसमा पुरुषको संख्या ६१०१, महिलाको संख्या ६०२९ र औषत घरपरिवार आकार ४.०३ रहेको छ। राष्ट्रिय जनगणना २०६८ र घरपरिवार सर्वेक्षण २०७६ बीच जनसांख्यिक सूचकहरूको तुलना गर्दा घरपरिवार संख्या, जनसंख्या तथा औषत परिवार आकार बढेको देखिन्छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कुल घरपरिवार संख्या २५६६ र  जनसंख्या ११५५७ एवम् औषत परिवारको आकार ४.५ जना प्रति परिवार रहेको थियो । गाउँपालिकाको बस्तुगत विवरण र घरपरिवार सर्वेक्षण २०७६ अनुसार कूल घरपरिवार संख्या २४४५ र जनसंख्या १५,७२७ रहेको छ। त्यसैगरी, औषत घरपरिवार संख्या ६.४३ जना प्रति परिवार रहेको छ। यस सम्बन्धी वडागत विवरण देहाय बमोजिम रहेको छ।

**तालिका २ वडागत घरपरिवार तथा जनसंख्या विवरण**

| वडा नं. | राष्ट्रिय जनगणना २०६८ अनुसार | | | | | घरपरिवार सर्वेक्षण २०७६ अनुसार | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरपरिवार | जनसंख्या | | | औसत घरपरिवार आकार | घरपरिवार | जनसंख्या | | | औषत घरपरिवार आकार |
| | | जम्मा | पुरुष | महिला | | | जम्मा | पुरुष | महिला | |
| १ | १३८ | ७७७ | ४१३ | ३६४ | ५।६३ | १८९ | १२२३ | ६६५ | ५५८ | ६।४७ |
| २ | ३०५ | १५६७ | ७९० | ७७७ | ५।१४ | ३५१ | २१६१ | १०१९ | ११४२ | ६।१६ |
| ३ | १६९ | ७३८ | ३९६ | ३४२ | ४।३७ | ३०३ | १८२७ | ८७३ | ९५४ | ६।०३ |
| ४ | १३४ | ६६४ | ३३६ | ३२८ | ४।९६ | १९८ | १४२६ | ७२९ | ६९७ | ७।२० |
| ५ | ६१८ | १९७० | १०५९ | ९११ | ३।१९ | ३१२ | १७०० | ८८३ | ८१७ | ५।४५ |
| ६ | ४९७ | १७०७ | ८९४ | ८१३ | ३।४३ | १८२ | १६२० | ८९८ | ७२२ | ८।९० |
| ७ | ३६८ | २०९८ | १०५४ | १०४४ | ५।७० | ४५० | ३०१८ | १५९५ | १४२३ | ६।७१ |
| ८ | ३३७ | २०३६ | १०२६ | १०१० | ६।०४ | ४६० | २५५२ | १३३३ | १२१९ | ५।५५ |
| जम्मा | २५६६ | ११५५७ | ५९६८ | ५५८९ | ४।५ | २४४५ | १५७२७ | ८१९५ | ७५३२ | ६।४३ |

श्रोतः राष्ट्रिय जनगणना २०६८, गाउँ वस्तुगत विवरण २०७६ र घरपरिवार सर्वेक्षण, २०७६

## १. पृष्ठभुमि

नेपालको संविधान,२०७२ ले शिक्षासम्बन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ। यसै गरी राज्यका निर्देशक सिद्धान्तमा शिक्षालाई नागरिकका आधारभूत आवश्यकताको रुपमा वर्गीकरण गरी सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व रहेको विषय प्रष्ट पारिएको छ । नेपाललाई अल्पविकसित राष्ट्रहरुको सूचीबाट मुक्त गराई विकासोन्मुख राष्ट्रको सूचीमा समावेश गराउन एवम् दिगो विकासका लक्ष्य अनुरुप समावेशी र समन्यायमा आधारित शिक्षा सबैमा पुऱ्याउन समेत शिक्षा क्षेत्रको विकास अपरिहार्य छ । शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रुपान्तरणको संवाहकका रुपमा विकास गर्ने, सबै तह एवम् विधाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने, शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवम् व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी आर्थिक सामाजिक विकासका लक्ष्यहरु हासिल गर्ने तर्फ शिक्षा क्षेत्रका निति तथा कार्यक्रमहरु उन्मुख रहेका छन् । आर्थिक वर्ष २०७९/८०  सम्ममा कक्षा एक मा बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिका ७४.९ प्रतिशत, प्राथमिक तह (१-५)को खुद भर्ना दर ९६.९ प्रतिशत, आधारभूत

तह (१-८) को खुद भर्ना दर ९५.१ प्रतिशत तथा माध्यमिक तह (९-१२) को खुद भर्नादर ५४.३ प्रतिशत र दोहोऱ्याउने दर ७.६ प्रतिशत रहेको छ। यसैगरी खुद भर्नादरमा लैङ्गिक समानतामा पनि उल्लेखनीय प्रगति भएको छ। यस्तो समानता प्राथमिक तहमा ०.९९, आधारभूत तहमा १.०० र माध्यमिक तहम ०.९९ रहेको छ। १५ देखि २४ वर्ष उमेरको साक्षरता ८८.६ प्रतिशत पुगेको छ।

## २. प्रमुख समस्या

सबैका लागि गुणस्तरिय पहुँच सुनिश्चित गर्न नसकिनु,विशेष तथा लक्षित समुहका बालबालिकाको पहुँच सुनिश्चित गर्न नसकिनु, भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गदै अपेक्षित रुपमा सिकाइ उपलब्धि हासिल हुन नसक्नु,तहगत,क्षेत्रगत एवम् विषयगत रुपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु , प्राविधिक शिक्षालाई शिक्षाको मुल धारको रुपमा विकास गर्न नसकिनु,तोकिएको शैक्षिक वर्षमा तह पार गर्नेको सकस हुनु, बजारको माग अनुसार जनशक्ति उपलब्ध नुहनु,उत्पादित जनशक्तिले पनि योग्यता अनुसारको रोजगारी प्राप्त गर्न नसक्नु,शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभूति गर्न नसकिन, सार्वजनिक लगानीका शैक्षिक संस्थाको उचित व्यवस्थापन , प्रतिभाको पलायन नियन्त्रण जस्ता विषयहरु शिक्षा क्षेत्रमा प्रमुख समस्याका रुपमा रहेका छन् ।

## ३. चुनौती तथा अवसर

**चुनौती**

शिक्षाका सबै तहमा गुणस्तर अभिवृद्धि गर्ने,शिक्षालाई व्यावसायिक तथा रोजगारीमुलक बनाउने, सबै तहको शिक्षालाई समतामुलक र समावेशी बनाउने,प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई आम नागरिकको पहुँचसम्म पुऱ्याउने, शिक्षकहरुको माग र आपूर्तिबीच सन्तुलन कायम गर्ने,लगानी अनुरुपको प्रतिफल सुनिश्चित गर्ने, संविधान प्रदत्त शिक्षासम्बन्धी हकहरुको उपभोग गर्ने साथै समग्र शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने कार्य चुनौतिपूर्ण छ।

**अवसर**

सबै तह र विधाका शैक्षिक पूर्वाधारहरुको विस्तार भएको, महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्तकृत समुदायका बालबालिका र विद्यार्थीहरुको सबै तहमा भर्ना दरमा उल्लेखनीय रुपमा वृद्धि भएको, साधारण शिक्षाका अतिरिक्त माध्यमिक र उच्च शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमको विस्तार भएको र उच्च शिक्षासम्म प्राविधिक तथा व्यावसायिक धारलाई विस्तार गर्न मार्ग प्रशस्त भएको छ। यस्तै समुदायमा शिक्षाप्रतिको आकर्षण बढेको, शैक्षिक सूचना प्रणाली र शैक्षिक सुशासनका लागि आधार शिला तयार भएको साथै शिक्षण सिकाइ क्रियाकलापमा सुचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार भएको आदि कारणहरुले गुणात्मक शिक्षाको विकास गर्ने अवसर सिर्जना भएको छ।

## ४. सोच, लक्ष्य, उदेश्य, रणनीति र कार्यनीति तथा प्रमुख कार्यक्रमहरू

### ४.१ सोच

“शिक्षामा सबैको पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी, मानव पूँजीको विकास।”

## ४.२ लक्ष्य

- सबैलाई जीवनोपयोगी शिक्षाका अवसरहरु प्रदान गर्दै जीवनपर्यन्त सिकाइ उन्मुख तथा नवप्रवर्तनशील शैक्षिक प्रणाली विकास गर्ने ।
- गाउँपालिकाको आवश्यकता अनुरुप गुणस्तरीय, व्यावसायिक र सीपयुक्त शिक्षा प्रदान गर्ने ।
- रोजगारी एवम् स्वरोजगारी लागि सीपमूलक शिक्षाको विस्तार गर्ने ।

## ४.३ उद्देश्य

- शिक्षामा समतामूलक अवसरहरु सुनिश्चित गर्दै शिक्षालाई सीपयुक्त, समय-सान्दर्भिक र गुणस्तर युक्त बनाउनु ।
- वैकल्पिक उपायहरुको अवलम्बनबाट सबै तह एवम् प्रकारको शिक्षा र सीपमूलक तालिममा पहुँच अभिवृद्धि गर्नु ।
- शैक्षिक प्रशासनमा निरन्तर सुधार र सुशासनलाई संस्थागत गर्नु ।

## ४.४ रणनीति

- जीवनपर्यन्त शिक्षा, अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क आधारभूत र माध्यमिक शिक्षा पद्धतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- रोजगारी र उद्यमशीलता विकास गर्न प्राविधिक र व्यवसायिक शिक्षाको विस्तार गर्ने ।
- सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने ।
- आर्थिक रुपले विपन्न,लोपोन्मुख र सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरुको शिक्षामा पहुँच सुनिश्चित गर्ने ।
- उच्च शिक्षालाई पहुँच योग्य, प्रतिस्पर्धी र अनुसन्धानमूलक बनाउने ।
- सार्वजनिक र निजी तहबाट प्रदान गरिने शिक्षाबीचको गुणस्तरमा रहेको अन्तर घटाउने ।

## ४.५ कार्यनीति

- साक्षरता तथा साक्षरोत्तर कार्यक्रमहरुको समन्वयात्मक रुपले विकास, योजना तथा सञ्चालनका लागि स्थानीय सरोकारवालाहरुसँग सहकार्य गरिनेछ।
- अनौपचारिक शिक्षा र औपचारिक शिक्षा सुनिश्चित गर्न खुला एवम् वैकल्पिक शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न खुला एवम वैकल्पिक शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।
- शिक्षक दरबन्दी मिलान कार्यलाई प्रभावकारी रुपमा अघि बढाई विद्यालयहरुमा शिक्षकहरुको समतामूलक वितरण सुनिश्चित गरिनेछ।
- शिक्षा क्षेत्रमा निजी क्षेत्रको सहभागितालाई थप व्यवस्थित र नियमन गर्ने तथा निजि र सार्वजनिक विद्यालयका शिक्षाको गुणस्तरको अन्तरलाई कम गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- विद्यालय शिक्षामा जीवनोपयोगी तथा व्यवहार कुशल सीप र मूल्यमा आधारित शिक्षालाई समेट्ने गरी पाठ्यक्रमको परिमार्जन गरी कार्यान्वयनमा ल्याइने तथा कक्षा १-८ को पाठ्यक्रम स्थानीय रुपमा विकास गरिनेछ।

- निजी क्षेत्र,गैरसरकारी क्षेत्र र विकासका साझेदारहरुसँगको सहकार्यबाट प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका अवसरहरु विस्तार गरिनेछ ।
- पूर्वप्राथमिक कक्षा र प्रारम्भिक बालविकाससँग सम्बन्धित सिकाइ सामग्रीहरुको स्तर तथा सान्दर्भिकता सुनिश्चित गरी तिनलाई बालविकास केन्द्रका बालबालिकाको स्तर अनुरुप बनाइनेछ ।
- विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि तथा विद्यार्थीको सिकाइ सुनिश्चितताका लागि भाषालाई शिक्षण सिकाइको माध्यमका रुपमा अपनाई शिक्षामा स्थानीय भाषिक नीति अवलम्बन गरिनेछ ।
- विद्यार्थीको सिकाइ अभिवृद्धिका लागि निरन्तर मूल्याङ्कन पद्धति तथा प्रारम्भिक बाल कक्षामा पढाई सीप विकास विधिहरुको प्रभावकारी उपयोग गर्दै लगिनेछ ।
- विद्यालय तहको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन र जवाफदेहिता सुनिश्चित गर्न विद्यालयहरुको सञ्चालन तथा कार्यसम्पादनस्तरको वार्षिक रुपमा कार्य सम्पादन परीक्षण गर्ने र कार्यसम्पादनमा आधारित व्यवस्थापन तथा लगानीको प्रावधान लागु गरिनेछ ।
- शिक्षकहरुको प्राज्ञिक उन्नयन एवम् पेशागत विकासका लागि माग तथा आवश्यकता आधारमा छोटा तथा मध्यम अवधिका तालिम सञ्चालन गरिनेछ ।
- जनसङ्ख्या र भूगोलको आधारमा विद्यालयहरुको नक्साङ्कन गरी पुनसंरचना गरिनेछ ।
- सबै प्रकारका शैक्षिक संस्थाहरुको भौतिक अवस्थामा सुधार गरी विपद्प्रतिरोधी बनाइनेछ । विद्यार्थीहरुको सिकाइमा विपद् व्यवस्थापन विषयहरु समावेश गरिनेछ ।
- दलित,छात्रा,जनजाति,लोपोन्मुख जातजाति,गरिब तथा जेहेन्दार विद्यार्थीहरुका लागि आवश्यकताका आधारमा छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- विद्यालय भवन निर्माणका नमुना डिजाइनहरु बहु प्रकारका विपद्प्रति संवेदनशील र अपाङ्गमैत्री हुने गरी बनाइनेछ ।
- आधारभूत तहको परिक्षालाई मर्यादित बनाउन स्थानीय सहकार्य एवं सहमति निर्माण गरिनेछ ।

### ४.६ प्रमुख कार्यक्रमहरु

#### क. प्रारम्भिक बालशिक्षा

- चार वर्ष उमेर समुहका सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अवसर प्रदान गर्न विद्यालय संरचना भित्रै प्रारम्भिक बालशिक्षा सञ्चालन ।
- समुदाय केन्द्रित गरी नयाँ पूर्व-प्राथमिक विद्यालय विस्तार ।
- प्रारम्भिक बालशिक्षालाई व्यवस्थित सञ्चालनका लागि आवश्यक पर्ने शैक्षिक सामग्री व्यवस्थापन अनुदानको व्यवस्था ।
- पूर्वप्राथमिक शिक्षकको क्षमता विकास तथा प्रारम्भिक बाल शिक्षा कार्यक्रमको दिगो तथा गुणात्मक विकासका लागि सहकार्य ।

#### ख. आधारभूत शिक्षा

- आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन ।
- तोकिएका कक्षाहरुमा विद्यालय दिवा खाजा कार्यक्रम, छात्रवृत्तिका कार्यक्रमहरु, वैकल्पिक शैक्षिक कार्यक्रम ।
- समयमै निःशुल्क पाठ्यपुस्तक वितरण ।
- गुणस्तर सुधारका लागि न्यूनतम सिकाइ वातावरण निर्माण ।

- शिक्षक व्यवस्थापन,पद तथा दरबन्दी मिलान,शिक्षक तालिम ।
- बालमैत्री शिक्षण सिकाइ प्रवर्द्धनका लागि सिकाइ सामग्री अनुदान, प्रारम्भिक कक्षामा पढाइ सीप विकास कार्यक्रम, बहु वर्ग शिक्षण, मातृभाषामा शिक्षा ।
- पुस्तकालय तथा सिकाइ कुना स्थापना ।

**ग. माध्यमिक शिक्षा**

- माध्यमिक शिक्षामा पहुँच तथा टिकाउ दर बढाउन न्यूनतम सिकाइ वातावरण तयार गर्ने कार्यक्रम सञ्चालन ।
- माध्यमिक शिक्षामा गुणस्तर अभिवृद्धिका लागि नमुना विद्यालयको विकास तथा सञ्चालन।
- विद्यालयमा प्रधानाध्यापकको छुटै पदीय व्यवस्था ।
- शिक्षक तालिम,विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापना ।
- कक्षा ९ देखि नै व्यवसायिक र प्राविधिक शिक्षाको पहुँच विस्तार ।

**घ. अनौपचारिक शिक्षा**

- सामुदायिक अध्ययन केन्द्रमार्फत साक्षरता कार्यक्रम सञ्चालन गरी सबै वडालाई साक्षर घोषणा गरी गाउँपालिकालाई साक्षर गाउँपालिका घोषण गर्ने कार्यक्रम ।
- सामुदायिक अध्ययन केन्द्रको क्षमता विकास गरी निरन्तर शिक्षा कार्यक्रम सञ्चालन ।
- अनौपचारिक शिक्षाबाट प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण ।

**ङ. शैक्षिक व्यवस्थापन**

- शैक्षिक संस्थामा नयाँ बन्ने भौतिक संरचनाहरुलाई विभिन्नखाले विपद् प्रतिरोधी तथा अपाङ्गमैत्री बनाउने र समग्र शैक्षिक व्यवस्थापन सुधारका लागि केन्द्र देखि स्थानीय तहसम्मका जनशक्तिको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

## ५. अपेक्षित उपलब्धी

कार्ययोजनाको अन्त्यमा १५ देखि २४ वर्ष उमेर समुहको साक्षरता दर ९७ प्रतिशत पुगेको हुनेछ। कक्षा एकमा बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिकाहरुको सङ्ख्या १०० प्रतिशत पुगेको र आधारभूत तह कक्षा १-८ को खुद भर्नादर ९८ प्रतिशत तथा माध्यमिक तह कक्षा ९-१२ को खुद भर्नादर ९५ प्रतिशत पुगेको हुनेछ। साथै , कक्षा ८ र १० को टिकाउ दर क्रमश : ९० र ८० प्रतिशत पुगेको हुनेछ। सबै वडाहरुमा सामुदायिक अध्ययन केन्द्र स्थापना भएको हुनेछ। गुणस्तरीय प्राविधिक तथा व्यावसायिक तालिमको पहुँचका लागि आधार सुनिश्चित भएको हुनेछ।

# विद्यालयीय शिक्षामा नैतिक शिक्षा
# अवधारणा, अभ्यास र चुनौति



**विजय भण्डारी**
अध्यक्ष
सिमकोट गाउँपालिका, हुम्ला

**लेखसार**

औपचारिक शिक्षामा मानिसको वास्तविक जीवनको सिकाइको सुरुवात विद्यालयबाट हुने हुनाले विद्यार्थीको असल आनीबानी तथा मूल्यको विकास गर्न विद्यालयको स्थान उच्च मानिन्छ। विद्यालययीय शिक्षामा नैतिक शिक्षा अध्ययन अध्यापन गर्नुको मुख्य उद्देश्य बालबालिकाको व्यक्तित्व विकास गरी भावी जीवनमा सदाचारयुक्त नागरिक तयार गर्न तत्पर बनाउनु हो। नेपालमा औपचारिक रुपमा विद्यालय सञ्चालन भएदेखि हाल सम्म नैतिक शिक्षालाई कहिले एकल विषयका रुपमा त कहिले अन्तरसम्बन्धित विषयका रुपमा अन्य विषयसँग समायोजन गरी अभ्यस्त बनाउँदै आइरहेको छ। पछिल्ला दिनमा अन्य विषयमा विधागत रुपमा प्रासाङ्गिक तवरबाट र सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षामा अन्तरसम्बन्धित विषयका रुपमा नैतिक शिक्षाका विषयवस्तु समायोजन गरिएको छ तापनि थुप्रै सैद्धान्तिक तथा व्यावहारिक चुनौति रहेका देखिन्छन्। नेपाली समाजमा खस्कँदो नैतिक धरातलका कारणबाट विभिन्न सामाजिक,साङ्गठनिक प्रकृतिका बग्रेल्ती विकृति तथा विचलन फैलिदै गएका छन। जबसम्म विद्यालयीय शिक्षालाई उच्च नैतिकतायुक्त एवम् सदाचारयुक्त नागरिक उत्पादन गर्ने थलो बनाउन सकिदैन तबसम्म दिगो शान्ति, सुशासन,भ्रष्टाचारमुक्त समाजको परिकल्पना गर्न सकिदैन । चुनौतिलाई समाधान गरी सदाचारयुक्त समाजका रुपमा रुपान्तरण गर्नका लागि अल्पकालिन,मध्यकालिन तथा दीर्घकालीन रणनीतिसहित अगाडि बढनुपर्दछ।

## १. विषय प्रवेशः

औपचारिक शिक्षामा विद्यालय व्यवहार परिमार्जनको केन्द्र हो। विद्यालयले व्यवस्थित मानव जीवनका लागि अभ्यस्त बनाउँदै व्यक्ति तथा राज्यको शैक्षिक, आर्थिक,सामाजिक, सांस्कृति तथा राजनीतिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँछ। यसका लागि उत्पादित जनशक्ति नैतिकता र सदाचारयुक्त हुनुपर्दछ। मानिसको वास्तिक जीवनको सिकाइको सुरुवात विद्यालयबाट हुने हुनाले विद्यार्थीको असल आनीबानी तथा मूल्यको विकास गर्न विद्यालयको स्थान उच्च मानिन्छ। विद्यालयमा विद्यार्थीलाई नम्रता, विनयशिलता, कर्तव्य परायणता तथा नीति नियम एवम् स्वीकृत व्यवस्थाहरुका लागि उपयुक्त हुने व्यवहार निर्माण गरिने भएकोले विद्यालयको स्थानमा उत्तिकै आवश्यक पर्ने र समाज एवम् राज्यलाई सुशासित तुल्याउने भएकाले नैतिक शिक्षा लोकप्रिय र बहुप्रतिष्ठित विषय पनि हो। विद्यालय तहको शिक्षा जीवनका अत्यावश्यक सिपको निर्माण गर्ने र परिवार, समाज र देशलाई योगदान दिनका लागि तयारी गर्ने शिक्षा पनि हो। यो समाजका रीतिरिवाज वा परम्परा र संस्थाको आचारसंहिता भन्दा अन्तर आत्माको आवाज सम्मिलित अस्तित्वबोध समेत हो। मानव जीवनका लागि नभइ नहुने मूल्य, मान्यता, आचारण, व्यावहारिक सिप, शील तथा स्वभाव विकास गर्ने र तिनीहरुलाई प्रयोग गर्न सक्षम बनाउने शिक्षाका रुपमा यसलाई लिने चलन प्राचीन समय देखि चलि आएको हो। नेपालमा औपचारिक रुपमा विद्यालय सञ्चालनमा नहुँदा समेत शिक्षाका परम्परागत

माध्यमबाट धार्मिक प्रकृतिका नैतिक शिक्षाका विषयका माध्यमबाट सिकारुलाई सक्षम बनाउने प्रचलन थियो । औपचारिक रुपमा विद्यालय सञ्चालन भएदेखि हालसम्म नैतिक शिक्षालाई कहिले एकल विषयका रुपमा त कहिले अन्तरसम्बन्धित विषयका रुपमा नैतिक शिक्षाका विषयवस्तु समायोजन गरिएको छ । यहाँ विद्यालय शिक्षामा नैतिक शिक्षाका विविध पक्षलाई नियाल्दै नेपालमा यसको अवस्थालाई केलाउने प्रयास गरिएको छ ।

## २. नैतिक शिक्षाको महत्त्वः

नैतिक शिक्षाले दुई प्रमुख पक्षलाई समेट्छ । पहिलो "नैतिक शिक्षा सामाजिकिकरण" हो,जसको अर्थ बालबालिकामा समाज अनुकुल तालिम र पालनपोषण गर्ने मुख्य मान्याता, मूल्य र सदगुणहरु हुन् । आफ्नो जीवन सक्षम बनाउने विषय दोस्रो पक्षसँग सम्बन्धित छ । यसले बौद्धिक स्रोत, सीप र दक्षता विकास गर्दै राम्रोसँग सूचित र जिम्मेवार नागरिकका लागि सक्षम बनाउँछ । यिनै विषयलाई हेर्दा नैतिक शिक्षाको महत्त्वलाई देहाय अनुसार प्रस्तुत गर्न सकिन्छः

- समाजमा दिगो शान्ति र अमैनचयन कायम गर्नका लागि हरेक मानिसमा नम्रता, विश्वासनियता, इमानदारिता, विवेकशिलता, सहनशिलता जस्ता गुण हुनु जरुरी हुन्छ । यसको विकास मूल्यमा आधारित नैतिक शिक्षाले गर्न सक्छ । नैतिक शिक्षाले व्यक्ति, समाज र राज्यका लागि उपयुक्त व्यवहारमा लागु गराउने कार्य गर्दछ ।
- नैतिक शिक्षा लोकतान्त्रिक विकासका लागि अति आवश्यक हुन्छ । लोकतन्त्रमा व्यक्तिगत आचरण, सदाचारयुक्त व्यवहार, मूल्य मान्यताप्रतिको अनुराग, सामाजिक न्याय, वैयक्तिक स्वतन्तता, समानताका लागि समता, बन्धुत्व निकै महत्वपूर्ण रहन्छन ।
- यिनीहरुले नै लोकतन्त्रलाई भिडतन्त्र बन्नबाट मुक्त गराउँछन । नैतिक शिक्षाका माध्यमबाट मूल्यमान्यता र कुसल व्यवहारयुक्त नागरिक तयार गर्न सकिन्छ । त्यसैले नैतिक शिक्षालाई लोकतन्त्रको आधार समेत भन्ने गरिन्छ ।
- विश्वमा भइरहेको द्धन्द्ध झैझगडा विवाद एवम् युद्ध शमन गर्न तथा विवादित विषयलाई शान्तिपूर्ण तवरबाट समाधान गर्नका लागि नैतिक शिक्षा एक अमूल्य अस्त्र हो । शान्तिको विकल्प शान्ति नै हो यसको अर्को विकल्प छैन । विकल्प विहिन शान्ति स्थापना गराउनका लागि व्यक्तिको व्यवहारसँगै अन्य व्यक्ति, समुदाय, रीतिस्थिति,सामाजिक तथा व्यक्तिगत अपेक्षालगयतका विषयमा सहकार्य, समन्वय र स्वानुभूति हुनु जरुरी हुन्छ, जुन कुरा नैतिक शिक्षाले मात्र सम्भव बनाउँछ ।
- सुशासनका लागि व्यक्तको आचारण, स्वभाव तथा व्यहार परिमार्जन सबै भन्दा महत्वपूर्ण विषय हुन । यसका लागि असल र खराब छुट्याउने क्षमता बढाई खराब कर्मबाट असलतिर लाग्ने प्रेरणा उत्पन्न गराउँछ । नैतिकताले असल व्यक्तित्व विकास गरी असल नागरिकको भूमिका निर्वाह गर्न सक्ने बनाउँछ । यसले राज्य व्यवस्थाका हरेक क्रियाकलापलाई जनउत्तरदायी र नतिजामुलक बनाउने हुनाले यो भ्रष्टाचारमुक्त समाजको सिर्जना गर्न यसको महत्व छ ।
- नैतिक शिक्षाले बालबालिकामा असल व्यवहारको अभ्यास गर्ने वातावरण सिर्जना गर्दछ । शिक्षक, विद्यार्थी, शिक्षासम्बद्ध समुदाय र राज्यको सम्मान यसैबाट सम्भव छ । यसले मानव जीवनलाई एकाङ्की रुपमा नहेरी चराचर जगतलाई समग्रतामा लिने भएकाले समग्र पारिस्थितिक प्रणालीको सन्तुलन हुने गरी विकास गर्न सिकाउँछ ।

## ३. नैतिक शिक्षाका उद्देश्यहरुः

विद्यालयीय शिक्षामा नैतिक शिक्षा अध्ययन अध्यापन गर्नुको मुख्य उद्देश्य बालबालिकाको व्यक्तित्व विकास गरी भावी जीवनमा सदाचारयुक्त नागरिक तयार गर्नु हो । बालबालिकामा नैतिक व्यवहार प्रवर्धन गरी सुव्यवस्था कायम गर्ने र समाजमा जिम्मेवार ढङगले प्रस्तुत हुन सक्ने बनाउने यस शिक्षाको मुख्य उद्देश्य यस प्रकार छनः

- विद्यामान विद्यालय शिक्षा पद्धतिमा विद्यार्थी लगायत यस क्षेत्रमा अन्य सरोकारवालामा उच्च नैतिक व्यवहार

प्रदर्शन, सावधानीपनको अभिवृद्धि, स्वाभिमान तथा जवाफदेहिताको प्रवर्धन गर्न दक्ष बनाउने ।

- बालबालिकामा नैतिक व्यवहारको लेखाजोखा, असल खराबको समुचित मूल्याङ्कन र निर्णय तथा निर्णयको व्यावहारिक उपयोगका लागि समालोचनात्मक चिन्तन, विवेक प्रशंसा, सहानुभूति तथा स्वानुभूति जस्ता बौद्धिक क्षमताको परीक्षण र प्रयोगका लागि नैतिक सिद्धान्त, मूल्य, मान्यता तथा विचारको परीक्षण गर्ने क्षमता विकास गर्ने ।
- विद्यार्थीमा विभिन्न मूल्य, मान्यता एवम् आस्थाका आयाम तथा सोको नैतिक पुष्टिका लागि मान्यताको एकीकरण र खोज गर्न सक्ने तुल्याउने जीवनका मूलभूत मूल्य, मान्यता तथा मर्मको पहिचान एवम् स्वमूल्यको अनुभूतिसहित बालबालिकालाई आधारभूत मूल्य पहिचान गर्न निर्देशित गर्ने बालबालिकालाई आफू र आफ्नो वरिपरिको समाज र वातावरणप्रति सकारात्मक सोच, सिर्जनात्मक सहयोग र समाजको विविधताको सम्मान र स्वानुभूति गर्न सक्ने बनाउने
- पूर्वज तथा वरिष्ठ नागरिकले समुदाय, राज्य वा विश्वमा पुऱ्याएको योगदानको आत्मसातीकरण गरी शान्त, समृद्ध तथा भविष्योन्मुख सोचयुक्त नागरिक तयार गर्नु ।

## ४. विद्यामान व्यवस्था तथा अवस्था

### (क) नीति तथा कानूनी व्यवस्था

#### नेपालको संविधान

नैतिकता, सदाचार र सुशासनको धरोहरका रुपमा रहेको नेपालको संविधानको धारा ५१ (ट) न्याय र दण्ड सम्बन्धी नीतिको (३) मा राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिक लगायत सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने भन्ने व्यवस्था रहेको छ

#### राष्ट्रिय शिक्षा नीति, २०७६

नीतिले उद्देश्य अन्तर्गत गुणस्तरीय माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्कता, अध्ययनशीलता,सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी, सिपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्नु भन्ने किटान गरी सदाचार गुणसहितको जनशाक्ति तयार गर्ने उल्लेख गरेको छ ।

#### विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा विद्यालय शिक्षाका उद्देश्यहरु किटान गरिएका छन । जस अनुसार राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, सामाजिक तथा साँस्कृतिक विविधतालाई सम्मान गर्ने,चरित्रवान,नैतिकवान एवम् जिम्मेवार नागरिक तयार गर्ने उल्लेख गरिएको छ भने पाठ्यक्रमको संरचना अनुसार तहगत सक्षमता समेत किटान गरिएको छन् । विशेष गरी नैतिकता अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक र मानव मूल्य, मान्यता एवम् चारित्रिक र नागरिक गुणको विकास गर्ने विषय आधारभूत तहका विभिन्न कक्षाका सक्षमताका रुपमा किटान गरिएको छ भने माध्यमिक तह (कक्षा ९-१२) तर्फ मानवीय मूल्य,मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन सक्षमता उल्लेख गरी नैतिक शिक्षासँग सम्बद्ध बनाइएको छ ।

#### शिक्षा नियमावली, २०५९

शिक्षा ऐन,२०२८ को आधारमा तयार गरिएको शिक्षा नियमावली २०५९ (संशोधनसहित) को परिच्छेद २२ अन्तर्गतको नियम १३३ मा शिक्षकले पालन गर्नुपर्ने आचारसंहिता र नियम १३४ मा विद्यार्थीले पालना गर्नुपर्ने

आचारसंसहिता उल्लेख छ। जस अनुसार शिक्षकले विद्यार्थीलाई योग्य नागरिक बनाउने उद्देश्य लिई अध्ययन र अध्यापनलाई आफ्नो मुख्य लक्ष्य सम्झनु पर्ने एवम् आज्ञाकारिता, अनुशासन, सदभावना, सहयोग, सदाचार, सहानुभूति, धैर्य र सच्चरित्रतालाई प्रोत्साहन दिनुपर्ने विषय उल्लेख छ भने विद्यार्थीले अनुशासित बन्नु पर्ने, आदर गर्ने तथा सबैसँग शिष्ट व्यवहार गर्नुपर्ने विषय उल्लेख छन।

उपयुक्त कानून तथा नीतिका अलावा नैतिकता कायम गरी नेपाली समाजलाई सदाचारयुक्त बनाउन थुप्रै नीति,ऐन तथा कानून तर्जुमा गरी कार्यान्वयन गरिएको छन्। उक्त सबै नीति,ऐन तथा कानून विद्यालयीय शिक्षासँग प्रत्यक्ष एवम् परोक्ष सम्बन्ध राख्दछन।

### (ख) कार्यक्रमिक व्यवस्था

सदाचारयुक्त विद्यालयीय शिक्षालाई व्यवस्थित तुल्याउनका लागि पाठ्यक्रम पाठ्यसामग्री तर्जुमा र विकास गर्ने विकल्पसहितका विभिन्न माध्यमबाट सिकाई सहजीकरण गर्ने, अनुगमन तथा सहजीकरण गर्ने लगायतका विभिन्न कार्यक्रम सञ्चालनमा रहेका छन।

### (ग) संरचनागत व्यवस्था

विद्यालयीय शिक्षाका कार्यान्वयन थलो विद्यालय हुन। करिब पैंतिस हजार विद्यालय देशका हरेक कुनामा छरिएर हरेका छन। ७५३ वटा स्थानीय तहमा रहेका शिक्षा युवा तथा खेलकुद शाखा, ७७ जिल्लामा रहेका शिक्षा विकास तथा समन्वय इकाईका साथै प्रदेश तथा सङ्घमा समेत विद्यालय शिक्षाका लागि नीति तर्जुमा गर्ने, दिने, पाठ्यक्रम तथा पाठ्यसामग्री लागु गर्ने गराउने, सहजीकरण गर्ने लगायतका कार्य गर्दै आएका छन।

## ५. विद्यमान समस्या एवम् चुनौती

### (क) विषयगत अवधारण सम्बन्धी चुनौती

विद्यालयमा नैतिक शिक्षालाई छुटटै विषयका रुपमा राखिनुपर्छ भन्ने मत समेत व्याप्त रहेबाट यसको अवधारणगत बुझाईमा एकरुपताको अभाव छ। पाठ्यक्रममा यसको व्यवस्थापन गर्दा समेत कहिले छुट्टै विषयका रुपमा त कहिले अन्य विषयसँग समायोजन गर्ने गरिएकाले थप अन्यौलता सिर्जना गर्न पुगेको हो। खराब र सत्य कहिलेकाँही सापेक्ष समेत भइदिने र हाम्रो जस्तो बहुधार्मिक, बहुसांस्कृति, बहुवैचारिक तथा बहु आस्था भएको मुलुकमा विषयवस्तु तथा मान्यतागत एकरुपता कायम गर्न असहज भएको हुन सक्छ। यसका लागि कुनै निश्चित धर्म, सम्प्रदाय, विचार भन्दा पनि प्राचिन तथा आधुनिक आस्थासहित साझा मूल्य र मान्यताको सम्मिलन जरुरी हुन्छ।

### (ख) व्यावसायिक तथा शैक्षिक पद्धतिसम्बन्धी चुनैती

नैतिक शिक्षा सदाचार शिक्षा हो। यो जीवनोपयोगी र व्यवहार परक हुन्छ। त्यसैले यसमा नीति सम्मत ज्ञानका साथै व्यावहारिक सिपको सम्मिश्रण हुनुपर्छ। नवीकृत पाठ्यक्रम नै व्यवहारपरक हुन सक्छन। विद्यालय तहमा राखिएका कतिपय विषयवस्तु अन्धानुकरण गरिएका व्यवहार र सिपमा खासै जोड नदिएका बालबालिकाको चाहाना र व्यवहार प्रतिबिम्बन नभएका भन्ने गुनासा प्राप्त छन। शिक्षण सिकाइ पाठ्यक्रम भन्दा बाहिर जान नसकेको खुला रुपमा सिक्ने सिकाउने तौरतरिका नभएको नैतिकता र सदाचारिताका विषयमा अतिरिक्त तथा सहक्रियाकलापका रुपमा सिकाउने प्रचलन नरहेकाले तय भएका विषय समेत व्यवहारिक सिप विकासमा सफल हुन सकिरहेका छैनन्।

### (ग) अनुकरणीय पात्र र सोको भूमिका सम्बन्धी चुनौती

नैतिक शिक्षा सिकाउनपूर्व नैतिकवान् मान्छे पहिचान गर्नुपर्छ ताकि हाम्रो शिक्षाले बनाउन खोजेको मान्छे देखाउन सकियोस् (विल्सन,१९६७)। उक्त अवस्था भयो भने मात्र नैतिक शिक्षा प्रभावकारी हुन सक्छ। अनुकरणीय पात्रका माध्यमबाट सिकाइ अन्तरक्रियात्मक तथा सहभागितात्मक हुन सक्छ तर अन्तरक्रियात्मक तथा सहभागितात्मक सिकाइ नहुनु, समस्या समाधानमा खासै जोड नदिनु तथा सिकाइ प्रक्रिया समेत आपूर्तिपरक हुनु अर्को चुनौती हो।

### (घ) लोकतान्त्रिक क्रियाकलापसम्बद्ध चुनौती

विद्यालय लोकतन्त्रका जग हुन्। सार्वजनिक नैतिकता, विधिको शासन,पारदर्शिता र उत्तरदायित्व जस्ता सुशासनका आधारभूत विषयवस्तुसहितको शिक्षण सिकाइका यावत क्रियाकलाप लोकतान्त्रिक विधि अनुसार सञ्चालन हुनुपर्दछ। हाम्रा विद्यालय सिकाइका केन्द्र बन्न नसकेको सिकाइका लागि बाह्य तथा आन्तरिक वातावरण विद्यार्थीमैत्री नभएको सिकाइ लोकतान्त्रिक आचरण र अभ्यासको प्रचलन अनुकुल नभएको तथा दण्डरहित शिक्षाको अभ्यासले अझै पूर्णता प्राप्त गर्न नसकेको लगायतका चुनौती हाम्रा सामु छन्।

### (ङ) सिकाइ सामग्रीसम्बद्ध चुनौती

प्रभावकारी सिकाइका लागि छपाइ तथा डिजिटल रुपका पर्याप्त सिकाइ सामग्रीमा सबैको पहुँच आवश्यक हुन्छ तापनि विद्यार्थी तथा शिक्षकका लागि विविध प्रकृतिका सामग्री विकास नहुनु, विकसित सामग्रीमा परम्परागत र आधुनिक चिन्तनको समायोजन कम हुनु, सामग्रीमा सिप परिमार्जनका लागि स्तरीय क्रियाकलाप अपर्याप्त हुनु र सामग्रीमा विविधताको सम्बोधन कम हुनु,भएका सामग्रीको प्रयोगमा प्रयोगकर्ताको ध्यान नजानु जस्ता विषय चुनौतीपूर्ण रहेका छन्।

### (च) जनशाक्ति विकास तथा दक्षता नवीकरण सम्बन्धी चुनौती

आचरण तथा सदाचारयुक्त शिक्षण सिकाइका लागि सिकाइ सहजकर्ता सर्वगुण सम्पन्न हुनुपर्दछ। नैतिक शिक्षाको व्यावहारिक कार्यान्वयनका लागि परिवार, समाज र विद्यालय उत्तिकै महत्त्वपूर्ण हुन्छन तापनि सबै विद्यालय तथा विद्यालय वरपरको समुदायमा अनुकरणीय स्रोत व्यक्ति पाउन कठिन छ। शिक्षक तालिम र जनशाक्ति विकासमा खासै लगानी नभएको अवस्था छ। नैतिक शिक्षा जोसुकैले दिन सक्छ भन्ने भ्रम अझै हट्न सकेको छैन। एकातिर दक्ष जनशाक्तिको न्यून उपलब्धता छ भने उपलब्ध जनशाक्ति सैद्धान्तिक ज्ञानयुक्त मात्र छ।

### (छ) निरन्तर सिकाइ तथा अनुपोषणसम्बन्धी चुनौती

सदाचारका लागि निरन्तर सिकाइ र पृष्ठपोषण आवश्यक हुन्छ। एक पटकको प्रयासले मानव व्यवहारमा स्थायित्व आउन सक्दैन। विद्यालयका शिक्षण सिकाइ व्यवहार परिमार्जनका लागि नभई परीक्षामुखी मात्र भएको भन्ने गुनासो सबैको छ। निरन्तर सिकाइ र सोका आधारमा सबलीकरण अभ्यास नभएका कारण सिप र सिकाएको व्यावहारिक पक्ष आँकलन नगरिएको र निरन्तर अनुगमन तथा पृष्ठपोषण नहुने गरेको हो। त्यति मात्र नभई छलफल तथा प्रवचनमा जति वकालत गरिए पनि यसको लागि आवश्यक स्रोत,साधन र लगाव प्राथमिकतामा परेको छैन।

## ६. समस्या तथा चुनौती समाधानका उपाय

- नैतिक शिक्षाका सन्दर्भका उपयुक्त तथ्यबाट विद्यालयीय शिक्षामा थुप्रै सैद्धान्तिक तथा व्यावहारिक चुनौती रहेको देखिन्छ । यी चुनौतीलाई समाधान गर्न तथा नेपाली समाजलाई सदाचारयुक्त समाजका रुपमा रुपान्तरण गर्नका लागि अल्पकालीन,मध्यकालीन तथा दीघकालीन रणनीतिसहित अगाडि बढनुपर्ने हुन्छ । उपयुक्त चुनौती सम्बोधनका लागि केही उपाय देहाय अनुसार हुन सक्छन् ।
- नैतिक शिक्षालाई परम्परागत अवधारणबाट मात्र नहेरी परम्परागत तथा आधुनिक मान्यताको मिश्रणका रुपमा लिने र सबैका आम सहमतिको विषय बनाई अवधारणगत स्पष्टता कायम गर्ने ।
- पाठ्यक्रम तथा पाठ्यसामग्रीमा व्यवहार उपयोगी सिप प्रदान गर्ने मौलिक विषयवस्तु व्यवस्थापन र सम्पादन गर्ने, बालबालिकाको चाहना र व्यवहार प्रतिबिम्बन भएको सुनिश्चिता गर्नका लागि निरन्तर रुपमा विद्यार्थीसँग अन्तरक्रिया गर्ने र प्राप्त पृष्ठपोषणका आधारमा विषयवस्तुको पुनःसङ्गठित गर्ने कामलाई निरन्तर रुपमा जारी राख्ने ।
- पाठ्यक्रम विकासका क्रममा निर्धारण हुने सक्षमता मापनीय र व्यवहारपरक बनाउने । बालबालिकामा नैतिक प्रतिबिम्बन, जागरुकता, स्वायत्तता, जिम्मेवारी र करुणालाई उत्प्रेरित गर्ने गरी पाठ्यक्रम व्यवस्थापन गर्ने तथा विद्यार्थी मूल्याङकनका लागि व्यवहार परिमार्जनलाई आधार बनाउने,आन्तरिक मूल्याङक मात्र गर्ने र यस खालका सक्षमताको लिखित परीक्षा नलिने व्यवस्था गर्ने ।
- अध्ययन अनुसन्धानमा आधारित छपाइ तथा डिजिटल सामग्री विकास गर्ने, विकसित गरिएका सामग्री हरेक विद्यार्थी तथा अभिभावकसम्म पुग्ने गरी छपाइ तथा वितरण प्रणाली व्यवस्थित बनाउने र सामग्री पुग्न नसक्ने स्थानमा आमसञ्चारका साधनको प्रयोग गरी  वैकल्पिक पद्धति अपनाउने ।
- निर्देशित सिकाइ भन्दा खुला, स्वतन्त्र, बालमैत्री तथा स्वसिकाइ हुने गरी शिक्षण विधिको प्रयोग गर्ने यसका लागि समुदाय, वातावरण र सम्पूर्ण जगतलाई सिकाइको विषयवस्तु र सिकाइ थलाका रुपमा प्रयोग गर्ने गराउने दक्ष जनशाक्तिको विकास र उपयोग गर्ने ।
- शिक्षण सिकाइलाई सिपपरक बनाउन अनौपचारिक तथा खुला सिकाइ विधिको उपयोग गर्ने, विद्यालयभित्र वा बाहिर समेत सदाचार,नैतिकता विषयमा सह तथा अतिरिक्त क्रियाकलाप आयोजना गर्ने गराउने व्यवस्था मिलाउने ।
- अनुकरणीय स्रोत व्यक्तिका माध्यमबाट सहजीकरण तथा पृष्ठपोषण प्रदान गर्नका लागि व्यक्तिको पहिचान,प्रशिक्षण तथा परिचालन गर्ने ।
- सामग्री विकास,छपाइ तथा  वितरण,शिक्षक तालिम,नैतिकतायुक्त सिप नवीकरण तथा उपयोगका लागि आवश्यक स्रोत साधनको पहिचान परिचालन,सहकार्य,समन्वय र दक्ष जनशाक्ति परिचालन गर्ने गराउने ।

## ७. निष्कर्ष

नैतिक शिक्षा आम सरोकारको विषय हो । असल नागरिक बन्नका लागि यसको अपरिहार्यतालाई अस्वीकार गर्न सकिदैँन । लोकतन्त्रको दिगो विकासका लागि व्यक्तिगत आचारण, सदाचारयुक्त व्यवहार,मूल्यमान्यता प्रतिको अनुराग, सामाजिक न्याय, वैयक्तिक स्वतन्त्रता, सकमानताका लागि समता, बन्धुत्व ज्यादै महत्त्वपूर्ण रहन्छन् । नैतिक शिक्षाले हरेक बालबालिकामा सदाचार, नमुना अनुशासन, स्वावलम्बन, असल र सत्यप्रतिको मोह, सहानुभूति,विश्वबन्धुत्व,मर्यादा तथा आत्मसम्मान, चरित्र निर्माण,सचेत,संवेदनशील,कर्तव्यपरायण लगायतका माध्यमबाट लोकतन्त्रका साथै चराचर जगतको दिगो व्यवस्थापनका लागि तत्पर रहन र विश्व शान्तिको स्थापना गर्ने व्यावहरिक सिपको विकास गराउँछ । विद्यालयीय शिक्षा पद्धतिमा यसको महत्त्व अन्य विषय भन्दा फरक र उच्च हुने

भएकाले यसलाई आम चासोका रुपमा लिने गरिएको हो । नेपाली समाजमा खस्कँदो नैतिक धरातलका कारणबाट विभिन्न सामाजिक,मनोसामाजिक,साङठनिक प्रकृतिका बग्रेल्ती विकृति तथा विचलन फैलिँदै गएका छन् । जबसम्म विद्यालयीय शिक्षालाई उच्च नैतिकतायुक्त एवम् सदाचार युक्त नागरिक उत्पादन गर्ने थलो बनाउन सकिँदैन तबसम्म दिगो शान्ति,सुशासन,भ्रष्टाचारमुक्त समाजको परिकल्पना गर्न सकिँदैन । लामो समयदेखि बालबालिकालाई नैतिकवान् बनाउने र नेपाललाई शान्त,सुरम्य र समृद्ध बनाउने प्रयास स्वरुप नैतिक बलयुक्त सामुदायिक वातावरण सिर्जना गर्ने प्रयास गरिएको छ तापनि अवधारणगत,शैक्षिक तथा व्यावसायिक चुनौती,सामग्रीसम्बद्ध चुनौतीलागयतका विभिन्न चुनौती हाम्रासामु छन् । यी चुनौतीको सामना गर्नका लागि लगाव,स्रोत, साधनले सम्बोधन गर्नुपर्दछ । समाजलाई मानवकल्याणको केन्द्र बनाउन विद्यालयलाई ज्ञान र व्यवहार परिमार्जनको प्राज्ञिक तथा व्यवहार परिमार्जनको कार्यशालाका रुपमा रुपान्तरण गर्नुपर्दछ । यसका लागि स्थानीय तह,प्रदेश तथा सङघ तहबाट समेत आपसी सहकार्य,समन्वय र सझेदारी जरुरी रहन्छ । परिवार,समाज र विद्यालयको मात्र जिम्मेवारीका रुपमा नलिई समाज र देश परिवर्तनको साझा दायित्वका रुपमा यसलाई ग्रहण गर्नुपर्दछ । सबैको समग्र प्रयास र बलले बालबालिकाको यस खालको व्यवहारमा परिमार्जन गर्न र देखिने परिवर्तन गर्न सम्भव हुन्छ ।

**सन्दर्भ सामग्रीहरु**


- अधिकारी, तारानाथ (२०७७), सार्वजनिकप्र शासनमा आचारण, व्यावसायिकता र जवाफदेहिता, शान्तादेवि पन्थ, कास्की ।
- कोइराला, लक्ष्मीविलास (२०७९) संविधानमा लेखिएको नैतिक पाठ, राजधानी राष्ट्रिय दैनिक, वर्ष २१ अङक ३४४, चावहिल काठमाडौं ।
- नेपालको संविधान, (२०७२),कानुन किताब व्यवस्था समिति, बबरमहल काठमाडौं ।
- शिक्षा नियमावली,२०५९ (संशोधनसहित),कानुन किताब व्यवस्था समिति,बबरमहल काठमाडौं ।
- राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।
- राष्ट्रिय शिक्षा नीति, २०७६ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
- राष्ट्रिय सदाचार नीति,२०७४ (प्रस्तावित), नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ।

# शिक्षक दरबन्दी मिलान
# आवश्यकता र प्रभावकारिता



**कृष्ण प्रसाद आचार्य**
प्राविधिक सहायक (पाचौँ)
सिमकोट गाउँपालिका, हुम्ला

**लेखसार**

देश सङघीयतामा रुपान्तरण भइसकेको अवस्थामा राजनितिक सङ्घीयता,वित्तीय सङ्घीयता तथा कर्मचारी समायोजनको कार्य करिब सम्पन्न भई यसले निश्चित आकार लिन थालिसकेको छ। कर्मचारी समायोजन पनि एक महत्त्वपूर्ण पक्ष हो। झन् विद्यालयीय शिक्षाको आधारभूत तथा माध्यमिक तह स्थानीय तहको हुने भन्ने नेपालको संविधानमा नै स्पष्ट व्यवस्था भइसकेको अवस्थामा शिक्षक दरबन्दी सङ्घीय तहको हुने भन्ने प्रश्न नै रहँदैन। स्थानीय सरकार सञ्चालन ऐन जारी भइसकेको तथा स्थानीय सरकार गठन भई एक कार्यकालसमेत सम्पन्न गरिसकेको अवस्थामा प्रत्येक स्थानीय तहको दरबन्दी यकिन गरी स्थानीय तहहरुलाई जिम्मा लगाउनु आवश्यक छ। दरबन्दी यकिन गरी स्थानीय तहलाई उपलब्ध गराउन नसक्दा यसले भावी दिनमा अवश्य पनि सुखद परिणाम दिन सक्दैन। शिक्षकको तलब र भत्ता स्थानीय तहमार्फत हुने,विद्यालयका सबै स्रोत साधन स्थानीय तहमार्फत निकासा हुने भएकाले पनि जति सक्दो दरबन्दी मिलानको कार्य सम्पन्न गर्नु पर्ने अवस्था छ। दरबन्दी पुनर्वितरण सुझाव कार्यदलले दिएको प्रतिवेदन कार्यान्वयन समयमा नै गर्न सक्दा नै दरबन्दीसम्बन्धी स्थानीय तहको मागलाई समयमै सम्बोधन गर्न सकिने र भावी दिनमा थप दरबन्दीको समेत आकलन गर्न सकिने हुन्छ। यसै सन्दर्भमा यो लेखमा शिक्षक दरबन्दी मिलान,यसको सन्दर्भ, दरबन्दी मिलानसम्बन्धी हालसम्मको अवस्था,दरबन्दी मिलानसम्बन्धी समस्या तथा तिनका समाधानका उपायहरुका बारेमा चर्चा गरिएको छ।

## १. विषय प्रवेश

नेपालको विद्यालय संख्या करिब ३४,३४८ छ। जसमध्ये सामुदायिक विद्यालयको संख्या २६,४५४ रहेको छ। सामुदायिक आधारभूत विद्यालय (कक्षा १-५) को संख्या २६,३३५, आधारभूत विद्यालय (कक्षा ६-८) को संख्या ११,६५२ , आधारभूत तहको विद्यालय संख्या २६,४२९ रहेको र माध्यमिक विद्यालय (कक्षा ९-१०) को संख्या ६,८६२,माध्यमिक विद्यालय (कक्षा ११-१२) को संख्या ३,४१२ र माध्यमिक विद्यालयको संख्या ६,८८५ रहेको छ। यो संख्या नयाँ विद्यालय स्थापना तथा विद्यालय समायोजनको कारणले वर्षेपिच्छे केही तलमाथि हुन सक्छ। साथै शिक्षकको दरबन्दी प्राथमिक तहको ८०,१७६ राहत २१,८७१ निम्नमाध्यमिक तहको दरबन्दी १६,२२४, राहत ९,६०९ तथा माध्यमिक तहको दरबन्दी १२,७२५ र राहत ६,८९८ रहेको छ। साथै साविक उच्च माध्यमिक तहमा २००० दरबन्दी र ४००० राहत रहेको छ। शिक्षा क्षेत्रको विकासमा संस्थागत विद्यालयको पनि महत्त्वपूर्ण योगदान रहेको छ। यस लेखमा भने सामुदायिक विद्यालयको दरबन्दी मिलान तथा व्यवस्थापनको विषयमा मात्र उल्लेख गरिएको छ। शिक्षक दरबन्दी मिलानको कार्य विशेषतः वि.स.२०७५ देखि सघन रुपमा हुँदै आएको भए तापनि उक्त

कार्य सोचे अनुरुप हुन सकेको थिएन। केही जिल्लाले दरबन्दी मिलानको कार्य गरे पनि शिक्षकहरुको स्थानान्तरण गर्ने कार्य खासै हुन सकेको थिएन। रिक्त दरबन्दी स्थानान्तरण गरेर ती जिल्लाबाट दरबन्दी मिलानको कार्य भएको थियो तर देशव्यापी रुपमा दरबन्दी मिलानको कार्य भने हुन सकेको थिएन।

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ आएपछि भने स्थानीय सरकारको अधिकार क्षेत्र समेत किटान भई स्थानीय सरकारले आफ्नो कार्य सुरु गऱ्यो। सोही विषयलाई समेट्दै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रहेका शिक्षाका अधिकारहरुलाई व्यवस्थित गऱ्यो। अधिकार कार्यान्वयनका लागि सामुदायिक विद्यालयको शिक्षक दरबन्दी स्थानीय तहगत रुपमा यकिन गरी प्रत्येक स्थानीय तहलाई उपलब्ध गराउनु अनिवार्य नै भयो। हिजोको एकात्मक पद्धति रहेको अवस्थामा जिल्ला शिक्षा कार्यालयले दरबन्दी सम्बन्धी सबै कार्य हेरिरहेको थियो। एक जिल्लाभित्र कुनै शिक्षक कुनै गाउँ विकास समिति वा नगरपालिकामा दरबन्दी काजमा राखी अर्को स्थानीय निकायमा काम गर्ने गरेको अवस्था थियो। यसका साथै दरबन्दी एकातिर र अर्कोतिर शिक्षक कार्यरत रहँदा हाल आएर दरबन्दी भएको स्थानीय तहले उक्त दरबन्दी मेरो हो भन्ने र शिक्षक कार्यरत रहेको स्थानीय तहले उक्त दरबन्दी मेरो हो भन्ने अवस्था सिर्जना भयो। यस्तो अवस्थाले गर्दा सबै स्थानीय तहको दरबन्दी यकिन गरी स्थानीय तहगत रुपमा दरबन्दी वितरण गर्नु आवश्यक देखियो। शिक्षक दरबन्दी मिलानको कार्य स्थानीय सरकारको गठनपूर्ण नै गरिसकेको भए स्थानीय तहको गठनसँगै माथि उल्लेखित विवाद आउँदैन थियो। साथै आफ्नो स्थानीय तहबाट दरबन्दी कट्टा गर्ने जस्तो प्रतिकुल निर्णय गर्न स्थानीय जनप्रतिनिधिहरु बाध्य हुनु पर्ने अवस्था आउँदैन थियो। तर दरबन्दी मिलानको कार्य उक्त समयमा गर्न सकिएन। स्थानीय सरकार गठन लगत्तै शिक्षक दरबन्दी मिलानको कार्य सुरु भएको छ जुन हाल सम्म पनि चलिरहको छ।

तत्कालिन समयमा पूर्व सचिव महाश्रम शर्माको संयोजकत्वमा २०७५।०३।०४ मा शिक्षक दरबन्दी पुनर्वितरण सुझाव कार्यदलको गठन भयो। उक्त कार्यदललाई काम गर्न ४५ दिनको म्याद दिइएकामा पुन ४५ दिनको म्याद थप गरिएको थियो। उक्त कार्यदलले २०७५।०५।२९ गते सो प्रस्ताव शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय सक्षम पेस गऱ्यो। समितिको उक्त प्रस्ताव शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयले २०७५।१२।२४ मा नेपाल सरकारसक्षम गऱ्यो। मिति २०७६।०५।०४ मा उक्त प्रसताव कार्यान्वयजका लागि शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयले मिति २०७६।१०।१० गतेका दिन शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७६ स्वीकृत गरी कार्यान्वयनमा ल्यायो। हाल शिक्षक दरबन्दी मिलान यसै कार्यविधि अनुसार हुने गरेको छ।

## २. शिक्षक दरबन्दी मिलानको अन्तर्निहित विषयवस्तु

शिक्षक दरबन्दी मिलान गर्दा मूलतः कम भन्दा कम क्षति होस् भन्ने सिद्धान्तलाई आत्मसात गरिएको छ। दरबन्दी मिलानको कार्यमा कुनै एक स्थानीय तहको कुनै तहको दरबन्दी बढी भएमा सो बढी भएको दरबन्दी सोही स्थानीय तहको अर्को आवश्यक तहको अर्को आवश्यक तहका थप गर्ने (माथिल्लो तहको पुल दरबन्दीका रुपमा ) र यसरी थप गर्दा समेत उक्त स्थानीय तहमा दरबन्दी बढी भएको अवस्थामा बढी भएको दरबन्दी सोही स्थानीय तह रहेको जिल्लाको अर्को अति आवश्यक स्थानीय तहहरुमा प्राथमिकताका आधारमा विवरण गर्ने नीति लिइएको छ। यसरी एक स्थानीय तहको दरबन्दी सम्बन्धी आवश्यकता पूरा गरेर बढी भएको दरबन्दी सोही जिल्ला रहेको प्रदेशभित्रको अति आवश्यक जिल्लाको प्राथमिकताक्रम निर्धारण गरी वितरण गर्ने नीति तय भएको छ र सोही आधारमा दरबन्दी वितरणको कार्य हुँदै आएको छ। माथि उल्लेखित आधारमा एक प्रदेशको अति आवश्यक जिल्लाको अति आवश्यक स्थानीय तहलाई प्राथमिकतामा राखी वितरण गर्ने नीति लिइएको छ। एक प्रदेशबाट दरबन्दी बढी भई अर्को प्रदेशमा जाने गरी अहिले हाम्रो सामु दरबन्दी उपलब्ध छैन।

## ३. दरबन्दी मिलानको तथ्याङ्कगत अवस्था

शिक्षक दरबन्दी मिलानको तथ्याङ्कगत अवस्थाको विश्लेषणपूर्व दुई ओटा प्राविधिक शब्दका बारेमा थाहा पाउनु उत्तम हुन्छ ।

**माथिल्लो तहमा गणना हुने पुल दरबन्दीः**

यो दरबन्दी भनेको कुनै स्थानीय तहको कुनै तहमा शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी भएको दरबन्दी सोही स्थानीय तहको अर्को आवश्यक तहमा तल्लो तहकै पुलका रुपमा माथिल्लो तहमा गणना भएको दरबन्दी अपुग रहेको छ भन्ने उक्त प्राथमिक तहको बढी भएको दरबन्दीमा विषयगत शिक्षक रहेछन भने निजलाई निम्न माध्यमिक तहमा पढाउन दिइन्छ तर त्यो दरबन्दी भने प्राथमिक तहकै पुलका रुपमा गणना हुन्छ । यस्तो दरबन्दीलाई माथिल्लो तहमा गणना हुनु पुल दरबन्दीका रुपमा मानिएको छ

**खुद पुल दरबन्दीः**

यो दरबन्दी भनेको कुनै तहमा बढी भएको शिक्षक दरबन्दी उक्त स्थानीय तहको माथिल्लो तहमा दरबन्दी अपुग भए माथिल्लो तहमा गणना हुने पुल दरबन्दी सोही स्थानीय तहमा रहन्छ भने खुदपुल दरबन्दी भनिएको हो । माथिल्लो तहमा गणना हुने दरबन्दी सोही स्थानीय तहमा रहन्छ भने खुद पुल दरबन्दी उक्त स्थानीय तहबाट कट्टा नगरी अन्यत्र स्थानान्तरण गरिन्छ । दरबन्दी मिलानमा दरबन्दी तथा राहत दुवैलाई खुद पुल दरबन्दी मानेर स्थानान्तरण गरिएको छ । तथ्याङ्कगत रुपमा हेर्दा अहिले पुल दरबन्दी १२,८३५ ओटा रहेको छ । जसमध्ये माथिल्लो तहमा गणना हुने दरबन्दी ९,४९६ रहेको छ भने खुद पुल दरबन्दी ३३३९ रहेको छ । पुल दरबन्दी नभएका स्थानीय तह ४३० ओटा रहेका छन् । ३२३ ओटा स्थानीय तहमा प्राथमिक तहमा १२६९९ ओटा पुल दरबन्दी रहेका छन । माध्यमिक तहमा ११ ओटा स्थानीय तहमा ३० ओटा पुल दरबन्दी रहेका छन् । १०५ ओटा स्थानीय तहमा३३३९ ओटा खुद पुल दरबन्दी रहेका छन् । २१८ ओटा स्थानीय तहमा भने ९४९६ ओटा माथिल्लो तहमा गणना हुने पुल दरबन्दी रहेका छन् । ३३३९ खुद पुल दरबन्दीमध्ये पनि १०९० दरबन्दी एकै जिल्लाको स्थानीय तह भित्र मिलान हुने देखिएको छ भने २२४९ ओटा दरबन्दी जिल्ला बाहिर पठाउनु पर्ने अवस्था रहेको छ । प्रदेशगत रुपमा भन्दा तेरथुम जिल्लाबाट ३९ ओटा दरबन्दी उदयपुर जिल्लामा स्थानान्तरण हुन्छ भने बाग्मती प्रदेशमा ललितपुर, काठमाडौं तथा भक्तपुरबाट ११३१ दरबन्दी नुवाकोट, धादिङ, दोलखा, सिन्धुली र मकवानपुर जिल्लामा स्थानान्तरण हुन्छ । गण्डकी प्रदेशको स्याङ्जा, कास्की, तनहुँ, मुस्ताङ, पर्वतबाट १०६७ खुद पुल दरबन्दी नवलपरासी पुर्व तथा बाग्लुङ जिल्लामा स्थानान्तरण हुन्छ । कर्णाली प्रदेशको डोल्पाबाट १२ ओटा दरबन्दी जाजरकोट जिल्लामा स्थानान्तरण हुन्छ ।

माथि उल्लेख गरिएका माथिल्लो तहमा गणना गरिएका पुल दरबन्दी र खुद पुल दरबन्दीमध्ये माथिल्लो तहमा गणना हुने ८५०० दरबन्दी र खुद पुल दरबन्दी १४८६ हालसम्म मिलान भइसकेको अवस्था छ । अब बाँकी दरबन्दी पनि यथाशाक्य छिटो मिलान गरी स्थानीय तहलाई यकिन भएको दरबन्दी विवरण प्रदान गर्ने योजना रहेको छ ।

## ४. शिक्षक दरबन्दी कट्टा गर्ने र थप गर्ने आधार

खुद पुल दरबन्दी भएका स्थानीय तहहरुबाट बढी भएको दरबन्दी कट्टा गर्ने केही आधार तयार भएको छन । माथि उल्लेख गरिए झै दरबन्दी स्थानान्तरण गर्दा कम भन्दा कम क्षतिको सिद्धान्तलाई आधार मानिएको छ भने अर्को तर्फ प्राकृतिक न्यायको सिद्धान्तलाई समेत आधार मानिएको छ । दरबन्दी मिलान गर्दा लिइएका आधारहरु देहायबमोजिम रहेका छनः

(क) रिक्त रहेको राहत कोटा

(ख) रिक्त रहेको दरबन्दी

(ग) खुद पुलमा रहेको स्थानीय तहबाट खुद पुल दरबन्दी नभएको र दरबन्दी स्थानास्तरण हुने स्थानीय तहमा दरबन्दीसहित स्थानान्तरण हुन चाहनेका लागि स्वेच्छिक निवेदनको आह्वान गर्ने र जेष्ठताका आधारमा दरबन्दीसहित स्थानान्तरण गर्ने,यसरी स्थानान्तरण गर्दा महिला शिक्षक भए निजलाई पहिलो प्राथमिकतामा राखी स्थानान्तरण गर्ने

(घ) करारमा शिक्षक नियुक्ति भएको भए नियुक्तिको कनिष्ठताको आधार

(ङ) राहतमा कार्यरत शिक्षक भए नियुक्तिको आधार

(च) नेपालको संविधान जारी भएपछिको जिल्लान्तर सरुवा भए सो मिति मध्येको कनिष्ठताको आधार

(छ) स्थायी शिक्षकहरुको कनिष्ठताको आधार

माथि उल्लेख गरिएका आधारमा दरबन्दी तथा शिक्षक स्थानान्तरण गर्ने योजना रहेको र सो मुताविक दरबन्दी मिलानको कार्य हुँदै आइरहेको छ। उल्लेखित बुँदामध्ये (क) बुँदाबाटै दरबन्दी मिलान सम्पन्न हुने भए (ख) बुँदामा जानु नपर्ने (ख) बुँदासम्मबाटै दरबन्दी मिलानको कार्य सम्पन्न हुने भए (ग) बुँदामा जानु नपर्ने व्यवस्था गरिएको छ। माथि उल्लेख गरिएका बुँदाहरु प्राथमिकता क्रममा राखिएका छन्।

बुँदा नं. (ख) मा उल्लेख गरिएको विषय विवादास्पद भएको भन्ने अर्थ समेत लागाएको पाइयो। तर यसको तात्पर्य नयाँ संविधान जारी भएपछि दरबन्दी मिलान गरिएकाले त्यो समयलाई न्यूनतम आधारका रुपमा लिइएको र सोपश्चापतको सरुवालाई कनिष्ठताको आधार तयार गरिएको हो। साथै दरबन्दी मिलानका क्रममा जिल्लाहरुले गर्ने अस्वस्थ जिल्लान्तर सरुवालाई निरुत्साहन गर्ने प्रयोजनका लागि समेत व्यवस्था गरिएको बुँदा हो। केन्द्रको ठम्याइमा रिक्त राहत तथा दरबन्दीको स्थानान्तरणबाटै दरबन्दी मिलानको काम करिब सम्पन्न हुन्छ। सो नभए मात्र त्यस पछिका बुँदाहरुका आधारमा दरबन्दी मिलान गर्ने योजना रहेको छ। हाल सम्म १४८६ ओटा खुद पुल दरबन्दी एक स्थानीय तहबाट कट्टा गरी अर्को स्थानीय तहमा पठाइ सकिएको छ। जसमध्ये थौरै संख्याका स्वेच्छिक निवेदन दिई दरबन्दीसहित जिल्लान्तर सरुवा भई जाने शिक्षकहरु समेत रहेका छन्। हालसम्म जबरजस्ती शिक्षकको दरबन्दीसहित सरुवा गरिएको छैन।

## ५. दरबन्दी मिलानका समस्याहरु

दरबन्दी मिलान दरबन्दी स्थानान्तरण गर्नुसँग मात्र सम्बन्धित छैन। दरबन्दी मिलानले केही हदसम्म शिक्षक दरबन्दी व्यवस्थापनमा सघाउ त पुऱ्याउँछ तर यसले शिक्षा व्यवस्थापनको सबै पक्षलाई यसले समेटेको छैन। शिक्षक दरबन्दी मिलानका सम्बन्धमा देखा परेका समस्यालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छः

**क. दरबन्दी मिलानले सामुदायिक विद्यालयमा शिक्षकको आवश्यकता पूरा गर्न सकेनः** शिक्षक दरबन्दी मिलानले सबै सामुदायिक विद्यालयको शिक्षक आवश्यकता पूरा गर्न सकेन भन्ने गुनासो व्याप्त छ। दरबन्दी मिलानसँगै नपुग दरबन्दी मिलान पनि थप भएको भए यसले विद्यालयको समस्यालाई समाधान गर्न सक्थ्यो तर सो अनुसार हुन सकेन भन्ने गुनासो छ।

**ख.दरबन्दी रुपान्तरण सम्बन्धमाः** प्राथिमक तहमा बढी भएको दरबन्दी माथिल्लो तहमा गणना गर्ने पुलका रुपमा कायम गरिएकाले ती दरबन्दीहरु रुपान्तारण गर्ने त भनिएको छ तर हालसम्म त्यसतर्फ कुनै कारबाही अगाडि नबढाइएकाले यो कार्य हुन्छ की हुँदैन भन्ने दोधार भएको पाइन्छ।

**ग. दरबन्दी मिलान हुने वा नहुनेसम्बन्धी चिन्ताः** दरबन्दी थप हुने स्थानीय तहले आफुले पाउनु पर्ने दरबन्दी पूरै नपाई बिचमै दरबन्दी मिलान रोकिने पो हो की भन्ने चिन्ता गरेका छन् भन्ने दरबन्दी कटौती हुने स्थानीय तहहरुले आफुले मात्रै दरबन्दी दिनु पर्ने तर केही बलिया भनाउँदा स्थानीय तहहरुले दरबन्दी कटौती नगरे हामीले मात्र भावी

दिनमा समस्या त झेल्नु पर्दैन भन्ने शङ्का रहेको छ। सरकार तथा नेतृत्व फेरिएसँगै यस अघि दरबन्दी मिलान केही सुस्त भएकाले पनि शङ्का बढेको थियो तर पछि दरबन्दी मिलानले पुन गति लिएसँगै यो शङ्का कम हुने आशा गरिएको छ।

घ. **मधेश प्रदेशलाई दरबन्दी मिलानले नसमेटेको गुनासो**: दरबन्दी मिलानले मधेस प्रदेशलाई समेटेन भन्ने मधेसवादी नेताहरुको गुनासो रहेको छ। दरबन्दी मिलानमा मधेस प्रदेशका कुनै जिल्लामा न त दरबन्दी थप हुने अवस्था सिर्जना भयो न त कटौती नै हुने अवस्था भयो। उही पूर्वाग्रहपूर्ण ढङ्गले आफूहरुलाई हेरियो भन्ने गुनासो व्याप्त छ।

ङ. **जिल्लान्तर सरुवा र दरबन्दी मिलान**: जति सुकै सिनियर भए पनि नेपालको संविधान जारी भएपछिको जिल्लान्तर सरुवा भएका शिक्षकहरु कनिष्ठतालाई आधार मानी दरबन्दी मिलान गर्ने कार्यविधिमा उल्लेख भएकाले आफुहरु यस बुँदाबाट प्रभावित भएको र खासमा सिनियारिटीलाई बेवास्था गरिएकाले गुनासो सुन्ने गरेको पाइन्छ।

च. **दरबन्दी मिलान नाम मात्रैको पो हुने हो की**: कतिपयको धारणामा दरबन्दी मिलान नाम मात्रको पो हुने हो कि भन्ने शङ्का अद्यपि छँदैछ। कुनै एक भनाइमा दरबन्दी नै मिलान मेरै पालामा पनि भन्ने गरिएको थियो अहिले पनि भन्ने गरिएको छ। दरबन्दी नै मिलानमा त मलाई पनि शङ्का नै लाग्छ भनी कुनै कार्यक्रममा भन्नु भएको थियो। यसरी हेर्दा कतै दरबन्दी मिलान कागजमा मात्र हुने हो कि भन्ने शङ्का अझै छ।

छ. **दरबन्दी मिलानप्रति सङ्घ सङ्गठनको मौन धारणा**: दरबन्दी मिलानका सम्बन्धमा के गर्ने ? कुन तरिकाबाट भइरहेको छ ? यसमा आफ्नो सङ्गठनको धारणा के हो ? स्पष्ट आउन सकेको छैन। दरबन्दी मिलान गर्नु आवश्यक भएको भन्ने सबै पक्षको विचार त छ तर यसमा खुलेर सहयोग नपाउँदा केन्द्रलाई दरबन्दी मिलानको कार्य गर्न केही असहज त भएकै छ।

ज. **नयाँ दरबन्दी सिर्जना सम्बन्धी समस्या**: खुद पुल दरबन्दी रहेका स्थानीय तहहरुमा खुद पुल दरबन्दी रहेको तहको दरबन्दी कट्टा गरी दिंदा निम्न माध्यमिक तथा माध्यमिक तहमा नपुग दरबन्दी दिनुपर्ने उहाँहरुको भनाइ छ,साथै दरबन्दी रुपान्तरणको प्रक्रिया छिटो भन्दा छिटो अगाडि बढोस् भन्ने चाहना छ तर दरबन्दी मिलानमा खुद पुल दरबन्दी मात्रै कट्टा गरिँदा हाम्रो आवश्यकतालाई सरकारले बुझेन भन्ने खुद पुल दरबन्दी भएका स्थानीय तहहरुको छ। साथै दरबन्दी थप हुने स्थानीय तहमा निम्न माध्यमिक र माध्यमिक दरबन्दी थप हुनु पर्नेमा केवल प्राथमिक तहको मात्र दरबन्दी थप भएकाले यसले पनि हाम्रो समस्याको सम्बोधन गर्न नसकेको दरबन्दी थप हुनुपर्ने स्थानीय तहको गुनासो छ।

## ६. शिक्षक दरबन्दी मिलान सम्बन्धी समस्या समाधानका उपायहरु

शिक्षक दरबन्दी मिलान शिक्षक व्यवस्थापनका लागि पहिलो र महत्त्वपूर्ण विकल्प हो। अब दरबन्दी मिलान नगरी कुनै उपाय नै छैन। बरु दरबन्दी मिलान सम्बन्धमा देखा परेको समस्यालाई बेलैमा सम्बोधन गरी दरबन्दी मिला छिटो भन्दा छिटो सम्पन्न गर्नु नै बुद्धिमत्तापूर्ण काम हुन्छ। यसका लागि माथि उल्लेख गरिएका दरबन्दी मिलान सम्बन्धी समस्यालाई देहायका उपायका आधारमा समाधान गर्न सकिन्छः

क. दरबन्दी मिलानले सामुदायिक विद्यालयको आवश्यकता पूरा गर्न दरबन्दी मिलानसँगै माथिल्लो तहमा गणना भएको पुल दरबन्दीलाई दरबन्दी रुपान्तरणका माध्यमबाट तहगत दरबन्दीको व्यवस्था मिलाउनुपर्छ। साथै नपुग दरबन्दीको हकमा दरबन्दी सिर्जना गर्नु नै उत्तम देखिन्छ। नपुग आवश्यक दरबन्दी सिर्जनाका माध्यमबाट हल गरी

विद्यार्थीको संख्या बढदै गएको अवस्थामा भने शिक्षण सिकाइ अनुदानको व्यवस्था गर्नु नै सबै भन्दा उत्तम विकल्प हो। प्रभावकारी कार्ययोजना निर्माण गरी सुरुमा दरबन्दी रुपान्तरण गर्ने र त्यसपछि नयाँ दरबन्दी सिर्जनाका लागि वर्तमान विद्यार्थी सङ्ख्यालाई नै आधार मान्नु उपयुक्त हुन्छ। साथै सामुदायिक विद्यालयको दरबन्दी मिलान भएकाले स्थानीय तह तथा प्रदेश सरकारले अनुमति दिई सञ्चालनमा आएका विद्यालय तथा अनुमति दिइएको कक्षा समेतलाई आधार मानी दरबन्दी मिलान गर्नु उपयुक्त हुन्छ। अनावश्यक स्थानमा खोलिएका विद्यालयलाई मर्ज गर्ने, कक्षा घटाउने जस्ता विधि तथा प्रविधि पनि प्रयोग गर्नु आवश्यक छ तर यसका नाममा विद्यालय सेवाबाट बालबालिका वञ्चित नहुने अवस्थाको सुनिश्चितता गर्नु भने आवश्यक छ।

ख. दरबन्दी मिलान हुने कि नहुने भन्ने चिन्ता अब विस्तारै अन्त्य हुँदै गएको छ। राजनितिक परिवर्तनसँगै पर्ख र हेर भन्ने रणनिति लिएका स्थानीय सरकारहरुले जुन सरकार आए पनि दरबन्दी मिलान गर्नै पर्ने अवस्था भएकाले दरबन्दी मिलान गर्नुपर्छ भन्ने सोचाइमा पुगेका छन। यसका साथै हालसालै मात्र स्थानीय सरकारको परिवर्तन पश्चात पनि दरबन्दी मिलानका लागि रिक्त दरबन्दी शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा प्राप्त भइरहनु पनि दरबन्दी मिलानका लागि एउटा शुभ सङ्केत हो। अब दरबन्दी मिलान सम्पन्न नगरी उपाय नै छैन। विगतमा कोरोना महामारीका कारणले दरबन्दी मिलान केही सुस्त भए पनि समग्रमा दरबन्दी मिलानको प्रगति ८० प्रतिशत भन्दा पनि माथि पुग्नु र खुद पुल दरबन्दी कट्टा गरी अर्को स्थानीय तहमा सार्ने काम पनि ५० प्रतिशत कै हारहारीमा हुँदै गरेको अवस्थामा अब दरबन्दी मिलानको काम क्रमशःसम्पन्नतर्फ उन्मुख हुँदै गरेको देखिन्छ। तसर्थ दरबन्दी मिलान हुँदैन कि भन्ने भावनाबाट मुक्त रहनु नै उत्तम हुन्छ।

ग. दरबन्दी मिलानले सबै प्रदेशलाई समेटेको छ। कुनै एक स्थानीय तहमा बढी भएको दरबन्दी सोही जिल्लाको अर्को स्थानीय तहमा जाने र उक्त जिल्लामा बढी भएको दरबन्दी सोही जिल्लाको अवस्थित प्रदेशभित्रको अर्को जिल्लामा जाने र यसरी दरबन्दी वितरण गर्दा समेत दरबन्दी मिलानमा अन्तर प्रदेश दरबन्दी जान नसकेको जस्तो देखिन्छ। समग्रमा दरबन्दी मिलानले राष्ट्रिय रुपमा दरबन्दीको आवश्यकताको खाका पनि तयार गरेको छ। अन्तर प्रदेश दरबन्दी स्थानान्तरण हुने व्यवस्था भए पनि दरबन्दी अपुग भएकाले स्थानान्तरण सम्भव भएन तर नयाँ दरबन्दी सिर्जना गर्दाका अवस्थामा भने यही दरबन्दी मिलान तालिकाका आधारमा सबै भन्दा बढी आवश्यकता भएको प्रदेश तथा जिल्ला र सो अन्तर्गतको स्थानीय तहमा दरबन्दी जाने निश्चित प्रायःछ। तसर्थ अबका दिनमा दबरन्दी थप हुँदा सबै प्रदेशमा आवश्यकताका आधारमा थप हुने यही दरबन्दी मिलानको तालिकाका आधारमा समेत भन्न सकिन्छ।

घ. जिल्लान्तर सरुवा भएका शिक्षकलाई दरबन्दी मिलानका क्रममा नेपालको संविधान जारी भएको आधारमा कनिष्ठता कायम गरिएको गुनासोहरुका सन्दर्भमा दुई औटा तर्कले प्रभावकारी रुपमा काम गरेको पाइन्छ। पहिलो कुरो त शिक्षकहरुले प्रतिस्पर्धा गर्दा कि त जिल्लागत कि त प्रदेशगत गर्नुपर्छ। विशेष गरी प्राथमिक तहको दरबन्दी त जिल्लागत हुने नै हो। सिमकोटमा मेरो नाम निस्के बस्छु नभए अन्यत्र कुनै जिल्लाबाट प्राथमिक तहको परीक्षा दिन्न भनी हुम्ला जिल्लाबाट फारम भरी नाम निकालेका र अन्यत्र जिल्लाबाट नाम निकाली जिल्लान्तर भएर काठमाडौंमा आएका शिक्षकहरुको हकमा प्राकृतिक न्यायका दृष्टिले पनि जुन जिल्लामा प्रतिस्पर्धा गरेर आएका छन् ती शिक्षकलाई दरबन्दी मिलानका लागि त्यही जिल्लाको वरियतामा राख्नु उत्तम हुन्छ। दोस्रो कुरो त दरबन्दी मिलान कै क्रममा अस्वस्थ जिल्लान्तर भई सिनियर व्यक्ति आएको अवस्थामा कार्यरत जिल्लाको शिक्षक जुनियर भई विस्थापित हुनु नपरोस् भन्ने अर्को मान्यता हो। तसर्थ दरबन्दी मिलानमा कही कसैलाई पूर्वाग्रह प्रेरित भएर गरिएको छैन। अर्को कुरा त कम भन्दा कम क्षतिबाट नै दरबन्दी मिलानको कार्य सम्पन्न गर्ने योजना भएकाले त्यस्तो ठुलो चिन्ता लिनु पर्ने अवस्था पनि छैन।

ङ. दरबन्दी मिलान नाम मात्रै हुने हो की भन्ने चिन्ता अब हटिसकेको छ । करिब ८० प्रतिशत दरबन्दी मिलानको कार्य सम्पन्न भइसकेको र सकेसम्म रिक्त दरबन्दीबाट नै दरबन्दी मिलान गर्ने योजना भएकाले दरबन्दी मिलानको प्रगति तीव्र गतिमा हुँदै छ । तसर्थ नाम मात्रैको दरबन्दी मिलान नभई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको एक गर्व गर्न लायकको कामका रुपमा दरबन्दी मिलान अघि आउँदै छ ।

च. दरबन्दी मिलान सम्बन्धमा पेसागत सङ्घ सङ्गठनको आधिकारिक धारण आउन सकेको छैन । दरबन्दी मिलान आवश्यक छ भन्ने विषयका सङ्घ सङ्गठनको महत्त्वपूर्ण भूमिका रहने गर्छ । शिक्षक दरबन्दी मिलानको करिब अन्त्य अवस्थासम्म आइसक्नु र यसमा पेसागत सङ्घ सङ्गठन मौन रुपमा रहनु पक्कै पनि यस कार्यमा अघोषित समर्थन नै रहेको बुझ्न जरुरी छ । आशा छ भावी दिनमा सङ्घ सङ्गठनबाट यस्तै मौन तथा रचनात्मक सुझावहरु पाउन सकिन्छ ।

छ. नयाँ दरबन्दी सिर्जना प्रमुख विकल्प हो । हुन त तीन तहको सरकारको आ-आफ्नै जिम्मेवारी छन् ।स्थानीय सरकारले समेत विद्यालय शिक्षाको अपनत्व विस्तारै लिदै गएको सन्दर्भमा विद्यालय शिक्षाका लागि अब नयाँ दरबन्दी सिर्जनामा खासै समस्या पर्ला जस्तो देखिँदैन । प्रदेश सरकारले समेत एक विद्यालय एक स्वास्थ्थकर्मी, विद्यालयहरुलाई दिँदै आएको छ । स्थानीय सरकारले पनि नपुग बाल विकास शिक्षकको व्यवस्था, विद्यालय कर्मचारी तथा बाल विकास शिक्षकको तलबको व्यवस्था तथा अनुदानको व्यवस्था गर्दै आएको पाइन्छ । सङ्घीय सरकारको मात्र सामुदायिक विद्यालयको भार क्रमशःकम हुँदै गएको देखिन्छ तापनि एक विद्यालयमा चाहिने न्यूनतम शिक्षक दरबन्दीको व्वस्था सङ्घीय सरकारले नै गर्नु उत्तम हुन्छ । यसका लागि नयाँ भर्ना भएका विद्यार्थी सङ्ख्याका आधारमा आवश्यकता अनुरुप नयाँ दरबन्दी सिर्जना गर्नु विद्यालय शिक्षाको गुणस्तरका लागि जरुरी भइसकेको छ ।

## ७. निष्कर्ष

शिक्षक दरबन्दी मिलानको कार्य एक महत्त्वपूर्ण कार्य हो । सङ्घीयताको कार्यान्यिनयनसँगै विद्यालयीय शिक्षा पद्धति स्थानीय सरकारको अधिकारमा रहेको सन्दर्भमा विद्यालय अन्तर्गत रहने शिक्षक दरबन्दी पनि स्थानीय तहकै क्षेत्राधिकारभित्र पर्नु स्वाभाविक नै हो । सबै स्थानीय तहहरुलाई तहगत रुपमा शिक्षक दरबन्दी जिम्मा लगाउन सकिएको छैन । शिक्षक पुनर्वितरण सुझाव कार्यदलले औल्याएका आधारमा दरबन्दी यकिन गर्न सकिने अवस्था आउँछ । साथै यसबाट हाल केन्द्रीय रुपमा नै शिक्षकको तलब राखेर स्थानीय तहको आवश्यकताका आधारमा हुँदै गरेको वित्तीय हस्तानान्तरणलाई क्रमणः कम गर्दै बजेट विनियोजनकै क्रममा सोझै स्थानीयमा दरबन्दी बराबरको तलब भत्ता उपलब्ध गराउन सक्ने अवस्थाको सिर्जना हुन्छ । दरबन्दी मिलान पनि सम्भव छ र ? भन्ने आम जनमानसमा पैदा भएको शङ्का र उपशङकालाई शिक्षा तथा माजव स्रोत विकास केन्द्रले यसको कार्यान्वयनमा गरेको प्रगतिका आधारमा पनि अब दबरन्दी मिलान सम्भव छ र ? भन्नेहरुलाई गतिलो उत्तर दिएको छ । साथै यस्तो दरबन्दी मिलानको कार्यले चाहेमा के गर्न सकिँदैन र भन्ने बृहत सम्भावनाका बाटाहरु समेत खोलेको छ । दरबन्दी मिलानका समयमा देखापरेका समस्या र कतिपय अवस्थामा दरबन्दी मिलान सम्बन्धी अदालती मुद्दा मामिलामा शिक्षा तथा मानव स्रोत विकास केन्द्र निकै लामो समयसम्म अल्झिनु पऱ्यो तर यसको अनुकुल निकास प्राप्त भएपछि दरबन्दी मिलानको कार्य हाल तीव्र गतिमा हुँदै गरेको छ । दरबन्दी पुनर्वितरण सुझाव कार्यदलले दिएको प्रतिवेदनका आधारमा दरबन्दी मिलानका कार्य समयमै सम्पन्न गर्न सक्दा प्रत्येक स्थानीय तहलाई आफ्नो स्थानीय तहमा रहेको प्राथमिक, निम्नमाध्यमिक तथा माध्यमिक तहको दरबन्दी यकिन हुने र विद्यार्थी सङ्ख्याका आफ्नो स्थानीय तहमा आवश्यक पर्ने दरबन्दी समेत पत्ता लगाउन सजिलो हुने गर्छ । यसबाट नै स्थानीय तहले आवश्यकताका आधारमा आफैँले आफ्नै स्रोतको प्रयोग गरेर दरबन्दी सिर्जना गरी शिक्षाको गुणस्तर सुधारमा मद्दत पुऱ्याउन सक्छ । स्रोत साधनको आवश्यकता यकिने गर्न पनि दरबन्दी मिलान आवश्यक छ भन्न सकिन्छ ।

**सन्दर्भ सामग्री**


- नेपाल संविधान (२०७२), कानुन किताब व्यवस्था समिति, बबरमहल,काठमाडौं ।
- फल्यास रिपोर्ट (२०७८), शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।
- स्थानीय सरकार सञ्चालन, २०७४ कानुन किताब व्यवस्था समिति, बबरमहल,काठमाडौं ।
- शिक्षा ऐन, २०२८ कानुन किताब व्यवस्था समिति, बबरमहल,काठमाडौं ।
- शिक्षा नियमावली, २०५९ कानुन किताब व्यवस्था समिति, बबरमहल,काठमाडौं ।
- शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७६ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
- दरबन्दी पुनर्वितरण सुझाव कार्यदलको प्रतिवेदनका विषयहरु ।
- शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरका दरबन्दी मिलान सम्बन्धी वर्तमान अवस्थाको प्रतिवेदन ।

# विद्यालयमा
# मनोसामाजिक परामर्शदाताको आवश्यकता



**मेज बहादुर बुढा**
प्रधानाध्यापक
श्री कैलाश माध्यमिक विद्यालय, डाँडाफाया, हुम्ला

विद्यालय शैक्षिक सामाजिक संस्था हो । सिकाइ, ज्ञान, प्रविधि र चरित्र निर्माण गर्ने साझा मन्दिर हो ।
प्रज्ञा नेपाली बृहत् शब्दकोशका अनुसार मनोविज्ञानको परिभाषा ः
“मानिसका मनको प्रकृति, उसका विभिन्न अवस्था तथा क्रिया र त्यसमा पर्ने प्रभाव आदिको अध्ययन, विश्लेषण गर्ने शास्त्रलाई मनोविज्ञान भनिन्छ ।”
“मनोवैज्ञानिक भन्नाले मनोविज्ञानको ज्ञाता हो ।”

## परामर्श ः

“परामर्श भनेको एक माध्यम हो जसद्धारा एक व्यक्तिले अर्कोलाई उद्धेश्यपूर्ण कुराकानीको माध्यमबाट मद्धत गर्दछ”,
“परामर्श एक प्रक्रिया हो जसमा व्यक्तिगत समस्याहरु पत्ता लगाउन र समाधान पहिचान गर्न भेला हुन्छन”,
“व्यक्तिगत वा मनोवैज्ञानिक समस्याहरु समाधान गर्ने मार्ग पनि हो”,
“व्यक्ति, परिवार, समूहको कुशलता सुधार गर्न, दुख निवारण र त्यसको सामाना गर्न एक कुशल परामर्शदाताद्धारा प्रदान गरिने सेवा नै मनोसामाजिक परामर्श हो ।”

## परामर्शदाता ः

- अरुका समस्याहरु हल गर्न मद्धत गर्ने,
- समस्याको मूल कारण निर्धारित गर्न मद्धत गर्ने,
- उपचारमा ध्यान केन्द्रित गराउने,
- व्यक्तिलाई वास्तवमै के महत्त्वपूर्ण छ भन्ने कुरामा ध्यान केन्द्रित गराउन मद्धत गर्ने,
- लत वा व्यवहार मुद्धाहरु निर्धारित गर्ने व्यक्तिहरु ।

## परामर्शको आवश्यकता ः

- आफ्नो जीवनको कुनै पनि क्षेत्रमा अप्ठ्यारो महसुस भएको छ भने,
- यदि सिकारु वा अन्य कसैले आफ्नो बाटो हराउनु भएको महसुस गर्न‘हुन्छ भने,
- कुनै पनि चीजहरुको व्यवस्थापन भइरहेको छैन भने ।

### सिकाइ :
"आफूसँग भएको सिप र व्यवहारलाई समय र परिस्थिति अनुकूल बनाउन आत्मसात् गरिने व्यवहार वा आचरण नै सिकाइ हो,
"सिकाइ जन्मदेखि मृत्युपर्यन्त चलिरहने प्रक्रिया हो",
"सिकाइबाट व्यवहार, आचरण तथा सोच्ने तरिकामा परिवर्तन आउँछ",

"आधुनिक औपचारिक तथा अनौपचारिक शिक्षाको उद्धेश्य नै सिकारुको कार्यगत र चिन्तनगत व्यवहारमा परिवर्तन ल्याउनु सिकाइ हो।"

## विश्व स्वास्थ्य संगठन अनुसार मानसिक स्वास्थ्यको परिभाषा
"मानसिक स्वास्थ्य भनेको निरोगीताको अवस्था हो जहाँ व्यक्तिले आफ्नो क्षमता र दक्षतालाई आत्म मूल्याङ्कन गर्न सक्छ जीवनका सामान्य प्रकृतिका तनावहरुलाई व्यवस्थित गर्न सक्छ उद्धेश्यमूलक ढङ्गले काम गर्न सक्छ र समाजलाई योगदान दिन सक्छ"

### आवश्यकता :
परामर्श के हो ?, परामर्शदाता को हुन् ? परामर्शको आवश्यकता किन ? भन्नेकुरा सारांसीय रुपले विषय प्रवेशमा भनिएको छ। विद्यालय विविधताको एक शैक्षिक आलय हो। किनभने विभिन्न वर्ग, लिङ्ग, भाषा, जात, धर्म, पेसा, व्यवसाय, चिन्तन, प्रवृति, आचरण, भूमिका, वातावरण, शिक्षा, खानपिन, स्वत्व, लालनपालन, पहिरनको सेवाक्षेत्रबाट बालबालिकाहरु विद्यालयमा सिक्न आएका हुन्छन्। यस अवस्थालाई सूत्रबद्ध गर्ने मानिस अर्थात शिक्षकको दरकार वर्तमानमा पररिहेको छ। सिकारुको मनोविज्ञान बुझेर सिकाएमा मात्रै सिकाइ प्रभावकारी हुन्छ। सिकाइ र मनोविज्ञानको अन्तरघुलन गर्न सकेन भने सिकाइ अप्रभावकारी हुन्छ भन्दा अत्युक्ति नहोला।
हाम्रो देश नेपालमा सामुदायिक र निजी दायित्वका टोल टोलमा विद्यालयहरु सञ्चालनमा छन् तर सबै विद्यालयहरुले भावि जनशक्तिको पूर्वाधार निर्माण गर्न असमर्थ रहेका छन्। आजको विश्वब्यापीकरणले गाँजेको अवस्थामा मानिसको मनस्थितिको ठेगान छैन त्यसकारण सिकाइमा पनि प्रत्यक्ष प्रभाव परेको छ नै। कुन बालबालिकाको मनस्थिति कतिबेला बिग्रने हो यकिन गर्न चुनौतिपूर्ण रहेको छ। विकासका पूर्वाधारलाई हेर्ने हो भने भौगोलिक रुपले नेपालमा शहरी र अर्धशहरी, ग्रामीण र अर्धग्रामीण क्षेत्रहरु रहेका छन्। शैक्षिक रुपले शिक्षित, अर्धशिक्षित र अशिक्षितहरुको आवासीय क्षेत्र हो। यही खालको भूगोल र यही खालको शैक्षिक अवस्थाले यही खालको चिन्तन व्यवहार प्रदर्शन गरेको छ। यस पक्षमा विद्यालयहरु संवदनशील रहनु आजको दायित्व हो।
विद्यालयमा अध्ययन गरेको विद्यार्थी कसैका अन्धो प्रेमले, कसैको वर्गीयताले, कसैको वातावरणले, कसैको लालनपालनले, कसैको सिकाइ समस्याले, कसैको प्रवृत्तिले, कसैको राजनीतिले, कसैको बुलिङको कारणले, कसैको प्रविधिको बढ्दो कुप्रभावले, शारीरिक दण्ड, बालबच्चा हुर्काउदा असावधानी, रिस, अप्रशन्नता, स्मरणशक्ति, परीक्षाको त्रासदी जस्ता विविध कारणहरुले बालबालिकाहरुमा आत्महत्या, तनाव, मगज रोग, लागूपदार्थ सेवन, चिन्ताले गाँज्दै आएको छ। अर्धग्रामीण क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा, अर्धशहरी क्षेत्रको तुलनामा शहरी क्षेत्रमा बढी रहेको छ। यस्ता गलत पक्षहरुको प्रभाव प्रत्यक्ष वा परोक्षरुपमा विद्यालयहरुमा परेको कुरामा दुईमत छैन। यसैले विद्यालयहरुमा कार्यरत शिक्षकलाई तालिम दिन जरुरी छ यात परामर्शदाताको नितान्त आवश्यकता रहेको छ। यसबाट विद्यालयहरुमा आउने तात्कालीक र दीर्घकालीक समस्याहरु समाधान भई सिकाइ

प्रभावकारी र सिकारुको जीवन निर्माण हुने छ। यसर्थ राज्यले नीति निर्माण गर्न आवश्यक देखिन्छ। मुलुकमा ७६१ सरकार अस्तित्वमा रहेका छन्। सबै सरकारहरुको समयमै ध्यान जान सकेन भने विद्यालयमात्रै होइन समग्र समाजमा यस्ता गलत क्रियाकलापहरुको सिकाइ प्रसारण हुने छ र मुलुकमा सामाजिक आर्थिक समृद्धि ल्याउन कठिन हुने छ। समाजिक संरचनामा खलल पुग्नसक्छ। विकासको बाधक बन्नसक्छ। श्रृङ्खलाबद्ध र चरणबद्ध रुपले देशमा अशान्ति फैलन सक्छ यस्ता पक्षहरु निदान गर्न विद्यालयहरुमा मनोसामाजिक परामर्शदाताको आवश्यकता पर्ने गर्दछ। राज्यले परामर्शदाताको ब्यवस्था गर्न नसकेपनि हरेक विद्यालयहरुले परामर्शको ज्ञान लिन आवश्यक छ। किशोरावस्थामा यस किसिमको परामर्शको खाँचो पर्दछ। शिक्षकहरु जानकार हुनै पर्छ नत्र घटनाहरु निवारण गर्न मुश्किल भई विद्यालयहरु भाँडिने संभावना रहन्छ।

## सिकाइ समस्याहरू :

हाम्रो शिक्षण सिकाइ दोषारोपणमा गुज्रेको छ। संघ, प्रदेश र स्थानीय सरकारबिचको अन्तर बिरोध, शिक्षक र विद्यार्थीको अन्तर बिरोध, शिक्षक र अभिभावकको अन्तरबिरोध, अभिभावक र विद्यार्थीको अन्तर बिरोध, नीति निर्माता र नेताको अन्तर बिरोध, सरकारी र गैरसरकारी शैक्षिक संस्थाबिचको अन्तर बिरोध लगायत तमाम अन्तर बिरोधहरु ब्याप्त रहेका छन्। अन्तर बिरोधका बिचबाट सिकाइ समस्याहरु बुझ्नपनि उत्तिकै खाँचो छ। हामी एउटै द्धारले सिकाउँ छौं तर सिकारुले सिकाइको विविध द्धारबाट सहज सिकाइको अपेक्षा गरेको हुन्छ। संसारमा भएका सबै व्यक्तिहरु कुनै न कुनै रुपमा एकअर्कामा फरक हुन्छन्। आनिबानी, सिक्ने क्षमता र सोच्ने तरिकासमेत फरक किसिमको हुन्छ, फरकपन प्रकृतिले सिर्जना गरेको व्यक्तिगत विशिष्टता हो। केही व्यक्तिमा सिकाइका समस्या रहेका हुन्छन् ।

## मनोवैज्ञानिकहरूले सिकाइ समस्यालाई तीन प्रकारमा वर्गीकरण गरेका छन् :

१. **डिस्लेक्सिया** (Dyslexia)

- यो भाषा सिकाइसँग सम्बन्धित समस्या हो,
- पढाइ, लेखाइ र वर्णविन्यासगत समस्या देखिन्छ,
- ३ र ६ द र म जस्ता समान आकृतिका वर्णमा झुक्किने गर्छन्,
- अगाडिको र पछाडिको वर्णलाई उल्टापाल्टो क्रममा देख्ने गर्छन्,
- ढिलो पढ्ने स्वभावका हुन्छन्,
- डिस्लेक्सिया आजीवन रहने समस्या भएपनि बौद्धिक कमजोरी भने होइन,
- क्षमता सामान्य र धेरैजसोको निकै राम्रो हुने भएकाले उनीहरु समस्या समाधान र सिर्जनात्मक सोचमा निकै कुशल हुन्छन्,
- हरेक दशमा एकजनामा यस्तो सिकाइ समस्या रहेको अनुसन्धानमा छ,
- थोमस एडिसन, अल्वर्ट आइन्स्टाइन र अगस्टे रोडिनजस्ता विश्वप्रसिद्ध विद्धानहरुमा डिस्लेक्सिया थियो,
- विशेष किसिमले शिक्षा दिएमा यस्ता व्यक्ति आफ्नो क्षेत्रमा सफल बन्छन्।

२. **डिस्क्याल्कुलिया** (Dyscalculia)

- डिस्क्याल्कुलिया गणित सम्बन्धी सिकाइ समस्या हो,
- अन्य विषयमा राम्रो दक्षता हुन्छ तर गणितमा राम्रो गर्दैनन्,
- समयमा काम पूरा गर्न सक्दैनन्,

- सङ्ख्याको स्थानमान, हात लागेको जोड्न वा घटाउन सक्दैनन्,
- नम्बर मूल्य फोन नम्बर सम्झना सक्दैनन्,
- प्राथमिक विद्यालयका करिब सात प्रतिशत विद्यार्थीमा यस्तो समस्या रहन सक्ने अध्ययनहरुले देखाएका छन् ।

३. **डिस्ग्राफिया** (Dysgraphia)
- डिस्ग्राफिया लेखाइसँग सम्बन्धित समस्या हो,
- व्यक्तिले आफूलाई हस्तलेखनबाट प्रस्तुत गर्न कठिनाइ महसुस गर्छ,
- सोझो लाइनमा लेख्न नसक्ने, हस्तलिपि राम्रो नहुने, आफूले लेखेको आफैं बुझ्न नसक्ने, अक्षरको आकार मिलाउन नसक्ने,
- लेखनका लागि मस्तिष्क र शरीरका अङ्गबिच राम्रो सहकार्य आवश्यक पर्दछ,
- लेखाइ भद्धा अशुद्ध र भन्न खाजेको कुरा अभिव्यक्त नभएको छरपस्ट हुन्छ
- बच्चा अल्छि भएर भएको नभइ आफैमा मस्तिष्कीय समस्या हो,
- मस्तिष्कले इन्द्रिय मार्फत सङ्कलन गरेका सूचनालाई छोटो र लामो सम्झनाका रुपमा सङ्ग्रह गर्दछ लेख्ने बेलामा सङ्गठित रुपमा ती सूचनालाई व्यवस्थापन गरेको हुन्छ तर डिस्ग्राफिया भएका व्यक्तिले सङ्कलित सूचना व्यवस्थापन र सोचेको कुरा लेखेर व्यक्त गर्न सक्तैनन्,
- निकै ढिलो मात्र केही कुरा सार्ने, नक्सा रेखाचित्र बनाउन सक्ने हुन्छन्,
- वर्णविन्यासगत त्रुटि पत्ता लगाउन र शुद्ध उच्चारण गर्न सक्तैनन् ।

यी समस्याहरु बुझेर शिक्षण सिकाइ क्रियाकलाप गर्न आवश्यक छ । विद्यार्थीले नजानेमा झोक्किने, विद्यार्थीलाई दण्ड दिने, उनीहरुको मनोविज्ञान बिगार्नेजस्ता गलत प्रवृत्तिहरुले शिक्षकमा प्रश्रय पाउनु हुदैन । शिक्षक सिकाइको सर्वगुण सम्पन्न हुदैन आफ्ना सिकाइ व्यवहारको पनि महसुस गर्दा आवेगहरु विवेकमा परिणत हुन्छन् अनि सिकाइ सबलताहरु आर्जन गर्न सकिन्छ ।

**शिक्षकहरुले सिकाइमा अपनाउनुपर्ने सावधानीहरु :**
- यी सबै मस्तिष्कीय कारणले सिर्जना हुने समस्या हुन्,
- यस्ता व्यक्तिलाई विशेष उपयुक्त क्षेत्रको शिक्षा दिनुपर्छ,
- उनीहरुको कमजोरी रहेकै विषयमा साधारण प्रविधिले शिक्षा दिएर उच्च आकाङ्क्षा राख्नु हुदैन,
- मनोविज्ञानको जानकारी नभएका शिक्षकले यस्ता समस्यामा रहेका बालबालिकालाई सुधार्ने मनसायले कडा शारीरिक दण्ड दिनु हुदैन,
- अज्ञानका कारण दिइने दबाबले अकल्पनीय घटना घट्न सक्छ,
- उनीहरुको समस्या पहिचान गरी आवश्यक सहयोग पु-याउनु पर्छ,
- मनोवैज्ञानिकबाट आवश्यक सल्लाह, परामर्श तथा साइकोथेरापी गराउँदा र वैकल्पिक किसिमले शिक्षण गर्दा सिकाइ असक्षमता भएका व्यक्तिले पनि प्रभावकारी रुपमा सिक्न सक्छन् ।

## बुलिङ :

बुलिङ एक मनोसामाजिक समस्या हो । गाली गर्ने, उपनाम राखिदिने, सामाजिक सञ्जालमा भए नभएका तस्वीरहरु राखिदिने, नक्कली आइडी खालेर जेपिटी हाल्ने, गल्तीका नाममा समाजबाट अलग्याउने, बिनासित्ति अर्काको

सामानहरु माग्ने, नदिएमा सामानहरु खोस्ने, पीडितहरु संयमित हुदापनि पिडकले पीडा दिइरहने, शिक्षकहरुलाई खिज्याउने, विद्यार्थीहरुलाई अनुचित दण्ड दिन, कक्षाकोठामा एउटा विद्यार्थीले अर्कोलाई थुकिदिने, डेस्कबेन्च तथा बस्ने स्थानका विषयमा झगडा पार्ने, कार्यहरु बुलिङका विविध रुपहरु हुन् । विद्यालयमा शिक्षक विद्यार्थीहरु नीति विधिभित्र नरहेर मलाई कसले के गर्न सक्छ भन्ने घमण्डद्धारा गरिने छाडा कामकारबाहीहरुबाट पनि बुलिङले निरन्तरता पाइरहेको हुन्छ ।

हाम्रो देशका सन्दर्भमा राजनीतिक बुलिङ, मिडिया तथा सामाजिक सञ्जालगत बुलिङ, लिखित मौखिक बुलिङ, शारीरिक मानसिक बुलिङ हुने गर्दछन् । विद्यालयहरुमा विशेषगरी शारीरिक मानसिक, लिखित मौखिक बुलिङहरु हुने गर्दछन् :

- कसैलाई चारित्रिक क्षति पु-याउने, डरत्रास देखाउने तथा इच्छा नलागेको काम बलपूर्वक गर्न बाध्य पार्ने काम बुलिङ हो,
- शारीरिक रुपमा कमजोर सानो कम उमेरकोलाई निरन्तर हेप्नु बुलिङ हो,
- सामूहिकरुपमा कुनै व्यक्तिमाथि गरिने बुलिङलाई मोबिङ भनिन्छ,
- शारीरिक बल प्रयोग गरी कसैको कुनै कमजोरीलाई टेकेर उसलाई आफ्नो नियन्त्रणमा राख्ने अथवा शारीरिक वा मानसिक क्षति पु-याउने भएकाले बुलिङलाई मनोसामाजिक समस्याका रुपमा लिने गरिन्छ,
- विद्यालय र कार्यक्षेत्रमा बुलिङ हुने संभावना अत्यधिक हुन्छ,
- यातायतका साधन, होस्टल, खेलमैदान छरछिमेकमा समेत बुलिङ हुने गरेको छ,
- राजनीतिक प्रतिशोध नाममा बुलिङ गरिरहेका छन्, सिस्टममा चल्दा बुलिङ हुने संभावना कम हुन्छ ।

## निश्कर्ष :

- विद्यालय संवेदनशील क्षेत्र हो । यसलाई संयमितरुपले नीतिगत, विधिगत ढङ्गले सञ्चालन गर्नुपर्छ,
- शिक्षकहरुमा मनोविज्ञानको ज्ञान हुन नितान्त आवश्यक छ,
- आधुनिक विद्यालयहरुमा मनोसामाजिक परामर्शदाताको दरकार रहेको कुरा नकार्न सकिदैन,
- विद्यालयमा अध्ययनरत किशोरावस्थाका बालबालिकाहरुमा डिप्रेसन (निराशा), एन्जाइटि (सुर्ता), तनाव, साइकोसिस (गम्भीर मानसिक समस्या) जसलाई मनोसामाजिक परामर्शले उपचार हुदैन यस्ता समस्याहरु देखा पर्दछन् तसर्थ मनोसामाजिक परामर्शदाताको आवश्यकता पर्ने गर्दछ,
- हामी शिक्षकहरु आधुनिक ज्ञानविज्ञान तथा प्रविधिमा, आधुनिक सिकाइ मान्यताहरुमा अद्यावधिक हुन जरुरी छ पुरानो ज्ञानले अबको सिकाइ प्रभावकारी हुने देखिदैन,
- राज्यले सबै विद्यालयहरुमा एकनासको पूर्वाधार, समान दरबन्दी, आधुनिक शिक्षण सामग्रीहरु, विद्यार्थीहरुलाई पोसाक, खाजा तथा आवश्यक विद्यार्थी सामग्रीहरुको ब्यवस्था गर्न'पर्छ,
- विद्यार्थीमा आर्थिक भेद देखा नपर्ने नीति सरकारले कार्यान्वयन गरेमा बुलिङ जस्ता कार्यले प्रश्रय पाउने थिएनन् र डिप्रेसन, एन्जाइटि, तनाव, साइकोसिस जस्ता मानसिक समस्याहरु न्यूनीकरण हुने थिए,
- हामी शिक्षकहरुमा सिकाइ समस्याहरुको ज्ञानको कमीले विद्यार्थीहरु दण्डित भएका छन्,
- सामान्य सिकाइले विशिष्ट सिकाइ उपलब्धि हाँसिल नहुने भएकाले हामीले सिकाइ ब्यवहार बदल्न जरुरत देखिन्छ ।

## सन्दर्भ सामग्री

१. बालबालिकासँग कस्तो ब्यवहार गर्ने ? प्रेमनारायण भुसाल, सनातन प्रेस बानेश्वर,
२. प्रज्ञा नेपाली बृहत् शब्दकोश गङ्गाप्रसाद उप्रेती प्रधान सम्पादक नेपाल प्रज्ञा प्रतिष्ठान,
३. शिक्षा मनोविज्ञान  प्रा. चिरञ्जीवी शर्मा, सह प्रा. निर्मला शर्मा एम.के. पब्लिशर्स,
४. युटुव च्यानलहरु सामाविक सञ्जाल,
५. विज्ञहरुका अन्तरवार्ताहरुका महत्वपूर्ण भनाइहरु सामजिक सञ्जाल,
६. शैक्षिक पत्रपत्रिकाहरु ।

# सिमकोट गाउँपालिकाको
# नेतृत्व र आगामि कार्यभार



**दलजित कार्की**
योजना शाखा प्रमुख
सिमकोट गाउँपालिका, हुम्ला

“संसारलाई बुझ्नु र व्याख्या गर्नु मुख्य कुरा नभइ मुख्य कुरा भनेको त संसारलाई बदल्नु हो" यो भनाई मानव इतिहासको ऐतिहासिक ब्याख्याता कार्ल माक्सको हो । मानव समाज निरपेक्ष नभई सापेक्षतामा अगाडी बढेको हुन्छ भन्ने कुरामा सायँदै बिमति नहोला र मानब जिवनको तथा सामाजिक जिवनको सारभुत लक्ष्य र गन्तव्य भनेकै ससारलाई बुझ्नु र ब्याख्या गर्नु भन्दा पनि यसलाई सापेक्षताका आधारमा परिवर्तन गरि मानव जिवनलाई सरल र सहज तुल्याउनु नै हो । आज मुलुकमा जति राजनैतिक परिवर्तन सँगसँगै यसले ल्याएका अवसर हरुको उपयोग र उपभोगलाई आम जनस्तर सम्म पुऱ्याउनको लागि मुलुको संरचनालाई तिन तहको संघात्मक ढाँचामा रुपान्तरण गरिएको छ र हामि यसलाई कार्यान्वयन गर्ने युगिन घडीमा छौ ।

भौगोलिक विकटता, पूर्वाधारको न्युनविकास, राज्यको केन्द्रीकृत मानसिकता र कमजोर सामाजिक चेतना आदि इत्यादी कारणहरु हुम्ला जिल्ला विकासको वाधक हुन भन्ने कुरामा विवाद छैन । यसका बाबजुत पनि तुलनात्मक हिसावले समग्र हुम्लाको विकास आसा लाग्दो गतिमा अगाडी बढीरहेको कुरालाई समेत हामिले भुल्न भने हुदैन । मैले यहाँ समग्र हुम्लाको सन्दर्भ नभइ जिल्लाको केन्द्र बिन्दुमा रहेको सिमकोट गाँउपालिकाको नेतृत्वको आगमी यात्रा र गन्तब्य कता र कसरी तय हुनुपर्छ भन्ने विषयमा आफ्ना धारणाहरु प्रस्तुत गर्ने कोशिस गर्नेछु । जनताको सन्निकटताको सिद्दान्तमा आधारिता स्थानीय सरकार जनताको घरदैलोको सरकार भएकाले यसले विकास,सेवा प्रवाह र सुशासनलाई जनताले प्रत्यक्ष अनुभूत गर्ने गरी आफ्ना नीति तथा रणनीति अख्तियार गर्नु पर्ने हुन्छ । भर्खर सम्पन्न स्थानीय निर्वाचन मार्फत सिमकोट गाँउपालिकामा विजय भण्डारीको नेतृत्वमा जोस जागर बोकेका र बिभिन्न क्षेत्रमा नेतृत्वदायी भुमिकामा अनुभव संगालेका युवाहरुको टिम निर्वाचित भए पस्चात आम सिमकोट गाँउपालिका निवासिमा आशाको दियो जागेको छ भने यो दियोलाई जगाई राख्नु निर्वाचित जनप्रतिनिधिहरुको प्रमुख अवसर र चुनौति हो । हुम्ला जिल्लाका अन्य छ वटा स्थानीय सरकार भन्दा तुलनात्मक रुपमा जिल्ला सदरमुकाम भएकोहुनाले यसको विकास आम चासोको विषय बन्नु अस्वभाविक हैन। आन्तरिक साधन र स्रोतमा सिमकोट गाँउपालिकामा धैरै सम्भावनाहरु रहेकाछन् जस्तैः घर जग्गा वहाल कर,मालपोत कर,व्यवसाय कर,विज्ञापन कर,घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारीसाधन कर आदि वैज्ञानिक ढङ्गवाट परिचालन गर्न सके आन्तरिक स्रोत बलियो हुन्छ र सेवा प्रवाह र बिकास क्रियाकलापहरु प्रभावकारी रुपमा अगाडी बढाउन सकिन्छ अन्यथा केन्द्र सरकार र प्रदेस सरकारको मुख ताख्नु सिवाहेक अर्को विकल्प छैन । यसका लागि यो निर्वाचित टिम अलोकप्रीय भइने डरले हैन कि निर्मम रुपमा माथिका कर संकलनमा प्रतिबद्ध रहनु पर्ने हुन्छ । त्यस्तै सिमकोट गाँउपालिकामा कार्यरत जनशक्तिलाई परम्परागत कागजी घोडा, प्रक्रियामुखि कार्यशैली र भद्दा संगठानिक संरचनाबाट रुपान्तरण गरी चुस्त सगठन, प्रविधिमैत्री, परिणाममुखि कार्यशैलीमा हिडाउन उपयुक्त पात्रलाई उपयुक्त स्थानमा राख्दै सकरात्मक सोच भएका र क्षमतावान जनशक्तिलाई पुरस्कृत र खराव आचरण भएकालाई दण्डीत गर्न सकिएन भने परीणाम हासिल हुन सक्दैन भन्ने कुरामा कुनै सन्देह छैन किनकि जनप्रतिनिधिका

नीति तथा कार्यक्रम कार्यन्व्यनको अग्रपङ्तिमा कर्मचारि तन्त्र खडाहुन्छ र यसले जनता सँग गरेको कार्यसस्कृतिले नै जनताको धारणा निर्माण गर्दछ ।

गाँउपालिकाले तय गर्ने वार्षिक नीति तथा कार्यक्रम बजेट निर्माण, कार्यन्व्यन र अनुगमनका हरेक चरणहरुमा सरोकारवाला निकायहरु, राजनीतिक दल, शिक्षक बुद्धिजीवि, नागरिक समाज, गैर सरकारी सघ सस्था, वाल कलव, युवा कलव, महिला समूह, आमा समूह, कृषक समूह, व्यावसायिक वर्ग, दलित वर्ग र अपाङ्गता भएका नागरिकहरुको अर्थपूर्ण सहभागिता गराई व्यापक छलफल र सम्वादको माध्यमबाट जनताका खास खास आवस्यकतालाइ सम्बोधन गर्ने गरी योजनाहरुको प्राथमिकिकरण गर्ने र छनौट गरी बजेट तयार पश्चात सबैको पहुँचमा पुग्नेगरी बजेट किताब प्रकाशन र प्रसारण गरी प्रादशिता र सुचनाको हकलाई प्रवदद्धन गरि सुशासन हाशिल गर्न सहयोग पुग्दछ । अर्को कुरा जनप्रतिनिधिको वरिपरि घुमेर रोटी सेक्ने समाजको एउटा वर्ग सदैव रहन्छ र त्यस्ता वर्गको चङ्गुलमा नफसि योजना वाँडफाँड,अनुदान वितरणमा भुईतहका जनतालाइ केन्द्रविन्दुमा राख्नसके समाजमा साचो अर्थमा सामाजिक न्याय र आर्थिक समानता हासिल हुन्छ । वितरण मुखि आयोजना भन्दा पुँजी निर्माणमा सहयोग पुग्ने आयोजनाहरुको छनौट गरि ब्याप्त गरिवी निवारण र रोजगारी सृजना मार्फत सामाजिक आर्थिक रुपान्तरणको गन्तब्यमा पुग्ने दिसामा सिमकोट गाँउपालिका अग्रसर हुनेछ भन्ने आम सरोकारको विषय बनेको छ । गुणस्तरीय शिक्षा, स्वास्थ्य, आधारभुत खानेपानी तथा सरसफाई, सडक सञ्जाल, विद्युतिकरण र प्रविधिकरण आजको विकासको पहिलो प्राथमिकता बनेको छ यसलाई ब्यबस्थापन गरि जनताको जीवन स्तरमा देखिने गरि परिवर्तन ल्याउनु नेतृत्वको आगामि कार्यभार हुनेछ ।

अन्तमा सिमकोट गाँउपालिकाको भविस्य सुन्दर रहेको छ यसका लागि पालिकाको नेतृत्वले अलमल नगरिकन आम सरोकारवालाको सहयोग र साथ हासिल गर्दै जनशक्ति व्यवस्थापन प्रभावकारि बनाउदै विकास,सेवा प्रवाह र सुशासनको कसिमा आफ्नो पाँच वर्षे कार्यकाल स्वीम बनाउने छ भन्ने विस्वास सर्वत्र छाएको छ ।

# निरन्तर मूल्याङ्कन पद्धति के? किन? कसरी?



**जय बहादुर बम**
सहायक प्रधानाध्यापक
श्री बालमन्दिर मा.वि., सिमकोट, हुम्ला

**निरन्तर विद्यार्थी मूल्याङ्कन– एउटा निरन्तर चलिरहने प्रक्रिया हो, यो विद्यार्थीहरूलाई उच्चतम उत्प्रेरणा प्रदान गर्ने प्रक्रिया हो, यो आफैँमा शिक्षण–सिकाइ प्रक्रिया हो र यो कुनै एउटा मूल्याङ्कनजन्य क्रियाकलाप नभएर धेरै र सम्भाव्य सबै क्रियाकलाप हरूको समायोजित तथा एकीकृत प्रक्रिया हो ।**

प्रभावकारी सिकाइका लागि विद्यार्थीले जान्नैपर्ने कुरा रहेछ 'म कतातिर र कसरी गइरहेछु ।' त्यस्तै शिक्षकले पनि विद्यार्थीको ज्ञान, सीप र अभिवृत्तिको विकास कसरी कुन दिशामा भइरहेको छ भनेर जान्नु जरुरी रहेछ । विद्यार्थीले कति जान्यो, के जान्यो र के जानेन भन्ने प्रश्नको उत्तर पुरातन मूल्याङ्कन पद्धति जस्तै आवधिक परीक्षाले पनि दिने रहेछ । तर शिक्षण र सिकाइको सीमा 'के जान्यो वा किन जानेन' भन्ने मात्र होइन रहेछ । विद्यार्थीले कस्तो अनुभव गर्दैछ, अब के गर्न सक्छ, त्यसको लागि अरू के गर्नु पर्छ, गर्न सकिन्छ र कसरी भन्ने प्रश्नहरू पनि अहं हुने रहेछन् । यी प्रश्नको उत्तर कुनै परिकार पकाउन सिकाउने 'रेसिपी' जस्तो गरी नआउने रहेछ; किनभने मान्छेले ज्ञान आर्जन गर्ने मात्र होइन; उसले त ज्ञान निर्माण पनि गर्ने रहेछ । ज्ञानको निर्माण दिमागमा हुने रहेछ; र विद्यार्थीको दिमागमा के कस्तो ज्ञान निर्माण हुँदैछ भन्ने कुरा लेखाजोखा गर्ने काम– जसलाई हामी शैक्षणिक भाषामा मूल्याङ्कन (Assessment) भन्छौँ, निरन्तर गरिरहनु पर्ने रहेछ । निरन्तर विद्यार्थी मूल्याङ्कनले प्रत्येक विद्यार्थीको फरक फरक सिकाइ क्षमता हुन्छ, फरक फरक रुचि हुन्छ, सिकाइको गति फरक-फरक हुन्छ, इच्छा, भावना र आवश्यकता फर- फरक हुन्छन् र शिक्षक चाहिँ ती कुरा हरूलाई सम्मान गर्ने, आत्मसात् गर्ने, न्याय गर्ने र समन्वय गर्ने कार्यमा निरन्तर रूपमा लागिरहनु पर्ने रहेछ । मूल्याङ्कन शब्दको शाब्दिक अर्थ मूल्य दिनु हो । शिक्षकले शिक्षण सिकाइ प्रक्रियामा विद्यार्थीको बारेमा समेटेका सम्पूर्ण अनुभव, प्राप्त गरेका सूचना र विद्यार्थी आफैँले र उसका साथीहरूले समेत प्राप्त गरेको अनुभव र सूचनाको समग्र लेखाजोखालाई मूल्याङ्कन (Assessment) भनिने रहेछ ।

## परिवर्तन प्रक्रिया र मूल्याङ्कन

मूल्याङ्कन निरन्तर हुनुपर्छ भन्ने विश्वव्यापी मान्यता स्थापित भइसकेको भए पनि हामी हाम्रो देशको शैक्षिक विकास मा अझ् बहस र अभ्यास कै चरणमा छौँ । परिवर्तन युगीन आवश्यकता हुने रहेछ । र परिवर्तनका संवाहक पनि हुने रहेछन् । शैक्षिक र शैक्षणिक परिवर्तन पनि निरन्तर चल्ने रहेछ । परिवर्तन नस्वीकार्ने अथवा आत्मसात् न गर्ने प्रवृत्ति पनि मान्छेमा हुने रहेछ । हिजोका शिक्षण विधि, प्रक्रिया मापन तथा मूल्याङ्कन साधन, बुझाइ सबै परिवर्तनशील हुने रहेछन् । व्यवहारवादले पुरस्कार र दण्डको संयोजनबाट सिकाइ हुन्छ भन्यो । संज्ञानतावादले सिकारुको दिमागमा हुने सूचनाहरूको प्रशोधनबाट सिकाइ हुन्छ भन्यो । निर्माणवादले 'ज्ञान' भनेको सक्रिय अन्तरक्रियाबाट मानिसले निर्माण गर्ने कुरा हो भन्यो । अन्तरक्रिया वातावरणसँग, व्यक्तिसँग ; पाठ्यवस्तु तथा अन्य सामग्रीसँग वा आफैँसँग गरिन्छ भनियो । आज हामी तेस्रो वाद अर्थात् निर्माणवादको युगमा छौँ । ज्ञान निर्माण जीवनपर्यन्त नरोकिने प्रक्रिया भएपछि 'के बन्यो, के बनिरहेको छ र के बन्नेवाला छ' भन्ने कुरा को लेखाजोखा नियमित रूपमा हुनुपर्ने रहेछ ।

**के हो निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति ?**

निरन्तर विद्यार्थी मूल्याङ्कन– एउटा निरन्तर चलिरहने प्रक्रिया हो, यो विद्यार्थीहरूलाई उच्चतम उत्प्रेरणा प्रदान गर्ने प्रक्रिया हो, यो आफैँमा शिक्षण–सिकाइ प्रक्रिया हो र यो कुनै एउटा मूल्याङ्कनजन्य क्रियाकलाप नभएर धेरै र सम्भाव्य सबै क्रियाकलाप हरूको समायोजित तथा एकीकृत प्रक्रिया हो ।

विद्यार्थी तथा शिक्षकहरूलाई आफ्नै दैनिक क्रियाकलाप हरूमा प्रतिबिम्वन (Reflection) गर्दै पुनः फर्किएर हेर्दा, प्रत्येक क्रियाकलाप को अभिलेखीकरण गर्दै अगाडि बढ्ने अवसर दिने मूल्याङ्कन प्रक्रिया नै निरन्तर विद्यार्थी मूल्याङ्कन हो । निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षकले कक्षाकोठामा प्रयोग गर्ने त्यो रणनीति हो जसमा नियमितता, विविधता तथा पूर्णता हुन्छ । मतलब विद्यार्थीका ज्ञान, सीप, अभिवृत्ति लगायतका सबै पक्षको मूल्याङ्कनका विविध साधनहरूको प्रयोग गरेर लेखाजोखा गरिन्छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन वर्षभरि नै चलिरहन्छ । यो नियमित शिक्षण सिकाइको अभिन्न पाटो हो । यसमा विद्यार्थीले जानेका, बुझेका वा गर्न सक्ने सम्पूर्ण कुरा हरू सम्बन्धी सूचना शिक्षकले प्राप्त गर्द छ । विद्यार्थीलाई आत्ममूल्याङ्कन गर्न दिइन्छ, नियमित पृष्ठपोषण दिने र लिने काम हुन्छ, साथै कुनै विद्यार्थीले पूरा गर्न नसकेको सिकाइ क्षेत्रमा विशेष सहयोगको अवसर दिइन्छ । फलस्वरुप, विद्यार्थीहरू सामूहिक र व्यक्तिगत दुवै किसिमका उच्चतम सिकाइ वातावरणमा सरिक हुन्छन् ऊ उच्चतम शैक्षिक उपलब्धि प्राप्त गर्द छन् । यो 'सिकाइका लागि मूल्याङ्कन' (Assessment for Learning) र 'सिकाइको रूपमा मूल्याङ्कन' (Assessment as Learning) दुवैको एकीकृत रुप हो ।

**विभिन्न अनुसन्धानले के भने ?**

निर्माणवाद (Constructivism) ले विद्यार्थीको उपलब्धि उच्च छ भनेर शिक्षकले चित्त बुझएर बस्नु हुन्न; अझ् उच्च बन्ने तथा नयाँ किसिमको सिकाइ अथवा ज्ञान निर्माणको सम्भावना देख्नुपर्छ भन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन वा निर्माणात्मक मूल्याङ्कनले पनि त्यही बाटो समात्छ । लम्वार्ट र लाइनसले मूल्याङ्कन प्रक्रिया मूल्याङ्कनको उपलब्धि जत्तिकै महत्वपूर्ण हुन्छ, यसलाई शिक्षण प्रक्रियाबाट अलग गरी हेर्न सकिँदैन भनेका छन् । हार्लेनले विद्यार्थीले के सिक्यो भन्दा पनि कसरी सिक्यो भन्ने कुरा महत्वपूर्ण हो भनेका छन् । मैले के सिकेँ वा कसरी सिकेँ भन्ने विषयको सही ज्ञान सिकारु स्वयम्लाई मात्र हुने भएको ले हार्लेनले आत्ममूल्याङ्कन अत्यावश्यक ठानेका छन् ।

विल्सन र वार्टेन्थलले 'गर वा मर'को स्थिति झल्किने एउटै मात्र अवसर, प्रगति र जाँचभन्दा निरन्तर चलिरहने र धेरै किसिमका क्रियाकलाप संलग्न भएको मूल्याङ्कन राम्रो हो भनेका छन् । उनीहरूले मूल्याङ्कनको प्रमुख उद्देश्य; सिकाइको स्तर ेन्नति हुनुपर्ने बताएका छन् । त्यस्तै म्याकमिलनले निरन्तर चलिरहने मूल्याङ्कनले विद्यार्थीलाई सिक्नको लागि बढी प्रेरित गरेको अध्ययन निचोड निकालेका छन् । क्रुकको अध्ययनले पनि कक्षामा निरन्तर गरिने मूल्याङ्कन सिकाइको लागि सहयोगी हुने कुरा पुष्टि गरेको छ । ब्लाक र विलियमले मूल्याङ्कन निरन्तर हुँदा यसको विश्वसनीयता बढ्ने, विद्यार्थीले समयमै पृष्ठपोषण पाउने साथै सिकाइ प्रक्रियामा विद्यार्थी तथा शिक्षक दुवैको गुणस्तरीय सहभागिता रहने कुरा को निष्कर्ष दिएका छन् ।

व्ल्याक र विलियमको नौ वर्ष लामो अनुसन्धानमा १६० जर्नलमा छापिएका ५८० वटा अनुसन्धानमूलक लेखको अध्ययन समेटिएको थियो । त्यो अध्ययनले निरन्तर विद्यार्थी मूल्याङ्कनको अवधारणालाई दरिलो आधार प्रदान गरेको छ । त्यो अनुसन्धानको निचोडले भन्छ– 'निर्माणात्मक मूल्याङ्कन (निरन्तर चलिरहने) ले विद्यार्थीमा सिकाइको रुचि जगाइदिन्छ, आत्मनिर्भरता बढाउँछ, तार्किक क्षमता र योजना निर्माण क्षमताको विकास गरिदिन्छ ।' शिक्षाको आधारभूत ध्येय पनि यही नै हो । यी सबै पक्षबाट हेर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन आजको समयानुकूल मूल्याङ्कन पद्धति वा मूल्याङ्कनको मूल धार रहेछ भन्ने पुष्टि हुन्छ ।

## ऐतिहासिक पृष्ठभूमि

विद्यार्थी मूल्याङ्कन निरन्तर हुनुपर्छ भन्ने कुरा ठ्याक्कै यसै दिन शुरु भयो भन्न गाह्रो नै पर्छ । गुरुकुल शिक्षा प्रणाली देखि नै विद्यार्थी मूल्याङ्कन प्रचलनमा रहेको कुरा मा एकमत हुन सकिन्छ । त्यो समयको मूल्याङ्कन विधिको अभिलेख स्पष्ट छैन तर संस्कृत शिक्षाको एउटा पाठमा पारङ्गत हुने वित्तिकै अर्कोमा जान पाउने र पढाइलाई निरन्तरता दिने कुरा देखि एकाले त्यो समयमा पनि निरन्तर मूल्याङ्कन प्रचलनमा थियो भन्न सकिन्छ ।

नेपालका शिक्षा सम्बन्धी विभिन्न ऐतिहासिक दस्तावेजहरूमा विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा उल्लेख गरिएको पाइन्छ । राष्ट्रिय शिक्षा योजना आयोग २०११, 'साधारण तवरले प्रायः प्राथमिक स्तर को पाँच वर्षको अवधिमा हरेक केटाकेटी आफ्नो मण्डलको साथमा उन्नति गर्दै जानेछ । असफल अथवा योग्यतापूर्वक काम गर्न नसक्ने बालकलाई बारम्बारको परीक्षाद्वारा तिनीहरूलाई बिग्रनु भन्दा अगाडि नै चाँडै पत्ता लगाउनुपर्छ ।

राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन २०४९ ले मूल्याङ्कनलाई पठनपाठनका साथै वर्षभरि चलिरहने एउटा नियमित सकारात्मक शैक्षिक क्रियाकलाप का रूपमा लिनुपर्ने जनाएर र प्रत्येक विद्यार्थीको प्रगति विवरण राख्ने र त्यसमा उसका सम्पूर्ण शैक्षिक र अतिरिक्त क्रियाकलाप को समेत विवरण समावेश गरिनुपर्छ भनेको छ ।'

विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९) ले आधारभूत तहको कक्षा सातसम्ममा विद्यार्थीलाई उत्तीर्ण अनुत्तीर्ण नहुने गरी चरणवद्ध रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कन विस्तारै अपनाउने कुरा निर्देश गरेको छ । नेपालमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई यसै नामबाट नीतिगतरूपमै लागू गर्ने कार्य २०५६/५७ बाट भएको हो तर विद्यालय क्षेत्र सुधार कार्यक्रम लागू भएपछि भने निरन्तर विद्यार्थी मूल्याङ्कनको देशव्यापी प्रभावकारी कार्यान्वयनको प्रक्रिया शुरु भएको छ ।

व्लुम (१९८४) का अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कनको सुरुआत निर्माणात्मक मूल्याङ्कनको अवधारणासँगै शुरु भएको हो । सन् १९९० को दशकमा अफ्रिका लगायतका विकास शील देशहरूमा प्रचारप्रसार हुँदै यस नामबाट परिचित बनेको हो । अहिले विद्यार्थी मूल्याङ्कनमा रहेका सम्पूर्ण वैकल्पिक मूल्याङ्कन प्रक्रियाहरू (जस्तै, Authentic assessment, Portfolio assessment, performance assessment) लगायत विषयहरू समेटिने हुनाले यो अझ् प्रभावकारी बन्दै गएको ठानिन्छ ।

## निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली किन ?

कार्लसन् आदिका अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कनका चार वटा मुख्य उद्देश्य रहेका छन्ः

### विद्यार्थीको प्रगति बारेमा सूचना दिने र शिक्षण एकैसाथ गर्ने

निरन्तर विद्यार्थी मूल्याङ्कन र शिक्षण सिकाइ प्रक्रिया सँगै चल्ने पद्धति हो । प्रभावकारी शिक्षण सिकाइका लागि शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कनलाई एकैसाथ सञ्चालित गरिने बालकेन्द्रित तथा बाल मैत्री शिक्षण सिकाइ क्रियाकलाप उपयुक्त हुनेमा द्विविधा पाईदैन ।

### विद्यार्थीको सिकाइलाई सहयोग गर्ने

विद्यार्थीको सिकाइलाई सहयोग गर्न नियमित पृष्ठपोषण र अतिरिक्त सहयोग गर्नु निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रमुख उद्देश्य हो ।

### शिक्षकको व्यावसायिकता अभिवृद्धि गर्ने

शिक्षण सिकाइमा 'निरन्तर विद्यार्थी मूल्याङ्कन' पद्धति अपनाइरहेको शिक्षकले आफ्नो र आफ्ना विद्यार्थीको नियमित विकास को लागि सदैव आफूलाई तयार पारिरहेको हुन्छ ।

**विद्यार्थीको सिकाइ उपलब्धिबारे जानकारी दिने**

विद्यार्थीको सिकाइ उपलब्धि सम्बन्धी सम्पूर्ण जानकारी समयमा दिन, पुरातन मूल्याङ्कन विधि भन्दा निरन्तर विद्यार्थी मूल्याङ्कन बढी प्रभावकारी हुन्छ ।

**निरन्तर विद्यार्थी मूल्याङ्कन कसरी ?**

निरन्तर विद्यार्थी मूल्याङ्कन र शिक्षण सिकाइ प्रक्रिया सँग सँगै चल्ने पद्धति हो । प्रभावकारी शिक्षण सिकाइका लागि शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कनलाई एकैसाथ सञ्चालित गरिने बालकेन्द्रित तथा बाल मैत्री शिक्षण सिकाइ क्रियाकलाप उपयुक्त हुन्छ । जस्तो प्रश्नोत्तर, छलफल, अभिनय, नाटकीय प्रस्तुति; प्रदर्शन; अवलोकन भ्रमण, कामको वास्तविक अभ्यास परियोजना कार्य, अनुसन्धान जस्ता विधिको प्रयोगद्वारा शिक्षकले विद्यार्थीको रुचि, सहभागिता, कार्यदक्षता आदि अवलोकन गर्दै आवश्यक ठाउँमा तत्काल सुधारात्मक शिक्षण र व्यक्तिगत रूपमा विद्यार्थीलाई सहयोग गरी विद्यार्थीको स्तर उकास्नु पर्ने हुन्छ ।

विद्यार्थी मूल्याङ्कनका विभिन्न साधनमध्ये अवलोकन  उद्देश्यपूर्ण छलफल र प्रश्नउत्तर विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) अध्ययन; विद्यार्थीद्वारा गरिने आत्म मूल्याङ्कन, साथीहरूबाट हुने मूल्याङ्कन; अभिभावक सम्पर्क र प्रतिक्रिया जस्ता साधनहरू महत्वपूर्ण मानिन्छन् । शिक्षकले लिखित तथा मौखिक परीक्षा लिन सक्छ तर ती परीक्षाहरू लामो र औपचारिक नभई छोटा; अनौपचारिक र तत्काल सुधारात्मक शिक्षण गर्न वा पृष्ठपोषण प्रदान गर्ने वा लिने उद्देश्यका निम्ति हुन्छन् । शिक्षकले कुनै पनि हालतमा बिर्सन नहुने कुरा चाहिँ; उसले प्रत्येक विद्यार्थीको अवलोकनबाट प्राप्त सूचना तथा अन्य सूचनाहरू नियमित रूपमा टिपोट गर्ने बानी बसाल्नु हो । विद्यार्थीको कार्यसञ्चयिका नै विद्यार्थीको प्रमुख प्रगति विवरण रहने अभिलेख हो । यस्तो अभिलेख विद्यार्थीको कक्षागत फाइल खडा गरेर वा विषयगत रूपमा पनि राख्न सकिन्छ ।

**के हो व्यक्तिगत फायल र कार्यसञ्चयिका ?**

विद्यार्थीले सिकाइका क्रममा गरेका कार्यहरूको व्यवस्थित र सिलसिलेवार सङ्कलन नै कार्यसञ्चयिका (Portfolio) हो । यसमा विद्यार्थीले हासिल गरेका उपलब्धि, व्यवहार र सिर्जनात्मक कार्यहरू झल्काउने सामग्री वा गरेका कार्यहरूको नमुना सङ्कलन गरेर राख्ने  गरिन्छ । सम्भव भएसम्म प्रत्येक विद्यार्थीका लागि बेग्लाबेग्लै कार्यसञ्चयिका तयार गरी राख्नुपर्दछ । यसमा विद्यार्थीले गरेका कार्यका नमुना, गृह कार्य, कक्षा कार्य, एकाइ वा त्रैमासिक परीक्षामा प्राप्त गरेको उपलब्धि, उत्तरपुस्तिकाका नमुना, शिक्षकले दिएको लिखित पृष्ठपोषण, विद्यार्थी आफै‘‘ले गरेको आत्ममूल्याङ्कन, कुनै सिर्जना वा रचनाको नमुना आदि सङ्कलन गरेर राखिन्छ । कार्यसञ्चयिकाले विद्यार्थीको प्रगति र उपलब्धि प्रमाणित गर्न मद्दत गर्छ ।

**के हो अवलोकन ?**

मूल्याङ्कनको सजिलो प्रक्रिया हो । अवलोकनबाट विद्यार्थीको ज्ञान, सीप, धारणा जस्ता सबै पक्षको मूल्याङ्कन गर्न सकिन्छ । आचरण, व्यवहार, विभिन्न सीप र सरसफाइ जस्ता कुरा अवलोकनबाट मात्र सम्भव छ । विद्यार्थीको अवलोकन कुनै पनि समयमा गर्न सकिन्छ । कक्षामा गरिने शिक्षण सिकाइ क्रियाकलाप मा विद्यार्थीको भूमिका अवलोकन गरेर उसको सिकाइ मूल्याङ्कन गर्न र विद्यार्थीले पहिले सिकेका कुरा र अब सिक्ने कुरा को अनुमान गर्न सकिन्छ ।

**निरन्तर विद्यार्थी मूल्याङ्कनको उपयोगिता र महत्व**

विद्यार्थीको प्रगति बारेमा शिक्षक तथा अभिभावकले जानकारी लिन महिनौं वा ६ महिना वा वर्ष दिन कुर्नुपर्ने  आवधिक परीक्षा प्रणालीका कमजोरी हटाउन निरन्तर विद्यार्थी मूल्याङ्कन अगाडि सारिने गरिन्छ । यो सन्दर्भमा निरन्तर विद्यार्थी मूल्याङ्कनको उपयोगितालाई निम्नानुसार बुझन सकिन्छः

- कमजोर विद्यार्थीको तत्काल पहिचान गरी सुधारात्मक शिक्षण गर्न
- विद्यार्थीलाई आफ्नो वैयक्तिक क्षमता अभिवृद्धि को अवसर दिन
- विद्यार्थीको प्रगतिबारे समय–समयमा अभिभावकलाई जानकारी दिन
- विद्यार्थीका व्यक्तिगत कठिनाइहरू बुझन र सोही अनुसार सहयोग गर्न
- व्यक्तिगत कार्य, समूह कार्य, परियोजना कार्य, सिर्जनात्मक कार्य आदिमा विद्यार्थीलाई प्रोत्साहन गर्न
- विद्यार्थी, शिक्षक र अभिभावक बीचमा प्रभावकारी सञ्चार स्थापना गर्न
- समालोचनात्मक चिन्तन र रचनात्मक चिन्तन सीपको विकास मा सहयोग गर्न
- मूल्याङ्कनमा विविध साधनको प्रयोगमा जोड दिन
- शैक्षणिक क्रियाकलाप मा विद्यार्थीको सहभागिता बढाउन

**निरन्तर विद्यार्थीको मूल्याङ्कनका**

चुनौती तथा समाधानका उपाय निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अपरिहार्य भाग हुँदाहुँदै पनि यसका केही चुनौती तथा समस्या पनि छन् ।गौतम (२०११) का अनुसार चुनौतीहरूमा उच्च विद्यार्थी शिक्षक अनुपात, शिक्षकहरूको बढेको कार्यभार, फितलो व्यवस्थापन, स्रोतसाधनको अभाव, तालिमको आवश्यकता; शिक्षक तथा विद्यार्थी अनुपस्थिति, दायित्व बोध तथा सुपरीवेक्षणको न्यूनता, अभिलेख राख्ने झन्झिटलो कार्य, अभिभावकको न्यून सहभागिता र चासो, परिवर्तन नकार्ने बानी, पुरानो मूल्याङ्कन प्रक्रिया र निरन्तर विद्यार्थी मूल्याङ्कनबीच समन्वय हुन नसक्नु, समय अभाव, विद्यालय राजनीतिको नकारात्मक प्रभाव आदि कुरा हरू पर्छन् । तर यी चुनौती समाधान नै गर्न नसकिने खालका भने छैनन् ।

**सफल रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोग गरिरहेका विद्यालयमा निम्न कुरा हरू भेटिन्छः**

- विद्यालयको नेतृत्व शिक्षामा परिवर्तनको वकालत गर्ने शैक्षिक नेताको हातमा रहेको ।
- स्रोतसाधन स्थानीयरूपमै जुटाइएको ।
- अभिभावक सहभागिता उच्च रहेको ।
- विद्यालयभित्र नै तालिमको व्यवस्था भएको ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन गर्न 'ऋब्क् कार्यविधि' सबैले देख्ने गरी राखिएको ।
- शिक्षक, विद्यालय, अभिभावक, विद्यार्थी सबैले निरन्तर विद्यार्थी मूल्याङ्कनको स्वामित्व लिएको । (गौतम २०११)

**निष्कर्षः**

निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीको मूल्याङ्कन गर्दा एकचोटि मात्र हेर्ने वा एउटै मात्र अवसर दिने परिपाटीको अन्त्य गरिदिन्छ । यसले गर्दा विद्यार्थीको लागि उनीहरूको क्रियाकलाप को मूल्याङ्कन 'गर वा मर' प्रकृतिको हुँदैन । अवसर पाउँछन् । यहाँ शिक्षकले पनि आफ्नो पहिलो र दोस्रो शिक्षणमा आफूले गरेको सुधारको बारेमा आत्म समीक्षा तथा प्रतिबिम्वन गर्न पाउँछ । जब शिक्षकले आफूले नियमित रूपमा कक्षाकोठामा गर्ने मूल्याङ्कनको अभिलेख राख्ने काम गर्छ र विद्यार्थीलाई दिने पृष्ठपोषण तथा आफ्नो शिक्षणमा सुधारलाई उसको शिक्षण प्रक्रियाको अभिन्न अङ्ग बनाउँछ, त्यतिबेला विद्यार्थी तथा शिक्षकले प्राप्त गर्ने फाइदाको कुनै सीमा रहन्न । बुझनै पर्ने कुरा के हो भने मूल्याङ्कनले शिक्षण तथा समग्र शैक्षिक सुधारमा सहयोग गर्छ तर यसलाई मात्रै विद्यार्थी वा विद्यालयको स्तर निर्धारणको आधारमा हेरेमा यसबाट प्राप्त हुने अन्य थप्रै फाइदा लिनबाट हामी चुक्दछौँ । निरन्तर विद्यार्थी मूल्याङ्कन यस अर्थमा पनि अपरिहार्य छ ।

## सिमकोट गाउँपालिका

# विद्यालयहरू र प्रधानाध्यापकहरूको विवरण

| क्र. सं. | विद्यालयको नाम | विद्यालयको ठेगाना | सञ्चालित कक्षा | प्र. अ. को नाम | प्र. अ. को सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| १ | श्री रलिङ्ग मा.वि. बरगाउँ | सिमकोट-३ | (१-१०) | छिमी लामा | ९८६८३०००९३ |
| २ | श्री महाकाल आ.वि. लाङ्दु | सिमकोट-३ | (१-३) | भिम कुमार राई | ९८४८३०९१५२ |
| ३ | श्री सर्किदेउ आ.वि. टुलिङ | सिमकोट-७ | (१-३) | रेखा शाही | ९८४८३१६००४ |
| ४ | श्री कैलाश मा.वि. डाँडाफया | सिमकोट-७ | (१-१०) | मेज बहादुर बुढा | ९८६४७९२३५६ |
| ५ | श्री कर्णाली मा.वि. चौगानफया | सिमकोट-७ | (१-१२) | रामराज शाही | ९८४८३४१८५७ |
| ६ | श्री दोभान आ.वि. धारापोरी | सिमकोट-७ | (१-३) | ज्ञान बहादुर शाही | ९८६४९५१७६० |
| ७ | श्री मानसरोवर मा.वि. सिमकोट | सिमकोट-६ | (६-१२) | अमरबहादुर शाही | ९८४८३०९७६८ |
| ८ | श्री सिद्धार्थ आ.वि. बुराउँसे | सिमकोट-४ | (१-८) | लालबहादुर लामा | ९८४८३२५६०५ |
| ९ | श्री जनज्योती आ.वि. स्याम्ने | सिमकोट-४ | (१-३) | कालीबहादुर शाही | ९८४८३०९३८६ |
| १० | श्री कालासिल्ता आ.वि. सिमकोट | सिमकोट-६ | (१-५) | गणेशबहादुर शाही | ९८४८३०४७०६ |
| ११ | श्री बालविकास आधारभूत हिल्दुम | सिमकोट-४ | (१-५) | जयदेवी शाही | ९८५८३२०७९३ |
| १२ | श्री बालमन्दिर मा.वि. सिमकोट | सिमकोट-५ | (१-१०) | कैलाश रोकाय | ९८४८३०९८७२ |
| १३ | श्री भिमसेन आ.वि. सिमकोट | सिमकोट-५ | (१-५) | बाँचबहादुर रावत | ९८४८३६९१६५ |
| १४ | श्री कैलाश बोधी स्कुल सिमकोट | सिमकोट-६ | (१-८) | छवाङ लामा | ९८४१२९५६४९ |
| १५ | श्री हिमाली बहिरा आवासीय आ.वि. | सिमकोट-५ | (१-५) | प्रकाश जैसी | ९८४८३०४५९० |
| १६ | श्री हिमाली मोडेल इंलिस बोर्डिङ स्कुल | सिमकोट-५ | (१-५) | जगत बुढा | ९८५८३२११०५ |
| १७ | श्री बलभद्र आ.वि. सिमकोट साँता | सिमकोट-८ | (१-५) | प्रेमकला बुढा | ९८४४८८७९९० |
| १८ | श्री कान्ति आ.वि. खोल्सी | सिमकोट-८ | (१-८) | नृप शाही | ९८४८३०९२५६ |
| १९ | श्री सैपालहिमाल मा.वि. स्याँडा | सिमकोट-८ | (१-१०) | देवबहादुर बुढा | ९८४४८३६११९ |
| २० | श्री रामदेव मा.वि. ठेहे | सिमकोट-२ | (१-१०) | टिकाराम पौडेल | ९८६८२६५५७० |
| २१ | श्री चांला हिमाल आ.वि. दोजाम | सिमकोट-१ | (१-५) | राजु लामा | ९८६८३५३८५६ |
| २२ | श्री कालासिल्ता आ.वि. कुम्लिक | सिमकोट-२ | (१-५) | रतनसिंह बोहोरा | ९८६४९७२२२४ |
| २३ | श्री पञ्चमुखी हिमाल आ.वि. ठेहे | सिमकोट-२ | (१-५) | विष्णु बोहोरा | ९८४८३३९४४२ |
| २४ | श्री सनसाइन बोर्डिङ स्कुल | सिमकोट-७ | (१-८) | प्रकाश बहादुर सिंह | ९८४८४५८४५२ |
| २५ | श्री कर्णाली एकेडेमी सिमकोट | सिमकोट-५ | (१-५) | राजबहादुर भण्डारी | ९८४८३६४४१४ |

सिमकोट गाउँपालिका

# प्रारम्भिक बाल विकासमा कार्यरत सहजकर्ताहरुको विवरण-२०७८

| क्र. सं. | सहजर्कताको नाम | प्रारम्भिक बाल विकास केन्द्रको नाम ठेगाना | मातृ विद्यालयको नाम ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | प्रतिभा बोहरा | श्री रामदेव बालविकास केन्द्र सिमकोट-२, ठेहे हुम्ला | श्री रामदेव मा. वि. सिमकोट-२, ठेहे हुम्ला | ९७४८३८९८१५ |
| २ | प्यारीलाल रोकाया | श्री मष्टा बालविकास केन्द्र सिमकोट -६, हुम्ला | श्री कालाशिल्ता आ. वि. सिमकोट-६, हुम्ला | ९८४८१३८५०९ |
| ३ | निर्मला रोकाया | श्री हिल्सा बालविकास केन्द्र सिमकोट-६, हुम्ला | श्री कालाशिल्ता आ. वि. सिमकोट-६, हुम्ला | ९७४९२९५२६९ |
| ४ | सत्यदेवी उपाध्याय | श्री पञ्चमुखी बालविकास केन्द्र सिमकोट-२, ठेहे | श्री पञ्चमुखी हिमाल आधारभूत विद्यालय | ९८४८३६४०५२ |
| ५ | चाँदनी रोकाया | श्री नव ज्योति बालविकास केन्द्र सिमकोट-५, हुम्ला | श्री बाल मन्दिर मा वि सिमकोट ५ हुम्ला | ९८६८२०९८३५ |
| ६ | किरण रावत | श्री दलित बालविकास केन्द्र सिमकोट-५, हुम्ला | श्री बाल मन्दिर मा. वि. सिमकोट-५, हुम्ला | ९८६८९५५२३७ |
| ७ | ममता सुनार | श्री बैकल्पिक बालविकास केन्द्र सिमकोट-६, हुम्ला | श्री रलिङ मा. वि. सिमकोट-३, हुम्ला | ९८६८२०९०२४ |
| ८ | कार्माइटोल लामा | श्री रलिङ बालविकास केन्द्र सिमकोट-६, हुम्ला | श्री रलिङ मा. वि. सिमकोट-३, हुम्ला | ९८६९५९३८६६ |
| ९ | रतन सिंह बोहरा | श्री कालाशिल्ता बालविकास केन्द्र सिमकोट-१ | श्री कालाशिल्ता आ.वि. सिमकोट-१, हुम्ला | ९८६४९७२२२४ |
| १० | बसन्ती शाही | श्री हिल्दुम बाल विकास केन्द्र सिमकोट हिल्दुम | श्री बाल विकास आ. वि. सिमकोट हिल्दुम हुम्ला | ९८४८३२५६१७ |
| ११ | संगिता शाही | श्री सर्किदेउ बालविकास केन्द्र सिमकोट-७, हुम्ला | श्री सर्किदेउ आ. वि. सिमकोट-७, हुम्ला | ९८४८०४३२१० |
| १२ | गिता रावत | श्री भिमसेन बालविकास केन्द्र सिमकोट-५, हुम्ला | श्री भिमसेन आ.वि. सिमकोट-५, हुम्ला | ९८५८३११९१३ |
| १३ | दर्मिला रोकाया | श्री भिमसेन बालविकास केन्द्र सिमकोट-५, हुम्ला | श्री भिमसेन आ. वि. सिमकोट-५, हुम्ला | ९८४८३८५१०४ |
| १४ | फुलमति बुढा | श्री हिमाल बालविकास केन्द्र सिमकोट-८, हुम्ला | श्री बलभद्र आ. वि. सिमकोट-८, हुम्ला | ९८६३१४३०९८ |
| १५ | प्रमिला शाही | श्री महेश्वर बालविकास केन्द्र सिमकोट-८, हुम्ला | श्री बलभद्र आ.वि. सिमकोट-८, हुम्ला | ९८४८४१९५१८ |
| १६ | सरला बुढा | श्री हिल्सा बालविकास केन्द्र सिमकोट-८, हुम्ला | श्री सैपाल मा. वि. सिमकोट-८, स्याँडा हुम्ला | ९८४८३५९९६३ |
| १७ | धान चामली बुढा | श्री थर्पुकोट बालविकास केन्द्र सिमकोट-८, हुम्ला | श्री सैपाल मा. वि. सिमकोट-८, स्याँडा हुम्ला | ० |
| १८ | रुपन्देही शाही | श्री कर्णाली बालविकास केन्द्र सिमकोट-७, हुम्ला | श्री कर्णाली मा.वि. चौगानफया सिमकोट-७ | ९८४८३२८६९८ |
| १९ | पार्वती मल्ल | श्री कर्णाली बालविकास केन्द्र सिमकोट-७, हुम्ला | श्री कर्णाली मा. वि.चौगानफया सिमकोट-७ | ९८४८०३७६१५ |

| | | | | |
|---|---|---|---|---|
| २० | प्रमिला शाही | श्री भवानी ओख्रेन बालविकास केन्द्र सिमकोट-७ | श्री कैलाश मा. वि. सिमकोट-७, डाँडाफया, हुम्ला | ९८४२७०९९१२ |
| २१ | कुसुमा शाही | श्री कैलाश बालविकास केन्द्र सिमकोट-७, हुम्ला | श्री कैलाश मा.वि. सिमकोट-७ डाँडाफया हुम्ला | ९८४२६६५८३५ |
| २२ | मोतिसिला वि क | श्री प्रारम्भिक दलित बालविकास केन्द्र सिमकोट-७, हुम्ला | श्री कैलाश मा. वि. सिमकोट-७, डाँडाफया, हुम्ला | ९८४८३३९१४५ |
| २३ | सुशिला शाही | श्री डाफे बालविकास केन्द्र सिमकोट-७, हुम्ला | श्री कैलाश मा. वि. सिमकोट-७, डाँडाफया, हुम्ला | ९८४८३११८९१ |
| २४ | पिङगला शाही | श्री बिहानी बालविकास केन्द्र सिमकोट-७, हुम्ला | श्री कैलाश मा. वि. सिमकोट-७, डाडाफया, हुम्ला | ९८४८३३९४५३ |
| २५ | बिरजन सिंह | श्री कान्ती बालविकास केन्द्र सिमकोट-८, हुम्ला | श्री कान्ती आधारभूत विद्यालय सिमकोट-८, हुम्ला | ९८४८३२६३०५ |
| २६ | रेबती शाही | श्री सिर्जन शिल बाल विकास केन्द्र सिमकोट-७, हुम्ला | श्री दोभान आ. वि. सिमकोट-७, हुम्ला | ९८६३०८८३८२ |

सिमकोट गाउँपालिका

# स्थायी, अस्थायी राहत शिक्षक विवरण

| क्र. सं. | विद्यालयको नाम | शिक्षकहरुको नाम | विषय | प्रकार | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री मानसरोवर मा. वि. | अमर बहादुर शाही | अङग्रजी | स्थायी | ९८४८३०९७६८ | |
| २ | श्री मानसरोवर मा. वि. | घनश्याम खनाल | नेपाली | स्थायी | ९८४७०८९२९५ | |
| ३ | श्री मानसरोवर मा. वि. | धन बहादुर ऐडी | गणित | स्थायी | ९८४१३८४५५४ | |
| ४ | श्री मानसरोवर मा. वि. | बलवान रावल | सामाजिक | स्थायी | ९८६०८१८००३ | |
| ५ | श्री मानसरोवर मा. वि. | राज बहादुर शाही | अङग्रजी | अस्थायी | ९८४८३०९१०९ | उमावि |
| ६ | श्री मानसरोवर मा. वि. | पाल्जोर लामा | लेखा | अस्थायी | ९८४१५६३८६४ | उमावि |
| ७ | श्री मानसरोवर मा. वि. | शिव शर्मा पौड्याल | शिक्षा | अस्थायी | ९८५५०४४९९९ | उमावि |
| ८ | श्री मानसरोवर मा. वि. | खेतीराम बुढा | सामाजिक | राहत | ९८४८३२६४५५ | |
| ९ | श्री मानसरोवर मा. वि. | हर्कराज न्यौपने | गणित | अस्थायी | ९८६००८३७४५ | उमावि अ. |
| १० | श्री मानसरोवर मा. वि. | हरिश दत्त भट्ट | विज्ञान | अस्थायी | ९८६०२५५६५८ | प्रशिक्षक कक्षा ११-१२ |
| ११ | श्री मानसरोवर मा. वि. | कालु भण्डारी | बाली विज्ञान | अस्थायी | ९८४७९६८७१४ | प्रशिक्षक कक्षा ११-१२ |
| १२ | श्री मानसरोवर मा. वि. | टीका बहादुर बुढा | विज्ञान | अस्थायी | | प्रशिक्षक कक्षा ११-१२ |
| १३ | श्री मानसरोवर मा. वि. | धनीभक्त शाही | कृषि बाली विज्ञान | अस्थायी | ९८४८८७८४९ | प्रशिक्षक कक्षा ११-१२ |
| १४ | श्री मानसरोवर मा. वि. | बिमल जंग शाही | कृषि बाली विज्ञान | अस्थायी | ९८४८४४१२२५ | प्रशिक्षक कक्षा ९-१० |
| १५ | श्री मानसरोवर मा. वि. | टंक बहादुर शाही | विज्ञान | अस्थायी | ९८४१९६९२९६ | |
| १६ | श्री मानसरोवर मा. वि. | राजन रावल | कृषि बाली विज्ञान | अस्थायी | ९८४९३८२३२२ | प्रशिक्षक कक्षा ९-१० |
| १७ | श्री मानसरोवर मा. वि. | राज बहादुर बुढा | जनसंख्या | स्थायी | ९८४८३२६२६७ | |
| १८ | श्री मानसरोवर मा. वि. | रेशमराज रोकाया | अङग्रजी | स्थायी | ९८५८०८६८८८ | |
| १९ | श्री मानसरोवर मा. वि. | चेतन फडेरा | नेपाली | स्थायी | ९८४८१६६३६४ | |
| २० | श्री मानसरोवर मा. वि. | शिवराज बोहरा | कृषि बाली विज्ञान | अस्थायी | ९८६८९८५३६४ | सह प्रशिक्षक |
| २१ | श्री मानसरोवर मा. वि. | दिपक रावत | कृषि सहायक | अस्थायी | ९८४८३८५०४५ | सह प्रशिक्षक |
| २२ | श्री मानसरोवर मा. वि. | रुप बहादुर रोकाया | विज्ञान | अस्थायी | ९८५८३२०८८५ | |
| २३ | श्री मानसरोवर मा. वि. | सुवास रावत | ल्याव व्वाई | अस्थायी | ९८४५५४७५०८ | कर्मचारी |
| २४ | श्री मानसरोवर मा. वि. | शंख कार्की | गणित | राहत | ९८४८३१७०९१ | |
| २५ | श्री रलिङ् मा. वि. | छिमी लामा | गणित | स्थायी | ९८६८३०००९३ | |
| २६ | श्री रलिङ् मा. वि. | तिलक बहादुर बोहरा | नेपाली | अस्थायी | ० | |

| क्र. सं. | विद्यालयको नाम | शिक्षकहरुको नाम | विषय | प्रकार | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|
| २७ | श्री रलिङ् मा. वि. | थिर बहादुर खत्री | एकीकृत | स्थायी | ९८४८१११९६१ | |
| २८ | श्री रलिङ् मा. वि. | फुन्जोक लामा | सामाजिक | राहत | ९७४२८०२१९२ | |
| २९ | श्री रलिङ् मा. वि. | सूर्यमणि बोहरा | नेपाली | राहत | ९८४८१०२२११ | |
| ३० | श्री रलिङ् मा. वि. | गुर्म लामा | सामाजिक | राहत | ९८४८३२५५३० | |
| ३१ | श्री रलिङ् मा. वि. | रेशम राना | अङग्रेजी | अस्थायी | ९८६४९०९५५३ | |
| ३२ | श्री रलिङ् मा. वि. | दान बहादुर भण्डारी | विज्ञान | अस्थायी | ९८६६१६४८९५ | |
| ३३ | श्री रलिङ् मा. वि. | छिरिङ पाल्देन लामा | अङग्रजी | अस्थायी | ९८४८३०९०४३ | |
| ३४ | श्री रलिङ् मा. वि. | पुष्पा थापा | एकीकृत | अस्थायी | ९८६८३४२७६६ | |
| ३५ | श्री रलिङ् मा. वि. | धन बहादुर लामा | एकीकृत | अस्थायी | ९८४८३०४७१३ | |
| ३६ | श्री रलिङ् मा. वि. | शेर बहादुर लामा | एकीकृत | अस्थायी | ९७४८३५९८६७ | |
| ३७ | श्री रलिङ् मा. वि. | प्रेम बहादुर लामा | एकीकृत | स्थायी | ९८४८३०९३११ | |
| ३८ | श्री रलिङ् मा. वि. | छिरिङपुनर लामा | एकीकृत | अस्थायी | ९८४३५८१०६९ | |
| ३९ | श्री रलिङ् मा. वि. | नोर्ला लामा | एकीकृत | राहत | ९८४८३०९३६० | |
| ४० | श्री बाल मन्दिर मा. वि. | कैलाश रोकाया | गणित | स्थायी | ९८४८३०९८७२ | |
| ४१ | श्री बाल मन्दिर मा. वि. | जय बहादुर बम | अङग्रेजी | स्थायी | ९८६८२५८८५५ | |
| ४२ | श्री बाल मन्दिर मा. वि. | डिल्ली महतारा | गणित | राहत | ९८६८३९३३०८ | |
| ४३ | श्री बाल मन्दिर मा. वि. | धनन्जय जेठारा | अङग्रेजी | राहत | ९८४८१८४५८५ | |
| ४४ | श्री बाल मन्दिर मा. वि. | हिरा रोकाया | सामाजिक | राहत | ९८४१०४०९७५ | |
| ४५ | श्री बाल मन्दिर मा. वि. | लाल बहादुर रावत | एकीकृत | स्थायी | ९८४८३०९१९९ | |
| ४६ | श्री बाल मन्दिर मा. वि. | पार्वती रावत | एकीकृत | स्थायी | ९८४८०५४९५२ | |
| ४७ | श्री बाल मन्दिर मा. वि. | मधु बस्नेत | नेपाली | स्थायी | ९८४८३४१३५९ | |
| ४८ | श्री बाल मन्दिर मा. वि. | राकेश बोहरा | एकीकृत | स्थायी | ९८६८३४२०३२ | |
| ४९ | श्री बाल मन्दिर मा. वि. | निर्मला महत | एकीकृत | स्थायी | ९८४८३०४५३३ | |
| ५० | श्री बाल मन्दिर मा. वि. | कुसुम बुढा | एकीकृत | स्थायी | ९८६८३०१९१९ | |
| ५१ | श्री बाल मन्दिर मा. वि. | कल्पना रावत | एकीकृत | स्थायी | ९८६८२०९११९ | |
| ५२ | श्री बाल मन्दिर मा. वि. | छतुम लामा | एकीकृत | स्थायी | ९८४१७४०९५९ | |
| ५३ | श्री रामदेव मा. वि. | टीकाराम पौडेल | नेपाली | स्थायी | ९८६८२६५५७० | |
| ५४ | श्री रामदेव मा. वि. | हंश भण्डारी | एकीकृत | स्थायी | ९८६८३०१९८३ | |
| ५५ | श्री रामदेव मा. वि. | वर्खे बहादुर भण्डारी | एकीकृत | स्थायी | ९८४८१८६१४४ | |
| ५६ | श्री रामदेव मा. वि. | दिपेन्द्र भण्डारी | सामाजिक | राहत | ९८४८३०४७२७ | |
| ५७ | श्री रामदेव मा. वि. | चन्द्र शेखर बोहरा | एकीकृत | स्थायी | ९८४८३४२९१४ | |
| ५८ | श्री रामदेव मा. वि. | दल भण्डारी | एकीकृत | स्थायी | ९८४२६६७७१५ | |
| ५९ | श्री रामदेव मा. वि. | बसन्त भण्डारी | एकीकृत | स्थायी | ९८६६७१७५८७ | |

| क्र. सं. | विद्यालयको नाम | शिक्षकहरुको नाम | विषय | प्रकार | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|
| ६० | श्री रामदेव मा. वि. | बिनोद भण्डारी | एकीकृत | स्थायी | ९८६६७००९६८ | |
| ६१ | श्री पञ्चमुखी आ.वि. | विष्णु बहादुर बोहरा | एकीकृत | स्थायी | ९८४८३३९४४२ | |
| ६२ | श्री पञ्चमुखी आ.वि. | लक्ष्मण बोहरा | एकीकृत | स्थायी | ९८४८३०४७४७ | |
| ६३ | श्री कालाशिल्ताआ.वि. | गणेश बहादुर शाही | एकीकृत | स्थायी | ९८४८३०४७०६ | |
| ६४ | श्री कालाशिल्ताआ.वि. | चण्डेश्वर बोहरा | एकीकृत | स्थायी | | |
| ६५ | श्री कालाशिल्ताआ.वि. | सरिता शर्मा | एकीकृत | स्थायी | | |
| ६६ | श्री कालाशिल्ताआ.वि. | शक्तिसिं रावत | एकीकृत | स्थायी | | |
| ६७ | श्री कालाशिल्ताआ.वि. | धनदेवी शाही | एकीकृत | स्थायी | | |
| ६८ | श्री कालाशिल्ताआ.वि. | धन दमाई | एकीकृत | स्थायी | | काज |
| ६९ | श्री बाल विकास आ. वि. | जयदेवी शाही | एकीकृत | स्थायी | ९८४८३०९१८० | |
| ७० | श्री बाल विकास आ. वि. | छिरिङपुनर लामा | एकीकृत | स्थायी | ९८६३१४३२४२ | |
| ७१ | श्री बाल विकास आ. वि. | शुशिला तामाङ | एकीकृत | स्थायी | ९८४४८६७५८४ | |
| ७२ | श्री बाल विकास आ. वि. | कल्पना रोकाया | एकीकृत | स्थायी | ९८४८३२८६९१ | |
| ७३ | श्री सर्किदेउ आ.वि. | रेखा शाही | एकीकृत | राहत | ९८४८३१६००४ | |
| ७४ | श्री सर्किदेउ आ.वि. | बागेश्वरी शाहा | एकीकृत | अस्थायी | ९८६६८१९८५९ | |
| ७५ | श्री भिमसेन आ.वि. | बाँच बाहदुर रावत | एकीकृत | स्थायी | ९८४८३६९१६५ | |
| ७६ | श्री भिमसेन आ.वि. | कमला लामा राई | एकीकृत | स्थायी | ९८४८३३६०८७ | |
| ७७ | श्री भिमसेन आ.वि. | हिमानी बुढा | एकीकृत | स्थायी | ९८४८३४२८२९ | |
| ७८ | श्री भिमसेन आ.वि. | छव्साङ लामा | एकीकृत | स्थायी | ९८४१६६५६१७ | |
| ७९ | श्री भिमसेन आ.वि. | पार्वती बुढाथोकी | एकीकृत | स्थायी | ९८४८३१८१८८ | |
| ८० | श्री भिमसेन आ.वि. | लक्ष्मण रावत | एकीकृत | राहत | ९८४४८३३६२४१ | |
| ८१ | श्री बलभद्र आ. वि. | प्रेमकला बुढा | एकीकृत | स्थायी | ९८४४८८७९९० | |
| ८२ | श्री बलभद्र आ. वि. | धन बहादुर महत | एकीकृत | स्थायी | ९८४८३८५९२२ | |
| ८३ | श्री बलभद्र आ. वि. | नन्द सिंह | एकीकृत | अस्थायी | ९८४८३१८३५२ | |
| ८४ | श्री सैपाल हिमाल मा.वि. | देव बहादुर बुढा | विज्ञान | स्थायी | ९८४४८३६११९ | |
| ८५ | श्री सैपाल हिमाल मा.वि. | खाम्पा फडेरा | अङग्रेजी | स्थायी | ९८४८३६९९९१ | |
| ८६ | श्री सैपाल हिमाल मा.वि. | कृष्णदेवी बुढा | सामाजिक | अस्थायी | ० | |
| ८७ | श्री सैपाल हिमाल मा.वि. | प्रेम बहादुर बुढा | एकीकृत | स्थायी | ९८६८२०९८५७ | |
| ८८ | श्री सैपाल हिमाल मा.वि. | अंग बहादुर ऐडी | एकीकृत | स्थायी | ९८४१६९११३७ | |
| ८९ | श्री सैपाल हिमाल मा.वि. | विष्णु रोकाया बुढा | एकीकृत | अस्थायी | ९८४८३१५६३८ | |
| ९० | श्री हिमाली ब. तथा बौ.आ.आ.वि. | प्रकाश जैसी | एकीकृत | राहत | ९८४४८३०४५९० | |
| ९१ | श्री सिद्धार्थ आ.वि. | लाल बहादुर लामा | अङग्रेजी | स्थायी | ९८४८३२५६०५ | |

| क्र. सं. | विद्यालयको नाम | शिक्षकहरुको नाम | विषय | प्रकार | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|
| ९२ | श्री सिद्धार्थ आ.वि. | लब फडेरा | गणित | अस्थायी | ९८६२२७६४९९ | |
| ९३ | श्री सिद्धार्थ आ.वि. | सूर्य बहादुर लामा | अङग्रेजी | राहत | ९८४८१३८५६८ | |
| ९४ | श्री सिद्धार्थ आ.वि. | ० | एकीकृत | स्थायी | ० | रिक्त |
| ९५ | श्री सिद्धार्थ आ.वि. | डम्दुल लामा | एकीकृत | स्थायी | ९८६९५४८११७ | |
| ९६ | श्री सिद्धार्थ आ.वि. | सरला पौडेल | एकीकृत | स्थायी | ९७६८९०३४४४ | |
| ९७ | श्री सिद्धार्थ आ.वि. | छिरिङ डोको लामा | एकीकृत | स्थायी | ९८४८३६४७८२ | |
| ९८ | श्री चाङला हिमाल आ.वि. | राजु लामा | एकीकृत | स्थायी | ९८६८३५३८५६ | |
| ९९ | श्री चाङला हिमाल आ.वि. | ० | एकीकृत | स्थायी | ० | रिक्त |
| १०० | श्री चाङला हिमाल आ.वि. | गोविन्द्र शाही | एकीकृत | स्थायी | ९८५८३२१०२० | |
| १०१ | श्री चाङला हिमाल आ.वि. | कर्ण बाहदुर कार्की | एकीकृत | अस्थायी | ९८६८८९०६८४ | |
| १०२ | श्री कर्णाली मा.वि . | रामराज शाही | अङग्रेजी | स्थायी | ९८४८३४१८५७ | |
| १०३ | श्री कर्णाली मा.वि . | बैजनाथ कु. यादव | विज्ञान | स्थायी | ९८४१३७८५७९ | |
| १०४ | श्री कर्णाली मा.वि . | जैमल रोकाया | सामाजिक | राहत | ९८४८३१६१०६ | |
| १०५ | श्री कर्णाली मा.वि . | सरस्वती रावल | गणित | स्थायी | ९८६८३४२८२९ | |
| १०६ | श्री कर्णाली मा.वि . | लोकराज शाही | नेपाली | स्थायी | ९८४५५६३२८२ | |
| १०७ | श्री कर्णाली मा.वि . | मान बहादुर शाही | नेपाली | स्थायी | ९८४८३०९४२१ | |
| १०८ | श्री कर्णाली मा.वि . | लोक बहादुर सिंह | एकीकृत | स्थायी | ९८४८३१६११० | |
| १०९ | श्री कर्णाली मा.वि . | मिरा शाही | एकीकृत | स्थायी | ९८४८३१८३६१ | |
| ११० | श्री कर्णाली मा.वि . | रेशम धामी | एकीकृत | स्थायी | ९८६८३४१११६ | |
| १११ | श्री कर्णाली मा.वि . | आनन्द्र ब.र सिंह | एकीकृत | स्थायी | ९८४८३२८७९३ | |
| ११२ | श्री कर्णाली मा.वि . | शुशिला शाही | एकीकृत | अस्थायी | ९८४८८३९६५६ | |
| ११३ | श्री कैलाश मा.वि. | मेज बहादुर बुढा | नेपाली | स्थायी | ९८६४७९२३५६ | |
| ११४ | श्री कैलाश मा.वि. | बल बहादुर शाही | एकीकृत | स्थायी | ९८४८३१६१७६ | |
| ११५ | श्री कैलाश मा.वि. | पूर्ण बहादुर शाही | एकीकृत | स्थायी | ९८४८३१६३७६ | |
| ११६ | श्री कैलाश मा.वि. | भैप्रकाश शाही | एकीकृत | स्थायी | ९८४८३१५५०६ | |
| ११७ | श्री कैलाश मा.वि. | छिरिङ लामा | सामाजिक | राहत | ९८४८३६४७५५ | |
| ११८ | श्री कैलाश मा.वि. | छविलाल छत्याल | विज्ञान | अस्थायी | ९८४४८४४३२८ | |
| ११९ | श्री कैलाश मा.वि. | प्रकाश रोकाया | अङग्रेजी | अस्थायी | ९८४९६३५२६३ | |
| १२० | श्री कैलाश मा.वि. | अमृता शाही | एकीकृत | अस्थायी | ९८४८३२६४५६ | |
| १२१ | श्री जनज्योती आ.वि. | काली बहादुर शाही | एकीकृत | स्थायी | ९८४८३०९३८६ | |
| १२२ | श्री जनज्योती आ.वि. | पदम बहादुर शाही | एकीकृत | स्थायी | | |
| १२३ | श्री महाकाल आ.वि. | भिम कुमार राई | एकीकृत | स्थायी | ९८४८३०९१५२ | |
| १२४ | श्री महाकाल आ.वि. | उपाल लामा | एकीकृत | स्थायी | ९८४८३०९५८७ | |

| क्र. सं. | विद्यालयको नाम | शिक्षकहरुको नाम | विषय | प्रकार | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|
| १२५ | श्री कान्ती आ.वि. | नृप बहादुर शाही | एकीकृत | स्थायी | ९८६८३४२९९१ | |
| १२६ | श्री कान्ती आ.वि. | दिल बहादुर सिंह | एकीकृत | अस्थायी | ९८४८३१६२६४ | |
| १२७ | श्री कान्ती आ.वि. | वीर बहादुर शाही | एकीकृत | अस्थायी | ९८४८३२५६६८ | |

सिमकोट गाउँपालिका

# विद्यालयमा कार्यरत विद्यालय कर्मचारी विवरण-२०७९

| क्र. सं. | विद्यालयको नाम | शिक्षकहरुको नाम | प्रकार | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री मानसरोवर मा. वि. | धर्मराज शाही | करार | ९८६०९१०३०९ | |
| २ | श्री बाल मन्दिर मा. वि. | अमरजंग रोकाया | करार | ९८६३१६४९५३ | |
| ३ | श्री रलिङ मा. वि. | रण बहादुर बोहरा | करार | ९८६८२३१७०८ | |
| ४ | श्री रामदेव मा. वि. | गोर्ख भण्डरी | करार | ९८४८३२८८२२ | |
| ५ | श्री कर्णाली मा. वि. | पदम बहादुर सिंह | करार | ९८६८२०५७४२ | |
| ६ | श्री कैलाश मा. वि. | बाँच बहादुर वि.क. | करार | ९८४८३८५१४८ | |
| ७ | श्री सैपाल हिमाल मा. वि. | शेर बहादुर बुढा | करार | ९८६४९५०९२३ | |

# गाउँपालिका अनुदान कार्यरत शिक्षक विवरण-२०७९

| क्र. सं. | विद्यालयको नाम | विद्यालय कर्मचारी नाम थर | विषय | प्रकार | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री बाल मन्दिर मा. वि. | धीरज रोकाया | गणित विज्ञान | करार | ९८६८१९७१२८ | |
| २ | श्री रलिङ मा. वि. | लेखनाथ भण्डारी | गणित विज्ञान | करार | ९८४५६९७१२७ | |
| ३ | श्री रामदेव मा. वि. | चन्द्रा लक्ष्मी मल्ल | अग्रेजी | करार | ९८४८३१६१६८ | |
| ४ | श्री रामदेव मा. वि. | ज्ञानी बोहरा | गणित विज्ञान | करार | ९८६८३९२११५ | |
| ५ | श्री रामदेव मा. वि. | ललित बहादुर सिंह | गणित विज्ञान | करार | ९८४८३८६१६९ | |
| ६ | श्री कर्णाली मा. वि. | देव बहादुर फडेरा | गणित विज्ञान | करार | ९८६८३१९५३० | |
| ७ | श्री कैलाश मा. वि. | हरि बहादुर शाही | सामाजिक | करार | ९८४८३१७१९० | |
| ८ | श्री कैलाश मा. वि. | कविराज शाही | गणित विज्ञान | करार | ९८६०६७६२६९ | |
| ९ | श्री सैपाल हिमाल मा.वि. | कैलाश ऐडी | गणित विज्ञान | करार | ९८४४८९१९०४ | |
| १० | श्री सैपाल हिमाल मा.वि. | लोक बहादुर बुढा | नेपाली | करार | ९८६४९५१५२५ | |
| ११ | श्री दोभान आ.वि. | लाल बहादुर शाही | एकीकृत | करार | ९८४८९१३३३१ | |
| १२ | श्री पञ्चमुखी आ.वि. | गंगा बोहरा | एकीकृत | करार | ९८४३६३९०५९ | |
| १३ | श्री पञ्चमुखी आ.वि. | उजिर बोहरा | एकीकृत | करार | ९८४८२४७२१६ | |
| १४ | श्री काला सिम्ता आ.वि. | रतन सिंह बोहरा | एकीकृत | करार | ९८६४५७२२२४ | |
| १५ | श्री भिमसेन आ. वि. | नन्ददेवि रोकाया | एकीकृत | करार | ९८४४८६८०९६ | |
| १६ | श्री हिमाली बहिरा आ. वि. | भरत रोकाया | एकीकृत | करार | ९८६९२२३७०६ | |
| १७ | श्री कान्ती आ. वि. | कृष्टिना शाही | अग्रेजी | करार | ९८६६९६०७५८ | |
| १८ | श्री दोभान आ.वि. | ज्ञान बहादुर शाही | एकीकृत | करार | ९८६४९५१७६० | आधार नेपाल |
| १९ | श्री हिमाली बहिरा तथा बौद्धिक आ.वि. | सूर्य प्रसाद पौडेल | एकीकृत | करार | ९८६००३२०२४ | लेखाजोखा केन्द्र |

सिमकोट गाउँपालिका

# विद्यालयहरूमा कार्यरत कार्यालय सहयोगी विवरण-२०७९

| क्र. सं. | विद्यालयको नाम | विद्यालय कर्मचारी नाम थर | प्रकार | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री मानसरोवर मा. वि. | बालकृष्ण रोकाया | करार | ९८६४७८३९३९ | |
| २ | श्री बाल मन्दिर मा. वि. | पशुपर्ति रावत | करार | ९८६८८३४१२५ | |
| ३ | श्री रलिङ मा. वि. | धनमल भण्डरी | करार | ९८४८३८८००० | |
| ४ | श्री रामदेव मा. वि. | दाने बहादुर बोहरा | करार | ९८६८९१६३७३७ | |
| ५ | श्री कर्णाली मा. वि. | राम बहादुर शाही | करार | ९८४९३५४१७८ | |
| ६ | श्री कैलाश मा. वि. | छक्कु शाही | करार | ९८४८१३९०९२ | |
| ७ | श्री सैपाल हिमाल मा. वि. | गोपी रोकाया | करार | ९८४२६६५५३६ | |
| ८ | श्री पञ्चमुखी हिमाल आ.वि. | जस बहादुर बोहरा | करार | ९७४२९६३६२८ | |
| ९ | श्री बाल विकास आ.वि. | रेखा शाही | करार | ९८४२७०६३६६ | |
| १० | श्री कालाशिल्ता आ.वि. | शोमा पछाई क्षेत्री | करार | ० | |
| ११ | श्री भिमसेन आ.वि. | जगत रोकाया | करार | ० | |
| १२ | श्री हिमाली बहिरा आ.वि. | तारा रोकाया | करार | ९८४२६६७३८४ | |
| १३ | श्री सिद्धार्थ आ.वि. | धनविर कामी | करार | ९८४८३०९०२० | |
| १४ | श्री जनज्योती आ.वि. | शारदा महत | करार | ९८४८३६४१८५ | |
| १५ | श्री रलिङ मा. वि. | ताक्ला छिरिङ लामा | करार | ९८४८३०१६४७ | |
| १६ | श्री  महाकाल आ.वि. | अंग बहादुर लामा | करार | ९८४८३३९६८६ | |
| १७ | श्री सर्किदेउ आ.वि. | अजय बहादुर शाही | करार | ९८४८०३०९२३ | |
| १८ | श्री बलभद्र आ.वि. | रण बहादुर भक्री | करार | ९७४२८२२८१७ | |
| १९ | श्री दोभान आ.वि. | गंगामाया शाही | करार | ९८४८३३९७२८ | |
| २० | श्री काला सिम्ता आ.वि.कुम्लिक | अविराज हमाल | करार | ९८४२७०५८५० | |
| २१ | श्री चाङला हिमाल आ.वि. | चक्र लामा | करार | ९८४८३६९२०७ | |
| २२ | श्री कान्ती  आ.वि. | मान बहादुर शाही | करार | ० | |
| २३ | श्री चाङला हिमाल आ.वि. | छांगरिन्जीन लामा | करार | ० | |

## सिमकोट गाउँपालिका

# सामुदायिक सिकाइ केन्द्रहरूको विवरण-२०७९

| क्र. सं. | सामुदायिक सिकाइ केन्द्रको नाम र ठेगाना | सहजकर्ताको नाम थर | सम्पर्क नम्बर | अध्यक्षको नाम थर | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| १ | ठेर्ह सामुदायिक सिकाइ केन्द्र सिमकोट गा.पा.- २ | धनकी बोहरा | ९८६०६८४९४२ | जङ्ग बोहरा | ९८४८३१५६१५ |
| २ | सिमकोट सामुदायिक सिकाइ केन्द्र सिमकोट गा.पा.- ४ | जुनदेवी कुमारी सिंह | ९८६८३९३१३१ | गोर रावत | ९८६८३११००७ |
| ३ | डाँडाफया सामुदायिक सिकाइ केन्द्र सिमकोट गा.पा.- ७ | भारती शाही | ९८४८३१३३०४ | अजय शाही | ९८४८३१८०५६ |
| ४ | स्याँडा सामुदायिक सिकाइ केन्द्र सिमकोट गा.पा.- ८ | देविसरा बुढा | ९८४८१०१८४१ | मनसुर बुढा | |

# सिमकोट गाउँपालिकाको शैक्षिक अवस्था

## (क) शैक्षिक विवरण

| क्र. सं. | सामुदायिक विद्यालय तर्फ | | | | संस्थागत विद्यालय तर्फ | |
|---|---|---|---|---|---|---|
| | विद्यालय | विद्यार्थी | शिक्षक दरबन्दी | विद्यालय कर्मचारी | विद्यालय | विद्यार्थी |
| १ | बालविकास केन्द्रः २६ वटा | ६४७ जना | २६ | नभएको | ० | ० |
| २ | प्राथमिक तहः १२ वटा | १६०३ जना | ७२ | १४ वटा | १ | २०० जना |
| ३ | आधारभूत तह (कक्षा १-८) :२ वटा | ८३५ जना | २६ | २ वटा | ३ | २५० जना |
| ४ | माध्यमिक तह (कक्षा १-१०) : ५ वटा | ५९८ जना | १२ | ५ | ० | ० |
| ५ | माध्यमिक तह (कक्षा १-१२) : २ वटा | ४६२ जना | ४ | २ + ७ | ० | ० |
| | जम्मा २१ वटा | ४१४५ जना | १४० | ३० | ४ | ४५० जना |

## (ख) शिक्षक दरबन्दी विवरण

| प्राथमिक तह | | | निम्न माध्यमिक तह | | | माध्यमिक तह (९-१०) | | | माध्यमिक तह (११-१२) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दरबन्दी | राहत | जम्मा | दरबन्दी | राहत | जम्मा | दरबन्दी | राहत | जम्मा | दरबन्दी | अनुदान | जम्मा |
| ६७ | ५ | ७२ | २१ | ५ | २६ | ६ | ६ | १२ | ३ | १ | ४ |

## (ग) शैक्षिक सूचकहरूको अवस्था

- पूर्व प्राथमिकको सहजै देखिने भर्नादरः८९.५ प्रतिशत
- कक्षा १ मा बाल विकासको अनुभव सहित भर्ना हुने दरः ७१ प्रतिशत
- प्राथमिक तहको खुद भर्नादरः ९९ प्रतिशत
- आधारभूत तहको खुद भर्नादरः ९६.५ प्रतिशत
- माध्यमिक तहको खुद भर्नादरः६६ प्रतिशत
- कक्षा ८ सम्मको टिकाउ दरः७६
- कक्षा १० सम्मको टिकाउदरः४७ प्रतिशत
- प्राथमिक तहको कक्षा छाड्नेदरः५ प्रतिशत
- आधारभूत तहको कक्षा छाड्नेदरः ९६.५ प्रतिशत
- माध्यमिक तहको कक्षा छाड्ने दरः७ प्रतिशत
- माध्यमिक तहको कक्षा छाड्ने दरः १० प्रतिशत

# सिमकोट गाउँपालिकाको शैक्षिक गन्तव्य

सिमकोट गाउँपालिकालाई विकसित,सभ्य र समृद्ध बनाउने एउटा मात्र प्रमुख आधार शिक्षा हो । यस गाउँपालिका भित्रका विद्यालयहरुलाई निश्चित मापदण्डमा सञ्चालन गरेर विद्यालयहरुमा न्यूनतम् सक्षमताको अवस्था सुनिश्चत गर्दै प्रत्येक विद्यालयलाई शैक्षिक गुणस्तरको केन्द्रका रुपमा विकास गर्न वाञ्छनीय देखिन्छ । यसका लागि विद्यालयमा न्यूनतम् शैक्षिक भौतिक पूर्वाधारको जरुरी प्रबन्ध गर्न शिक्षामा स्थानीय सरकारको विशेष लगानी हुन् पर्दछ ।
खासगरी एउटा विद्यालयमा न्यूनतम् रुपमा भौतिक र शैक्षिक दृष्टिले के के कुराहरु हुनु पर्दछ ? एउटा विद्यालय प्रभावकारी रुपमा सञ्चालनका लागि के कस्ता सुविधाहरु विद्यालयमा रहनु पर्दछ ? आदि कुराहरुको निर्धारण हुनु पर्दछ । प्रत्येक विद्यालयहरुमा कम्तिमा निम्न अनुसारका शैक्षिक भौतिक पूर्वाधारहरुको विकास गरी विद्यालयलाई भौतिक रुपमा रमणीय,शैक्षिक रुपमा गुणस्तरीय र मनौवैज्ञानिक रुपमा बालमैत्री बनाउन वाञ्छनीय देखिन्छ ।

- **जग्गा तथा खेलमैदानः** प्रत्येक आधारभूत विद्यालयमा कम्तिमा ५ रोपनी जग्गा रहनु पर्दछ । साधारण माध्यमिक विद्यालयमा कम्तिमा १० रोपनी र व्यावसायिक माध्यमिक विद्यालयमा कम्तिमा १५ रोपनी जग्गा हुनै पर्दछ । त्यति जग्गा नभएमा विद्यालय भवन, खेलमैदान लगायतका पूर्वाधारका लागि आवश्यक पूर्वाधारको व्यवस्थापन हुन् सक्दैन ।

- **विद्यालय भवन र कक्षाकोठाः** प्रत्येक प्राथमिक विद्यालयमा न्यूनतम् ७ वटा आधारभूत विद्यालयमा न्यूनतम् १२ कोठा र माध्यमिक विद्यालयमा न्यूनतम् १८ वटा कक्षाकोठा हुनु पर्दछ । साथै कक्षाकोठा कम्तिमा ९ फिट उचाइका र ३५ देखि ४५ वर्ग मिटर क्षेत्रफल भएका पर्याप्त प्रकाश भएका र दोहोरो हावा प्रवेश गर्ने खालका हुनु पर्दछ । तव मात्र पूर्व प्राथमिक कक्षा, पुस्तकालय, प्रयोगशाला, सूचना प्रविधि ल्याव लगायतका लागि आवश्यक स्थानको व्यवस्थापन हुन सक्दछ ।

- **शौचालय तथा किशोरी कक्षः** प्रत्येक विद्यालयमा विद्यार्थीको अनुपातमा छात्रछात्राहरुका लागि छुट्टै शौचालयको प्रबन्ध हुनु पर्दछ । ६ कक्षा भन्दा माथि चलेका प्रत्येक विद्यालयमा कम्तिमा एउटा किशोरी कक्षको व्यवस्था हुनु पर्दछ ।

- **पिउने पानीको व्यवस्थाः** प्रत्येक विद्यालयमा विद्यार्थीको अनुपातमा सफा र स्वच्छ पिउने पानीको व्यवस्था गरिएको हुनु पर्दछ ।

- **अपाङ्ग मैत्री विद्यालय संरचनाको व्यवस्थाः** विद्यालयको हाता कक्षा कोठा,शौचालय, पुस्तकालय, प्रयोगशाला र सूचना प्रविधि ल्यावको व्यवस्था गरिनु पर्दछ ।

- **पुस्तकालय,प्रयोगशाला, सूचना प्रविधि ल्यावको व्यवस्थाः** प्रत्येक विद्यालयमा तहगत रुपमा निश्चित पुस्तकहरु भएको पुस्तकालय, तीनवटै विज्ञानका लागि छुट्टाछुट्टै सामग्री भएको विज्ञान प्रयोगशाला र सूचना प्रविधि ल्यावको व्यवस्था गरिनु पर्दछ ।

- **ग्रिन,क्लिन र पिस स्कुलः** प्रत्येक विद्यालयमा बगैचाको निर्माण गरी उक्त बगैचाको उचित सम्भारको व्यवस्था गरिनु पर्दछ । प्रत्येक विद्यालयको कम्तिमा २० प्रतिशत क्षेत्रफलमा बोटबिरुवा तथा फूल रोपी हरियाली कायम गरिनु पर्दछ ।

- **निरन्तर विद्यार्थी मूल्याङनः** निरन्तर विद्यार्थी मूल्याङनको अवलम्वनले विद्यालय सञ्चालनको अवस्थामा बदलाव ल्याउँछ । यसको अभ्यासले विद्यालयको सञ्चालन, शिक्षकको शिक्षण र विद्यार्थीको सिकाइमा फरकपन ल्याउँछ । त्यसैले प्रत्येक विद्यालयले निरन्तर विद्यार्थी मूल्याङनको अवलम्बन गर्नु पर्दछ ।

- **विद्यालय सुधार योजना, शिक्षण सिकाइ योजनाका निर्माण र कार्यान्वयनः** प्रत्येक विद्यालयका प्रधानाध्यपकले विद्यालय सुधार योजना, प्रत्येक विद्यालयका शिक्षकले शिक्षण सुधार योजना र प्रत्येक अभिभावक र विद्यार्थीले सिकाइ सुधार योजना निर्माण गरी कार्यान्वयन गर्नु पर्दछ ।
- **विद्यालय व्यवस्थापन समितिको सक्रियताः** विद्यालयको सञ्चालन,व्यवस्थापन र रेखदेखका लागि गठित विद्यालय व्यवस्थापन समितिले कार्यविवरण अनुसारका काम विरलै गरेको देखिन्छ । जसको कारण विद्यालयको प्रधानाध्यापकको धेरै समय विद्यालयका लागि आवश्यक स्रोत साधनको जोहो गर्न मै जाने गरेको देखिन्छ । यी सबै काम गरेर प्रधानाध्यापकलाई विद्यालयको प्राज्ञिक नेतृत्व पूर्ण रुपमा गर्न सघाउन विद्यालय व्यवस्थापन समितिको भूमिका केन्द्रित गर्नु पर्ने देखिन्छ ।
- **प्राविधिक तथा व्यवसायिक शिक्षाको प्रबन्धः** दक्ष र योग्य मानव संसाधनको विकासका लागि प्राविधिक र व्यवसायिक शिक्षा अपरिहार्य भइसक्यो । अझै पनि यस शिक्षाको व्यवस्थापनमा तदारुकता नदेखाउने विद्यार्थी र अभिभावकको नजरमा पर्ने देखिदैन । त्यसैले प्रायःविद्यालयले अब प्राविधिक र व्यावसायिक शिक्षाको प्रबन्ध गर्न विलम्व गर्नु हुँदैन ।
- **अंग्रेजी माध्यममा पठनपाठनः** विद्यार्थी र अभिभावकहरु अंग्रेजी शिक्षाको मोहबाट मुक्त नभएसम्म विद्यालयहरुले उक्त मोह पूरा गराउन अघि सर्नै पर्दछ । नसर्नै हो भने विद्यार्थी र अभिभावक विकर्षण हुने संभावना बढ्दैछ । प्रत्येक विद्यालयले उक्त अपेक्षाको सम्बोधन गर्न नेपाली माध्यका साथ साथै अंग्रेजी माध्यममा पठनपाठनलाई अघि बढाउनु पर्दछ ।
- **विद्यालयमा दिवा खाजाको व्यवस्थापनः** विद्यार्थीको दिवाखाजाको व्यवस्थापन गर्नका लागि विद्यालयमा क्यान्टिन सञ्चालन अपरिहार्य देखिन्छ । जङ्कफुडबाट विद्यार्थी र विद्यालयलाई मुक्त गर्न पनि यो अपरिहार्य बनेर गएको छ ।
